२०८१, असोज

https://gorkhapatraonline.com/yuba-manch

मूल्य रू. २५

युवामञ्च

रैथाने ज्ञान

लामो समयदेखि समुदायमा प्रचलित सामूहिक ज्ञान, सिप, अभ्यास र सांस्कृतिक अभिव्यक्ति नै परम्परागत ज्ञान हुन् । जुन मूलतः मौखिक परम्परामा आधारित हुन्छ ।

दिव्य पर्व विजयादशमी

पितृलाई बाटो बनाउने माझी

क्यान्सर फोबिया



मिस नेपाल वर्ल्ड आश्मा

बिहानको चियासँगै
गोरखापत्र र THE RISING NEPAL
तपाईंको शहरमा






लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा	बिहान ६:३० बजे
विदुर र धादिङबेशी	बिहान ६:०० बजे
नारायणगढ, भरतपुर	बिहान ५:३० बजे
हेटौंडा	बिहान ४:३० बजे
पथलैया	बिहान ५:०० बजे
चन्द्रनिगाहपुर	बिहान ५:३० बजे
वीरगञ्ज	बिहान ६:०० बजे
बारा, कलैया र निजगढ	बिहान ६:१५ बजे
गौर	बिहान ६:३० बजे
मलंगवा र लालबन्दी	बिहान ७:०० बजे
बर्दिबास	बिहान ७:४५ बजे





पहिलो राष्ट्रिय दैनिक

मासिक प्रकाशनहरू मधुपर्क युवामञ्च मुना

टोल फ्रि नं. १६६०-०१-९४४४४

मुद्रक : गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ ।

वर्ष ३७, अङ्क ४, २०८१ साल असोज

September-October 2024

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र









५१ पितृलाई बाटो बनाउने माझी

४४ **लोकसाहित्यले सुम्पिएको रैथाने ज्ञान**

लोककथा, लोकगाथा, आहान, गाउँखाने कथा, लोकपद्य, लोकनाटक (घाँटु, सोरठी बालुन आदि), उखान-टुक्का, लोकगीत, मिथक, मन्त्रलगायत मौखिक अभिव्यक्तिका तमाम रुप समाविष्ट हुन्छन् ।

५५ **हसिनाको पलायन युनुसको आगमन**

पहिले एक कार्यकाल र पछि लगातार चार कार्यकाल गरी पाँचौं कार्यकालमा एकलौटी सत्ता चलाउँदा अनेक खालका बेथितिलाई लिएर उनीविरुद्ध जनआक्रोश चुलियो ।

६६ **क्यान्सर फोबिया**

समग्रमा क्यान्सर अस्पताल धाउने करिब २० प्रतिशत मानिस फोबियाकै हुन्छन् । क्यान्सर निको नै नहुने रोग हो जस्तो समाजमा व्याप्त नकारात्मक सोचाइ हामीले त्याग्नु पर्छ ।

७० **'रहस्यमय चाहना'**

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

प्रुफरिडिङ अधिकृत
देवबहादुर कुँवर

वितरण विभाग
बबिता कार्की

उत्पादन विभाग
ओम भुसाल

व्यापार
गङ्गबहादुर पन्थी

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौँडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

डिजिटल उपवास

अचम्मको जकड्याइ छ, असमञ्जसको स्थिति पनि। जुन सन्दर्भमा लेखिँदैछ त्यसैको माखेसाङ्लोमा फसिएको छ। यसबाट उम्किन साह्रै गाह्रो छ तर असम्भव छैन। उहिले कागजमा लेखेर दिइन्थ्यो, त्यसपछि टाइपराइटरमा टङ्कण गरियो। अचेल ती उहिलेका कुरा भइसके। डिजिटल लेखनको जमाना छ र यसका स्रोत डेस्कटप कम्प्युटर, ल्यापटप, मोबाइल फोन वा राइटिङ प्याड हुन सक्छन्। यो टेक्स्टसमेत तीमध्ये कुनै एकमा तयार पारिँदै छ र पक्कै पनि कतिपय पाठकले कुनै डिजिटल डिभाइसमै यो पढ्ने छन्। भन्नु पर्दा डिजिटल संसारको चक्रव्युहमा हामी परेका छौँ। डिजिटल डिभाइसमाथिको निर्भरता, आशक्ति सक्दो घटाउन मन्त्रणा गरिरहँदा आफैँ डिजिटल डिभाइसमा आश्रित रहनुपर्ने यो कस्तो अवस्था! बयान गरिसक्नु छैन। न त भाग्न सकिन्छ, न त यसैमा निर्भर रहेर शारीरिक, मानसिक स्वास्थ्य दुरुस्त तथा पारिवारिक र सामाजिक सम्बन्ध सुमधुर राख्न सकिएको छ। आफ्नै कारणले सिर्जित समस्या विकराल छ तर यस असमञ्जसलाई चिर्न सकिन्छ र उपाय हो- डिजिटल फास्टिङ (उपवास)। अझ सूक्ष्म रूपमा कुरा गर्दा हामी यसलाई डोपामाइन उपवास भन्न सक्छौँ।

मोबाइल फोन, ल्यापटप वा अन्य डिजिटल उपकरणले हामी घेरिएका छौँ। यीबिना दिनको कुरा त होइन मिनेट नै नचल्ने जस्तो भइसक्यो। यस कारण केही दिनलाई यस्ता वस्तुबाट पूर्णतया टाढा रहनु नै डिजिटल उपवास हो। अझ डिजिटल उपवासमा बस्दा कोलाहल, रङ्गिचङ्गी उज्यालो, सङ्गीत सबैबाट अलग रहन सक्नु पर्छ। सुरुमा मन व्याकुल होला तर नतिजामा असीम आनन्द मिल्दछ। सोझो अर्थमा निराहार बसेर गरिने उपवासकै अर्को स्वरूपमा यसलाई बुझ्न सकिन्छ। जसरी खानपिन छाडेर उपवास बस्दा स्वास्थ्यलाभ मिल्ने सर्वसिद्ध छ त्यसरी नै डिजिटल उपवासले मानसिक र शारीरिक लाभ मिल्ने प्रस्ट छ। मानिसहरू शरीरका लागि खानपिन छाडेर उपवास बस्न सक्छन् भने मस्तिष्कलाई शान्ति दिन डिजिटल संसारबाट केही समय पृथक् बस्न पनि सक्नु पर्छ। आजैदेखि अभ्यास गर्नुस्, चाँडै दिव्य अनुभूति मिल्ने छ।

भविष्योन्मुख क्षेत्रमा स्वास्थ्यलाभ प्राप्तिको नौलो पहलका रूपमा अपनाउन लागिएको यस उपवास विधिलाई विश्वको डिजिटल संसारका ठूला कम्पनी र तिनमा काम गर्नेले अभ्यासमा ल्याउन थालेको धेरै समय भएको छैन। भर्खर यो प्रचलनमा आएको छ। पूर्वीय दर्शनमा यस खालको उपवासका बारेमा शास्त्रहरूमा उल्लेख छ र सीमित अभ्याससमेत गरिन्छ। यसको उदाहरणमा हामी विपश्यनालाई दिन सक्छौँ।

डिजिटल संसारसँग सम्बन्ध रहेका सबैखाले उपकरण तथा तीसम्बन्धी खबर र साथीभाइबाट समेत पृथक् रहेर डिजिटल उपवास गर्नु पर्दछ। यसो गर्दा शरीरमा हुने मूलभूत प्रतिक्रिया हो दिमागमा डोपामाइन रसायनको सक्रियतामा आउने हेरफेर। यसै कारण यसलाई डोपामाइन उपवाससमेत भन्ने गरिएको छ। प्रश्न उठ्छ डोपामाइन उपवास प्राचीन औषधोपचार पद्धतिको नयाँ ब्रान्ड हो वा यस मान्यतालाई बल दिने कुनै विज्ञान त्यसमा निहित छ ? यो प्राचीन पद्धति हो र यसमा विज्ञान पनि छ।

डोपामाइन भनेको एउटा न्युरोट्रान्समिटर हो। यसलाई दिमागको रासायनिक सूचना प्रेषकका रूपमा बुझिन्छ। यसलाई आनन्ददायक रसायन पनि भनिन्छ। डिजटल संसारका अनेक खालका उपकरण, तिनमा हाम्रो व्यस्तता र विभिन्न खालका सूचना र कृत्रिम प्रकाशले मस्तिष्कमा एकाएक डोपामाइन वृद्धि भएर व्यक्ति बढी उत्तेजित र व्यग्र हुन्छ। अर्थात् डोपामाइन बढाउने क्रियाकलापले मन अशान्त पार्छ। यसको सुखानूभूतिका अगाडि पारिवारिक, सामाजिक जीवनका सबै नाता सम्बन्धको सुख शान्ति गौण झैँ छ।

यसर्थ हामीले बुझ्नु पर्छ उपवास भनेको फल दिने लगानी हो। सबैजना डिजिटल उपवासप्रति तत्काल विश्वस्त हुन नसक्लान् तर यस उपवासबाट मनोदीपक नियन्त्रणमा आउँछ र डिजिटल संसारबाट केही समयलाई मानिस वास्तविक सुखमय संसारमा फर्कन्छ। ■

खोजमूलक सामग्रीको अपेक्षा

युवामञ्च नियमित पढ्ने गर्छु। यसमा समेटिएका सामग्री राम्रै लाग्छन्। युवामञ्चमा विशेषगरी युवावर्गको जीवनयापनसँगै सफलताको गाथा पनि समेट्न पाएको भए राम्रो हुन्थ्यो। समाजमा भए गरेका रचनात्मक तथा सिर्जनात्मक कामलाई पनि युवामञ्चमा समेट्न आवश्यक छ।

शहरबजारभन्दा पनि नेपालको दुर्गम क्षेत्रमा बसेर देशको सेवा गरिरहेका युवाको विषयमा खोजमूलक 'स्टोरी' युवामञ्चमा अटाएको देखिँदैन। वैदेशिक रोजगार तथा उच्च अध्ययनका सिलसिलामा विदेशमा क्रियाशील तथा सङ्घर्ष गरिरहेका युवाका कथा समेट्न सकेको भए राम्रो हुन्थ्यो। यसर्थ खोजमूलक सामग्रीलाई युवामञ्चले प्राथमिकता दिनु पर्‍यो।

विन्दु बोहोरा
फुटुङ–७, तारकेश्वर नपा, काठमाडौँ



पत्रिका पाइएन

रुपन्देहीको बुटवलमा युवामञ्चको प्रिन्टेड कपी प्राप्त गर्न सकिएन। किन यसो भएको होला ?

बुटवल जस्तो ठूलो र सुगम शहरमा युवामञ्च उपलब्ध नहुनु वास्तवमा सोचनीय छ। युवामञ्चमा गोरखापत्रको सम्पर्क कार्यालय बुटवलमा रहेको उल्लेख गरिएको छ तर के सम्पर्क कार्यालय मात्र राखेर हुन्छ, पत्रिका पठाउनु पर्दैन ?

सन्तोष
बुटवल, रुपन्देही

धेरै बिक्री भएर हो ?

म युवामञ्चको नियमित पाठक हुँ। प्रत्येक महिनाको युवामञ्च नजिकको पत्रिका पसलबाट किनेर पढ्ने गरेको छु। ती पसले दाइले कहिलेकाहीँ युवामञ्च राख्दैनन्। कहिले बिक्री भइसक्यो छैन त कहिले युवामञ्च ल्याउन पाएको छैन भन्नुहुन्छ।

उहाँकोमा युवामञ्च नपाएपछि अर्को पसलमा जाँदा झनै पाइँदैन। बजारका पुस्तक पसलमा युवामञ्च नपाउनुको मुख्य कारण के होला ? पत्रिका त सबै पत्रिका पसलमा सहजै रूपमा उपलब्ध हुनुपर्ने होइन र ? कि धेरै बिक्री हुने भएर बजारमा चाँडै सकिने हो ? युवाको लोकप्रिय पत्रिका सबै पत्रिका पसलमा बिक्रीका लागि राख्दा कसो होला।


राजन सुनुवार
लुभु, ललितपुर

युवालाई अवसर मिलोस्

हालै बङ्गलादेशमा विद्यार्थीले गरेको विद्रोहको समाचार पढ्दै गर्दा नेपालमा पनि त्यस्तै विद्रोहको सम्भावनाका विषयमा चर्चा हुन थालेको सुनिन्छ तर अर्काको देशमा जे भयो त्यो नै यहाँ हुनुपर्छ भन्ने छैन। शासनप्रति असन्तुष्टि व्यक्त गर्ने र प्रश्न उठाउन सकिएला तर त्यसको पनि शान्ति र लोकतान्त्रिक शैली हुन्छ।

कुनै बेला लोकतन्त्रका लागि जेल जीवन बिताएकाहरूले मात्र राजनीति गर्नुपर्छ र उनीहरूले सत्ता चलाउनु पर्छ भन्ने मान्यता हाबी थियो तर समय फेरिएको छ, युवाका मूल्य–मान्यता र आवश्यकता तथा क्षमता फरक भएको छ। युवाले समेत शासन प्रणालीमा आफ्नो प्रत्यक्ष भूमिका खोज्न थालेको देखिन्छ। यस कारण राज्यका हरेक निकायमा युवाको नेतृत्वदायी भूमिका बढाउनु पर्छ।

राजाराम क्षेत्री
विराटनगर, मोरङ



हिन्दुहरुको महान् पर्व **विजयादशमी** को उपलक्ष्यमा हाम्रा पाठक, विज्ञापनदाता तथा शुभचिन्तकहरुमा **हार्दिक मङ्गलमय** शुभकामना ।

युवामञ्च परिवार

तथ्य मिलेन

म युवामञ्चको नियमित पाठक हुँ। मेरो घरमा युवामञ्च पढ्ने म दोस्रो पुस्ता हो। साउनको युवामञ्चमा ओलम्पिकसँग सम्बन्धित रोचक तथ्यहरू पढ्ने मौका मिल्यो तर पहिलो ओलम्पिक गाउँ शीर्षकमा छापिएको एउटा तथ्य नमिलेको पाएँ। हारोल्ड अब्राहम्सले एक सय मिटरको दौड जिते र यसै वर्ष च्यारियट अफ फायर चलचित्रमा उनले ओस्कार पुरस्कार जिते भनी लेखिएको तथ्य मिल्दैन। किनकि उनले एक सय मिटरको दौड जितेको सन् १९२४ मा हो भने चलचित्र आएको सन् १९८१ मा थियो।

कसम घिमिरे
भरतपुर– २१ पहारीलोटार, चितवन

त्रुटि सच्याउनुभएकोमा धन्यवाद।

सं

कमसल कागज

भदौ अङ्क समयमा नै पढ्ने अवसर मिल्यो। विगतमा भन्दा युवामञ्चले धेरै उपयोगी र ज्ञानवर्द्धक सामग्री प्रस्तुत गर्दै आएकोमा युवामञ्चका सम्पादक महोदयलाई धन्यवाद दिन चाहान्छु। आगामी अङ्कमा युवालाई उपयोगी सामग्रीका साथै युवा प्रेरित सामग्री आउने आशा राखेको छु। युवामञ्चमा प्रकाशित सामग्री पठनयोग्य भए पनि कमसल कागज र मसीका कारण युवामञ्च स्तरीय नहुनुमा जिम्मेवार पक्कै पाठक त हैनन् होला। अन्त्यमा युवामञ्चको नियमित पाठक भएको नाताले युवामञ्चको उत्तरोत्तर प्रगतिको कामना गर्दै विजयादशमीको शुभकामना व्यक्त गर्दछु।

कृष्ण श्रेष्ठ
छेपेटार, गोर्खा

उबली

चन्द्रमा कसरी बन्यो ?

नेचर जियोसाइन्स जर्नलमा प्रकाशित एक अनुसन्धानले भने चन्द्रमाको उत्पत्ति सम्बन्धमा व्यापक मान्य परिकल्पनामाथि प्रश्न उठायो । त्यसले भन्यो, चन्द्रमाको बनोट लगभग पृथ्वी समान रहेको छ तथा त्यस संरचनाको निर्माणमा अर्को ग्रहको योगदान निकै कम छ वा छँदै छैन ।



सर्वमान्य परिकल्पनाका रूपमा परिचित चन्द्रमाको उत्पत्तिसम्बन्धी सिद्धान्तले भनेको छ, जब पृथ्वी आफ्नो आधा जति आकारको एउटा ग्रह (लगभग मङ्गल ग्रह जतिको) सँग करिब साढे चार अर्ब वर्षपहिले ठोक्कियो अनि चन्द्रमा बन्यो । प्राचीन ग्रिसका पौराणिक कथामा उल्लेख गरिएकी चन्द्रदेवीलाई जन्म दिने देवीको नामबाट वैज्ञानिकले त्यस काल्पनिक ग्रहको नाम थिया राखेका छन् ।

त्यस भयङ्कर टक्करपछि दुवै खगोलीय पिण्डबाट उछिट्टिएका टुक्रा वा अवशेष पृथ्वीको कक्षमा आकर्षित भए । त्यतिबेला आज हामीले थाहा पाएको भन्दा यो बेग्लै थियो, आंशिक पग्लेको एक चट्टानी गोलाका रूपमा । अन्ततः ती सबै अवशेष चिसिँदै र आपसमा मिसिँदै गएर चन्द्रमाको जन्म भयो ।



सन् १९७० को दशकको मध्यमा प्रतिपादित यस सिद्धान्तको तात्पर्य के छ भने पृथ्वी र थिया दुवै पिण्डको मिश्रणबाट चन्द्रमा बनेको छ । नेचर जियोसाइन्स जर्नलमा प्रकाशित एक अनुसन्धानले भने चन्द्रमाको उत्पत्ति सम्बन्धमा व्यापक मान्य परिकल्पनामाथि प्रश्न उठायो । त्यसले भन्यो, चन्द्रमाको बनोट लगभग पृथ्वी समान रहेको छ तथा त्यस संरचनाको निर्माणमा



अर्को ग्रहको योगदान निकै कम छ वा छँदै छैन।

चार्ल्स डार्बिनका छोरा तथा एक खगोलशास्त्री र भौतिकशास्त्री जर्जले सन् १८०० को अन्त्यतिर चन्द्रमा उत्पत्ति सम्बन्धमा सर्वप्रथम विखण्डनको सिद्धान्त प्रस्ताव गरेका थिए। उनको परिकल्पना अनुसार सौर्य प्रणालीको आरम्भिक समयमा फनफन्ती घुमिरहेको पृथ्वीबाट एक भाग अन्तरिक्षमा उछिट्टियो र पछि त्यही पृथ्वी चन्द्रमा बन्यो। भूगर्भशास्त्री ओस्मन्ड फिसरले जहाँको भाग उछिट्टिएर चन्द्रमाको उत्पत्ति भयो त्यही स्थानमा प्रशान्त महासागर रहेको भनेर जर्जको अवधारणालाई बल पुऱ्याए। इस्वी संवत्को २० औँ शताब्दीमा आएर मात्र चन्द्रमा उत्पत्तिसम्बन्धी जर्जको विखण्डन अवधारणा कमजोर परेको थियो। यसको कारण के थियो भने जुन बलले चन्द्रमा आकारको भाग पृथ्वीबाट अन्तरिक्षमा हुत्यायो त्यसले त पृथ्वी नै नष्ट गर्न सक्थ्यो। अपोलो अभियानका बखत सङ्कलन गरिएको चन्द्रमाको चट्टानी नमुनाले कुनै बेला चन्द्रमा पृथ्वीभन्दा पनि तातो रहेको सङ्केत गर्नुले विखण्डन अवधारणा सही नभएको स्पष्ट भयो।

चन्द्रमाको उत्पत्ति सम्बन्धमा 'क्याप्चर थ्योरी' पनि छ। यस सिद्धान्तले भन्छ, सौर्यमण्डलमा अन्यत्रै कहीँ चन्द्रमा उत्पन्न भयो र कुनै समय पृथ्वीनजिक आयो। पृथ्वीको गुरुत्वाकर्षण शक्तिले चन्द्रमालाई समात्यो (क्याप्चर) र आफ्नो कक्षमा स्थापित गरिदियो। वैज्ञानिकहरू के पनि विश्वास गर्छन् भने चन्द्रमाभन्दा ठूलो पिण्ड पृथ्वी वरिपरिको शक्तिसँग जुधेर छियाछिया भएको वा हुत्तिएर पर गएको हुन सक्छ तर यस्तो परिस्थिति निर्माण भएको सम्भावना कमै देखिन्छ।

अर्को सिद्धान्त 'कन्डेन्सेसन' ले पृथ्वी र चन्द्रमा एकैसाथ उत्पत्ति भएको परिकल्पना गरेको छ। सम्पूर्ण सौर्य प्रणाली सिर्जना गरेको मूल 'नेबुला' भित्र पदार्थको बादलमा पृथ्वी र चन्द्रमा साथसाथै बनेको मान्यता यस परिकल्पनाको छ। करिब १३ अर्ब वर्षपहिले 'बिग ब्याङ' भएको लगत्तै पृथ्वी र चन्द्रमा बन्ने



सन् १९७५ मा सोभियत सङ्घको गुप्तचर संस्थाले बोरिस योफ्किनलाई अमेरिकाको सान फ्रान्सिस्को पठायो। त्यहाँ उनीले सुरुमा एक आमन्त्रित अध्येताका रुपमा काम गरे र त्यसपछि एक समाचार रिपोर्टर बने। यी काम गर्दा उनले विद्यार्थीको गतिविधिमा गुप्त नजर राख्दथे।

अमेरिकालाई शत्रुका रुपमा चिनाइएको र शिक्षित बनाइएको भए पनि बोरिसले अमेरिकालाई घर जस्तै महसुस गर्न थाले र विस्तारै आफ्नो देशको नीतिप्रति उनको असन्तुष्टि प्रकट हुन थाल्यो। सन् १९७८ सम्म बोरिसले क्यालिफोर्नियामा आफ्ना गुप्तचर सहकर्मी र सोभियत गुप्तचर संस्था केजिबीको गतिविधिका बारेमा अमेरिकी संस्था एफबिआईलाई जानकारी दिन थालिसकेका थिए। बोरिसको गोपनीयता कैयौं पटक खुल्ने अवस्था पनि आयो। एक पटक बोरिसले संवेदनशील कागजातको तस्बिर खिच्न प्रयोग गर्ने गोप्य क्यामरायुक्त लाइटर सोभियत कन्सुलेटका एक कर्मचारीले बाल्ने कोसिस गरेका थिए। जसोतसो त्यसको भेद खुलेन। सन् १९८६ मा बोरिसको दोहोरो गुप्तचरी भूमिकाको भेद त्यतिबेला खुल्यो जब केजिबीका लागि काम गरिरहेका सिआइएका एल्ड्रिच उम्सले उनलाई चिने। त्यसपछि सोभियत अधिकारीहरुले बोरिसलाई पक्राउ गरे र छ वर्ष साइबेरियाको जेलमा हालेका थिए। ▪

-युवामञ्च

प्रक्रिया सुरु भएको थियो। यदि 'कन्डेन्सेसन' ले पृथ्वी र चन्द्रमा सिर्जना भएको हो भने गुरुत्वाकर्षण बलले दुवै पिण्डलाई आपसमा समाहित गरिदिनुपर्ने वा यिनीहरूमा केही साझा आधारभूत संरचना हुनुपर्ने हो, विशेषज्ञहरू अहिले यही सोचिरहेका छन्।

सन् २०२३ को अगस्टमा प्रकाशित एक अनुसन्धानले चन्द्रमाको निकै आरम्भिक इतिहासको अनुमान लगाउनमा ठूलो सफलता पायो। कुरा के हो भने चन्द्रमाको नितान्त बेग्लै दुई भाग। चन्द्रमाको एक भाग होचो र समतल छ भने अर्को भाग धेरै उच्च र पहाडैपहाडले बनेको छ। अनुसन्धानपत्रले भनेको छ, सुरुका दिनमा एक सानो अर्को चन्द्रमाले पनि पृथ्वीको परिक्रमा गर्दथ्यो। पछि यो सानो चन्द्रमा ठूलो चन्द्रमामा बजारियो। जसले गर्दा चन्द्रमाको ठोक्किएको भाग खुरदुरो र पहाडी बन्यो। यसअघि वैज्ञानिकले सोचेका



थिए गुरुत्वाकर्षण बलका कारणले गर्दा चन्द्रमाको दुरुस्त भाग पहाडी भएको होला। चन्द्रमाको उत्पत्ति सम्बन्धमा अनेक सिद्धान्त प्रचलनमा रहेका छन् र यस सम्बन्धमा थप खोज जारी छ। साथै पृथ्वीको गुरुत्वाकर्षण बलका कारण चन्द्रमा विस्तारै पृथ्वीनजिक आइरहेको समेत वैज्ञानिकले पत्ता लगाएका छन्। ■

-युवामञ्च

टाउकोबिना बाँचेको कुखुरा



अचम्म लाग्न सक्छ, होइन पनि भनिएला तर सत्य नै हो । एक पटक अमेरिकामा एउटा कुखुरा टाउकोबिना १८ महिना जीवित रहेको थियो । सन् १९४० को दशकमा अमेरिकामा यस्तो घटना भयो । 'माइक दी चिकेन' नाम दिइएको कुखुरा टाउकोबिना पनि लामो समय बाँच्यो । टाउको नहुँदा पनि कुखुरा बाँच्नुको मुख्य कारण थियो उसको 'जग्यलर' रक्तवाहिनी र दिमागको अधिकांश भाग अछुतो रहनु । 'जग्यलर' रक्तवाहिनी भनेको तीन जोडी धमनी हो जो टाउकोबाट सोझै छातीसम्म आउँछ । यसलाई रक्तसञ्चार प्रणालीको महत्वपूर्ण हिस्सा मानिन्छ । यसबाट के कुरा स्पष्ट भयो भने जीवित रहनका लागि दिमागको सबै भाग आवश्यक छैन । ■

-युवामञ्च

अलमलमै पहरी

ललितपुर र काभ्रे जिल्लामा मुख्य थातथलो भएका पहरी जाति सीमान्तकृत जातिका रूपमा सूचीकृत छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सूचीकृत ५८ जातिमध्ये पहरी पनि एक हो। यो जातिको मूल उत्पत्ति थलो दैलेख भनिए पनि यसमा मतैक्य पाइन्न।

ललितपुरको गोदावरी नगरपालिका-४, बडीखेलमा पहरी जातिको घना बसोबास रहेको छ। यहीँबाटै काभ्रे, सिन्धुपाल्चोक, भक्तपुर, दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, सर्लाहीलगायत जिल्लामा पहरी फैलिएको पाइन्छ। खासगरी महाभारत पर्वत शृङ्खला आसपास उदयपुर, ओखलढुङ्गा, धादिङ, इलाम, कास्कीसम्म यिनीहरूको बसोबास रहेको छ। दैलेख जिल्लामा समेत पहरी हुनुले मूल थलो त्यतै त होइन भन्ने प्रश्न बलियो ढङ्गले उब्जाउँछ। तराईका रौतहट, बारा, पर्सा, झापा, मोरङ, सर्लाहीलगायत ४१ भन्दा बढी जिल्लामा पहरीको बसोबास रहेको तथ्याङ्क भेटिन्छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार पहरीको जनसङ्ख्या १५ हजार १५ रहेको छ।

काभ्रेको पलाञ्चोक भगवती मन्दिरको हेरचाह, सुरक्षा, पूजापाठ, गुठी, जात्रा सञ्चालन कार्य पहरी जातिले गर्दै आएको छ। लिच्छविकालमा राजा मानदेवकै पालामा पहरी जाति पलाञ्चोक लगिएको भनाइ छ। काभ्रे र सिन्धुपाल्चोकको सिमानास्थित सिमथली गाउँमा पहरी जातिको थुमे राज्य थियो भनिन्छ। त्यहाँ बसोबास गर्ने पहरीले गोल्मे राजा र गोल्मे रानीको पूजाआजा अहिले पनि गर्दै आएका छन्।

पहरी जातिको बेग्लै भाषा, परम्परा, संस्कृति, सांस्कृतिक मान्यता, ज्ञान र सिप छ। पहरीले आफ्नो भाषालाई 'पिही भ्या' भन्छन्। नेवारी भाषा, संस्कृतिसँग बडीखेलका पहरीको भाषा-संस्कृति केही मिल्दोजुल्दो रहेको पाइन्छ। यो जातिको बेग्लै लिपि नभएका कारण लिखित इतिहास केही पाउन सकिन्न।

को हुन् पहरी ?

पहरी बेग्लै जाति हुन् या नेवार समुदायभित्रको एक थरी हो ? यो विषय बेलाबखत बहस चल्दै आएको छ। पहरीलाई नेवार समुदायभित्रैको एक थरीका रूपमा लिने गरेको पनि पाइन्छ। तथापि अहिलेसम्म भएका अध्ययनले पहरीलाई बेग्लै जातिका रूपमा स्पष्ट पारेको छ। भाषाविज्ञ प्राडा ओमकारेश्वर श्रेष्ठ भाषाका हिसाबले अध्ययन गर्दा नेवारसँग पहरी जातिको धेरै निकटता रहेको बताउँछन्।

दोलखामा बोलिने नेपालभाषा, टिस्टुङ पालुङतिर बलामी र गोपालीले बोल्ने भाषा र पहरी जातिले बोल्ने भाषामा धेरै समानता पाइने धारणा उनको छ।



■ दीपक श्रेष्ठ

बागमती प्रदेशका १३ जिल्लामध्ये आठ जिल्लामा छरिएर बसेका पहरी पिछडिएको, उपेक्षित, उत्पीडनमा परेको अल्पसङ्ख्यक जातिमा पर्दछ। पहरी जातिले बाँसका सामग्री बनाउने, माछा मार्ने र शिकार खेल्ने कार्यमा सिप र ज्ञान लिएरै बसेको पाइन्छ।

प्राडा श्रेष्ठले सन् २०१० मा विद्यावारिधि शोधकार्यका रूपमा सिन्धुपाल्चोकको जामुने र ललितपुरका बडीखेल, लेले, डुकुछाप, लुकुण्डोलमा बसोबास गर्ने पहरी भाषाको अध्ययन गरेका थिए। त्यस समय ११० गाउँ विकास समितिमा छरिएर पहरी रहेका थिए।

प्राडा श्रेष्ठका अनुसार पहरी बेग्लै जाति हो भन्ने विषय यतिबेला बढी राजनीतिक विषय बनेको छ तर अब त्यसलाई अस्वीकार गर्ने अवस्था पनि छैन। पहरी जातिले हामी बेग्लै भाषा, संस्कृति, संस्कार, ज्ञान र सिप भएको अलग जाति भनेपछि अन्यले जबरजस्ती गर्न नमिल्ने धारणा उनको छ। त्यसपछि प्रतिष्ठानले बेग्लै जातिमा सूचीकृत गरिसकेको छ।

ललितपुर लेलेका पहरीले आफूलाई नेवार भन्छन्। उनीहरूले भाषा, संस्कृति, बिहेवारी सबै नेवारसँग चलाएका छन्। डुकुछाप र लुकुण्डोलका पहरीले पनि नेवार नै भन्छन्। तथापि उनीहरू सामाजिक, आर्थिक र भौगोलिक विविधताका कारणले शहरमा बस्ने नेवारभन्दा केही फरक देखिएका हुन्।

राजधानीमा नेवार समुदायको जात्रा, पर्व, चाडमा प्रयोग हुने बाँसका जति पनि सामग्री छन् ती सबै पहरीले उपलब्ध गराइने चलन थियो। हरेक हिसाबले नेवारसँग निकट रहेका पहरी जातिलाई समेट्न नसक्नु नेवार समुदायको कमजोरी रहेको समेत प्राडा श्रेष्ठको धारणा छ।

बागमती प्रदेशका १३ जिल्लामध्ये आठ जिल्लामा छरिएर बसेका पहरी पिछडिएको, उपेक्षित, उत्पीडनमा परेको अल्पसङ्ख्यक जातिमा पर्दछ। पहरी जातिले बाँसका सामग्री बनाउने, माछा मार्ने र शिकार खेल्ने कार्यमा सिप र ज्ञान लिएरै बसेको पाइन्छ। तथापि पहरीले ठिक थर नलेख्नाले यकिन तथ्याङ्क नआएको धारणा नेपाल पहरी विकास सङ्घका अध्यक्ष मुकुन्दबहादुर पहरीको छ। कतिपय नगरकोटी थरी पहिला पहरी नै थिए। तीनपुस्तेमा पहरी नै भेटिन्छ। उनका अनुसार भक्तपुर र ललितपुरका कतिपय नगरकोटीको तीनपुस्ते विवरण हेर्दा पहिला पहरी थर पाइन्छ।

ब्रिएन जे. स्मितले सन् २०२२ मा गरेको पहरी जातिको समाजशास्त्रीय अध्ययन प्रतिवेदनले समेत पहरीले बोल्ने भाषालाई नेवारीभन्दा पूर्ण रूपले अलग मानेको छ।

पश्चिमका पहरी

बागमती प्रदेशमा छरिएर रहेका पहरी जाति आदिवासी जनजातिमा सूचीकृत छ। तथापि कर्णाली र सुदूरपश्चिम प्रदेशका पहरी दलित समुदायका रूपमा छन्।



संविधान सभा (पहिलो) मा शेरबहादुर पहरी (मकवानपुर) आदिवासी जनजातिको सूचीबाट सदस्य भएका थिए। दोस्रो संविधान सभामा धना पहरी (जाजरकोट) दलित कोटामा सदस्य बनिन्।

सङ्घका अध्यक्ष पहरीका अनुसार भारतको हिमाञ्चल क्षेत्रमा पहरी धेरै छन्। कर्णाली र सुदूरपश्चिम क्षेत्र दैलेख, कालीकोट, कन्चनपुर, जाजरकोटलगायत जिल्लाका दलितमा पहरी थरी छन्।

पहरीभित्र चार खाल

पहरी जातिमा पेशा र वासस्थानका हिसाबले चार भागमा वर्गीकरण गरिएको पाइन्छ। राजपहरी (राजदरबारमा सिपाही पहरेदारका रूपमा काम गर्ने), सुनपहरी (मन्दिरमा पूजापर्व, जात्रा चलाउने), पाखापहरी (कृषि, पशुपालन, खेतीपाती र बाँसको काम गर्ने) र खोलापहरी (खोलानालामा माछा मार्ने, शिकार गर्ने) गरी चार खाले पहरीमा थुप्रै थरी छन्। पहरी जातिमा राजवंशी, नौकोती, केरुङ्गे, दुदेल, बन्दने, गोल्पाते, मासगेडी, शुक्रपती, दोरङ्गे, राजगोल, सेन्दान, मुल्थोके, भुसेल, पेन्जा, कालिकोते, पत्थरवंशी, मादरथोकी, मान्द्रे, कालिन्चोके, देउवंशी, तोकान्छी, करजङ, गर्जे, कुखुरेझाँक्री, सिन्धुर, बैदार, गोक्कुङ, कोर्खाली, पुर्बेली थर रहेका छन्।



आफ्नै भाषा, संस्कृति, परम्परा, रीतिरिवाज, खानपान, सिप, ज्ञान, संस्कार रहेको पहरीका २०/२२ थर पहिचान भएका छन्। काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, दोलखा क्षेत्रमा फैलिएका अल्पसङ्ख्यक पहरी त्यहीँका जातिसँग घुलमिल भई आफ्नो भाषा र संस्कृति बिर्सँदै गएको पाइन्छ। ललितपुरको बडीखेल (कोड्कु) क्षेत्रका पहरी व्यापार र बसाइका कारण नेवार समुदायसँग नजिक भएकाले भाषा, रहनसहन र संस्कृतिका हिसाबले नेवारसँग निकट भएको धारणा अध्यक्ष पहरीको छ।

प्राडा श्रेष्ठका अनुसार पहरी जातिको मूलप्रवाह बडीखेलमा छ। यहाँ पहरीका तीन खाल देखिन्छ। राजपहरी, पाखापहरी र खोलापहरी बडीखेलमा छन्। कुल पूजामा राजपहरीले हाँसको अण्डा चढाउँछन्। पाखापहरी र खोलापहरीले कुखुराको अण्डा चढाउने गरेका छन्।

बाँसमै आस

पहरी जाति परिश्रमी र मेहनतको सोझो गर्ने खालका हुन्छन्। मुख्य रूपमा कृषिमा निर्भर यो जाति परम्परागत बुन्ने सिप र ज्ञानका स्रोतका रूपमा रहेका छन्। ललितपुर बडीखेलका पहरीको अहिले पनि बारीपाखामा बाँसघारी देख्न सकिन्छ। बाँसको टुक्रा बनाएर पानीमा ढड्याउन सानातिना पोखरी पहरी बस्तीमा देखिन्छ। उनीहरूसँग डोको, डालो, डाली, सोली, नाङ्ला, मान्द्रा, चाल्ना, छपनी जस्ता बाँसबाट बनाइने घरायसी उपयोग र सजावटका सामग्री बनाउने सिपालु सिप र परम्परागत ज्ञान छ।

ललितपुरको बडीखेलमा बस्ने हुन् या सर्लाही, मकवानपुर पुग्ने हुन् या काभ्रे, सिन्धुपाल्चोक, दोलखाका किन नहुन् उनीहरूमा बाँसका सामग्री बनाउने सिप ज्ञान छ। उनीहरूमा शिकार खेल्ने, माछा मार्ने जस्ता पुस्तैनी ज्ञान र सिपसमेत देखिन्छ।

नेपाल पहरी विकास सङ्घका अध्यक्ष मुकुन्दबहादुर पहरीका अनुसार आदिवासीको परम्परागत सिप र ज्ञान पहरी जातिमा छ। बसाइ, व्यापारका कारण नेवारसँग काठमाडौँका पहरी जोडिए। अल्पसङ्ख्यक भएकाले जहाँ बसेको छ त्यहाँको भाषा, संस्कृतिसँग घुलमिल हुँदै जाँदा पहरीले आफ्नो पहिचान गुमाए र अन्यबाट प्रभावित भए।

बेहुलाबेहुलीलाई भालेको भोग

पहरी जातिमा विवाहको बेग्लै संस्कार छ। परम्परागत विवाहलाई पहिलो प्राथमिकता दिने पहरी जातिले जातिगत संस्कार अनुसार मागी विवाह गर्ने चलन छ। मागी विवाहका लागि केटीको घरमा कसैमार्फत प्रस्ताव पठाउने गरिन्छ। सो प्रस्ताव स्वीकार भएपछि केटा पक्षबाट केटी माग्न जाने चलन छ। केटी माग्न जाँदा सुपारी, सुनको औँठी र पचास रुपियाँ लैजाने गरिन्छ। त्यो लगिएको सामान केटाले केटीको हातमा राखिदिने गर्दछ। त्यसपछि केटीले दुबोको माला केटालाई लगाइदिने चलन छ। त्यही समय बिहेको मिति तय गरिन्छ।

पहरी जातिमा विवाहको जग्गे बनाउने चलन छैन। विवाहको दिन बेहुलीको घरमा जन्तीसहित पुगेपछि केटाको हातमा केटीले काँचो धागो बाँधिदिन्छिन्। त्यसमाथि केटीका बाबुले कुखुराको भाले काटी दुवैको हातमा पर्ने गरी रगत चुहाइदिने गरिन्छ। यस कार्यलाई पहरी जातिले कन्यादानको विधि मान्दछन्। त्यसपछि बेहुलाले बेहुलीको सिउँदोमा सात पटक सिन्दूर राखिदिन्छ।

विधवा विवाहलाई त्यति मान्यता नदिने यो जातिमा जारी विवाहलाई स्वीकार गरेको पाइन्छ।

पहरी जातिमा मृत्यु संस्कारका लागि सामूहिक गुठी स्थापना गरिएको हुन्छ। कुनै पनि घरमा मृत्यु परेमा गुठीमा खबर पठाइन्छ। गुठीले नै सबै व्यवस्था मिलाउँछ। पहरी जातिमा शव जलाउने गरिन्छ। शव जलाउँदा उडेको धुवाँ मृतकको घरबाट देखिनु पर्छ भन्ने मान्यता पहरी जातिमा रहेकाले डाँडामा लगेर अन्त्येष्टि गर्ने चलन छ। मलामी घर फर्केपछि चिउरा खुवाउने गरिन्छ। पहरी जातिमा १३ दिन किरिया बार्ने चलन छ। ■

स्वेज सङ्कट

परमाणु हमला गर्ने खुस्चेभको धम्की




बेलायती, फ्रान्सेली र इजरायली सैनिकहरू इजिप्टबाट फिर्ता नभएमा पश्चिम युरोपमा परमाणु हतियार प्रयोग गर्ने धम्की सोभियत सङ्घका नेता निकिता खुस्चेभले दिँदा सन् १९५६ को स्वेज नहरको सङ्कट परमाणु युद्धको दिशामा बढ्ने जोखिम उत्पन्न भएको थियो । सोभियत सङ्घका समर्थक इजिप्टका राष्ट्रपति गमाल अब्देल नासेरले सन् १९५६ मा बेलायतबाट खोसेर स्वेज नहरको राष्ट्रियकरण गर्दा इजिप्टमा बेलायतको प्रभाव बिछिन्न भयो र स्वेज सङ्कट विश्वसामु आइलाग्यो । त्यसपछि सन् १९५६ अक्टोबर २९ मा इजरायलले इजिप्टमाथि आक्रमण सुरु गऱ्यो । अनि दुई दिनपछि बेलायत र फ्रान्सको सैन्यबल पनि इजिप्टमाथि जाइलाग्यो । नोभेम्बरमा खुस्चेभले आफ्नो धम्की विश्वलाई सुनाए तथा अमेरिकाका राष्ट्रपति ड्वेट डी आइजनहावरले प्रतिवाद गर्दै खुस्चेभलाई यस मामिलामा दखल नगर्न सचेत पार्दै युद्ध नरोके बेलायत, फ्रान्स र इजरायललाई आर्थिक नाकाबन्दी लगाउने धम्कीसमेत दिए । बेलायत र फ्रान्सले अन्ततः सैन्य बल फिर्ता गरे ।

स्वेज नहर विश्वमा समुद्री पारवहनको एक निकै महत्त्वपूर्ण मार्ग थियो । युरोपमा एक तिहाइ जैव इन्धन यही नहर भएर लैजाने गरिन्थ्यो । यस कारण यस नहरलाई अत्यन्त संवेदनशील मानिएको थियो । इजिप्टले एकाएक स्वेज नहर राष्ट्रियकरण गर्दा बेलायत, फ्रान्स र इजरायल क्षुब्ध भए । इजिप्टलाई जवाफ दिन इजरायलले अक्टोबर २९ मा हमला सुरु गरेपछि स्वेज सङ्कट उत्कर्षमा पुगेको थियो ।

सन १९५६ को जुलाईमा राष्ट्रपति नासेरले स्वेज नहर राष्ट्रियकरण गर्दा सुरु भएको महासङ्कटमा अमेरिकाको हस्तक्षेपले बेलायती, फ्रान्सेली र इजरायली सैनिक इजिप्टबाट फिर्ता भए तथा एक प्रकारले इजिप्टको जित जस्तै भयो । यस घटनाले गर्दा बेलायत, फ्रान्स र इजरायलको सम्बन्ध अमेरिकासँग चिसियो पनि । भलै बेलायत, फ्रान्स र इजरायलका सैनिक इजिप्टबाट फिर्ता भएका हुन्, आपसी मनमुटावको क्रम लामै समय रहिरह्यो ।

बेलायत र फ्रान्सका लागि स्वेज नहर विगतको साम्राज्यवाद प्रतिष्ठाको प्रतीक त थियो नै यो मध्यपूर्व र पर्सियाली खाडीको जीवनरेखा पनि थियो । अर्कोतिर अरब–इजरायल द्वन्द्व सल्किरहन्थ्यो । सन् १९४८ मा स्वतन्त्रता युद्धमा इजरायलको जितपछि इजिप्टले सेनाईबाट इजरायलमा हमलाका लागि प्यालेस्टिनी आतङ्कवादीलाई प्रायोजित गरेको थियो । जुन हमलाको जवाफ इजरायलले तत्कालै दियो । इजरायल के कुरामा विश्वस्त थियो भने इजिप्टसँग अर्को युद्ध अवश्यम्भावी छ तथा उनीहरू तिरान जलडमरुमध्यमा इजिप्टको नाकाबन्दी हटाउन चाहन्थे । त्यस नाकाबन्दीले गर्दा इजरायलका पानीजहाज





अफ्रिका र एसियासँग व्यापार गर्न लालसागरबाट बाहिर जान पाइरहेका थिएनन् । यी सबै पृठभूमिमा रहेर बेलायत, फ्रान्स र इजरायलले संयुक्त रूपमा इजिप्टमा आक्रमण गर्ने योजना बुनेका हुन् ।

फ्रान्सेली कूटनीतिज्ञ फर्डिनान्ड डी लेसेप्सको निगरानीमा स्वेज नहर इजिप्टमा निर्माण गरिएको थियो । यस नहरलाई बेलायती र फ्रान्सेली सङ्गठनले संयुक्त रूपमा सञ्चालन गरिरहेका थिए । मानव निर्मित जलमार्ग स्वेज नहर १० वर्ष लगाएर तयार पारिएको थियो र सन् १८६९ मा यसको उद्घाटन गरियो । यस नहरले इजिप्टको अधिकांश भूभागलाई सेनाई प्रायःद्वीपबाट छुट्याउँछ ।

करिब १९२ किलोमिटर लामो स्वेज नहरले रेड सी हुँदै भूमध्यसागरलाई हिन्दमहासागरसँग जोड्छ। यस नहर हुँदै युरोप र एसियाबीच सोझै मालवस्तु समुद्री मार्गबाट ओसारपसार हुने गर्दछ। अन्तर्राष्ट्रिय वाणिज्य व्यापारमा यसको महत्त्वले गर्दा इजिप्टसँग उसका छिमेकीको मनमुटावको यो एक जल्दोबल्दो स्रोत बन्न गयो। साथै शीतयुद्धका महारथीबीच प्रभुत्वका लागि होडबाजीसमेत यसैमा भयो।

दोस्रो विश्वयुद्ध समाप्त भइसकेको थियो। दुई वर्षपहिले इजिप्टका सैनिकले स्वेज नहरमा औपनिवेशिक कालदेखिको आफ्नो सैन्य उपस्थिति हटाउन बेलायतलाई दबाब दिन थालिसकेको थियो। सन् १९३६ मा एङ्ग्लो–इजिप्ट सन्धि अन्तर्गत बेलायती सैन्य बल स्वेज नहरको सुरक्षामा खटिएको इजिप्टलाई दोस्रो विश्वयुद्धपछि पचिरहेको थिएन।

नासेरको सैन्य बलले इजरायली सैनिकसँग दुवै देशको सीमा क्षेत्रमा फाट्टफुट्ट लडाइँसमेत गऱ्यो र नासेरले इजरायलीप्रति आफ्नो शत्रुता खुलेर प्रस्तुत गरे।

वास्तवमा सोभियत हतियार र आर्थिक सहयोगबाट तथा नाइल नदीमा अस्वान बाँध निर्माणका लागि आर्थिक सहयोग गर्ने वाचाबाट अमेरिकाले मुख मोडेपछि क्रुद्ध नासेरले स्वेज नहर कब्जा र राष्ट्रियकरण गर्ने आदेश दिएका थिए। यसमा उनले के तर्क राखे भने स्वेज नहर भएर जाने पानीजहाजबाट उठाइने शुल्कले अस्वान बाँधका लागि खर्चको जोहो हुने छ।

नासेरको यस कदमले बेलायतलाई क्रोधित बनायो। त्यसपछि सुरु भयो गोप्य सैन्य मन्त्रणा। बेलायतले गुपचुप सैन्य छलफल गरी फ्रान्सलाई समेत साथमा लियो। फ्रान्स पनि नासेरसँग असन्तुष्ट थियो। किनभने फ्रान्सको विश्वास थियो नासेरले अल्जेरियामा रहेको फ्रान्सको उपनिवेशमा विद्रोहीलाई साथ दिइरहेका छन्। सैन्य कारबाहीका लागि फ्रान्स तयार भएपछि इजिप्टको छिमेकी इजरायल पनि तयार भयो। इजिप्टले पटक पटक छिटपुट आक्रमण गरी इजरायललाई



त्यसै पनि चिढाएर राखेको थियो। तीनवटै देश स्वेज नहरमा पुनः कब्जा गर्न संयुक्त सैन्य कारबाहीका लागि तयार भए।

इजरायलले सबैभन्दा पहिले इजिप्टमाथि आक्रमण गऱ्यो। तीनवटै देशले एकसाथ आक्रमण गर्ने योजना बनाइएको भए पनि बेलायती र फ्रान्सेली सैन्यबल ढिलो हुन गए। तैपनि दुई दिनपछि बेलायती र फ्रान्सेली सैनिकले समेत इजिप्टमा आक्रमण सुरु गरे। पहिले इजरायलले सेनाईमा आक्रमण गऱ्यो। इजरायलको सेना प्रमुख मोसे दयानको दिमागको उपज, यस अभियानको नाममा इजरायलले अपरेसन कादेस राख्यो। इजरायली लडाकु विमानले सेनाईको जमिननजिक उडान भरेर सबैभन्दा पहिले टेलिफोनका तार आफ्ना पङ्खाले





हङ्गेरीमा बढ्दो सङ्कटमा सोभियत सङ्घ अल्झिएको थियो र इजिप्टमा उत्पन्न अर्को सङ्कटमा उसको ध्यान आकर्षित भयो । बेलायती, फ्रान्सेली र इजरायली सैन्य कारबाहीमा केही दुबिधा देखिँदा सोभियत सङ्घले समेत समयमै प्रतिक्रिया देखाउने राम्रो अवसर पायो ।

काटिदिए । जस कारण इजिप्टको सैन्य बलको सञ्चार अवरुद्ध हुन गयो । त्यसैबेला इजरायली हवाई सैनिकलाई सेनाई पहाडको मित्ला खोँचमा प्यारासुटका माध्यमले उतारियो । अर्कोतिर ट्याङ्कका साथ स्थल सैनिक पनि सेनाई पुगे । चारैतिरबाट आक्रमण गरेर इजरायलले केही दिनमै सेनाईमाथि नियन्त्रण बनाएको थियो ।

बेलायती र फ्रान्सेली सैनिकले पोर्ट सइद र पोर्ट फुहादमा पुगेर स्वेज नहर वरिपरिको इलाकामा नियन्त्रण बनाए । त्यतिबेला हङ्गेरीमा बढ्दो सङ्कटमा सोभियत सङ्घ अल्झिएको थियो र इजिप्टमा उत्पन्न अर्को सङ्कटमा उसको ध्यान आकर्षित भयो । बेलायती, फ्रान्सेली र इजरायली सैन्य कारबाहीमा केही दुबिधा देखिँदा सोभियत सङ्घले समेत समयमै प्रतिक्रिया देखाउने राम्रो अवसर पायो ।

अरब क्षेत्रमा सिर्जित राष्ट्रवादको फाइदा उठाउन तथा मध्यपूर्वमा आफ्नो उपस्थिति दह्रो पार्ने कोसिसमा रहेको सोभियत सङ्घले सन् १९५५ देखि नै चेकोस्लोभाकियाबाट इजिप्टको सरकारलाई हतियार आपूर्ति गर्न थालेको थियो । साथै अमेरिकाले वाचा पूरा नगरेपछि नाइल नदीमा अस्वान बाँध निर्माण परियोजनामा इजिप्टलाई सोभियत सङ्घले मद्दतसमेत गऱ्यो ।

यसै कारण सोभियत सङ्घका नेता ख्रुस्चेभ इजिप्टमाथि तीन देशले गरेको आक्रमणको कडा आलोचना मात्र गरेनन् इजरायल, बेलायत र फ्रान्सले आफ्ना सैनिक तत्काल इजिप्टबाट फिर्ता नलगे पश्चिमा युरोपमा परमाणु हतियारको वर्षा गर्ने धम्कीसमेत दिइहाले ।

विश्वमा असामान्य परिस्थिति सिर्जना हुँदै गएपछि अमेरिकाका राष्ट्रपति आइजनहावर प्रशासनको प्रतिक्रिया सुनिश्चित र सन्तुलित थियो । अमेरिकाले सोभियत सङ्घलाई चेतावनी दिँदै परमाणु द्वन्द्वको अनावश्यक चर्चाले परिस्थिति झनै खराब हुने भन्यो तथा लडाइँमा सोझै हस्तक्षेपबाट पर रहन ख्रुस्चेभलाई सचेत गरायो ।

साथसाथै आइजनहावर र उनका विदेशमन्त्री जोन फस्टर ड्युलेसले फ्रान्स, बेलायत र इजरायललाई आफ्नो अभियान त्याग गर्न तथा इजिप्टबाट आफ्ना सैनिक फिर्ता लैजान कडा चेतावनीसमेत दिए । विशेषगरी आइजनहावर बेलायतदेखि क्रुद्ध थिए किनभने आफ्नो मनसायका बारेमा उसले अमेरिकालाई अवगत गराएको थिएन ।

इजिप्टमाथि आक्रमणलाई निरन्तरता दिए बेलायत, फ्रान्स र इजरायलमाथि आर्थिक नाकाबन्दी लगाउने धम्कीसमेत अमेरिकाले दियो । यस धम्कीले काम गऱ्यो–





डिसेम्बरसम्म बेलायती र फ्रान्सेली सैनिक फिर्ता भए तथा अन्ततः इजरायल पनि अमेरिकाको दबाब अगाडि झुक्यो र स्वेज नहरमाथि बनाएको नियन्त्रण इजिप्टलाई सुम्पियो। अनि इजिप्टले सन् १९५७ मार्चमा नहरलाई पारवहनका लागि पुनः खोल्यो।

स्वेज सङ्कटले गर्दा पहिलो पटक संयुक्त राष्ट्रसङ्घले शान्ति सैनिक परिचालन गर्नु परेको थियो। युनाइटेड नेसन्स इमर्जेन्सी फोर्स (युएनइएफ) एक सशस्त्र समूह थियो, जसलाई युद्धस्थिति साम्य पार्न तथा कब्जा गर्न आएका तीन देशका सैनिक फिर्तीको निगरानी गर्न त्यहाँ पठाइयो।

कुनै बेला चारैतिर आआफ्नो औपनिवेशिक साम्राज्य फैलाएर विश्वमा हस्तक्षेपकारी भूमिकामा रहने बेलायत र फ्रान्स स्वेज नहर काण्डपछि कमजोर पर्न गए। शक्ति कमजोर परेर उनीहरूको प्रभाव घट्यो। अब अमेरिका र सोभियत सङ्घले विश्व मामिलामा बढी भूमिका निर्वाह गर्न थाले। बेलायतका प्रधानमन्त्री एन्थनी एडेनले इजिप्टबाट बेलायती सैनिक फर्केको दुई महिनापछि राजीनामा दिए।

बढ्दै गरेको अरब र इजिप्टेली राष्ट्रवाद अभियानमा यस स्वेज सङ्कटले नासेरलाई एक शक्तिशाली नेता बनाइदियो। यसबीच इजरायललाई स्वेज नहर उपयोग गर्ने अधिकार दिइएन। तैपनि उसलाई एक पटक फेरि तिरान जलडमरुमध्य हुँदै समुद्री पारवहनको सुविधा प्रदान गरियो।


यस घटनाको १० वर्षपछि सन् १९६७ मा छदिने युद्धलाई लिएर इजिप्टले जुनमा फेरि स्वेज नहर बन्द गरिदियो। लगभग एक दशकसम्म स्वेज नहर इजिप्ट र इजरायलका सैनिकको रणभूमि नै रह्यो। सन् १९७५ मा शान्तिको सन्देश दिन इजिप्टका राष्ट्रपति अनवर अल सदातले पुनः नहर खोलिदिए। आजका दिनमा प्रत्येक वर्ष ३० करोड टन मालवस्तु यस नहर भएर ओसारपसार हुने गरेको छ। ■

– उमेश ओझाद्वारा विभिन्न स्रोतबाट अनुवादित र सम्पादित

Ripley's Believe It or Not!®



सन् २०१८ मा क्यानडाको अन्टेरियोमा टोरन्टोमा बसोबास गर्ने रोबर्ट ग्रिनफिल्डले साबेलको मद्दतबाट आफ्नो आँगनमा हिउँले मोनालिसाको विशाल आकृति तयार पारेका थिए ।



सन् २०११ मा अमेजन नदीको ३.८ किलोमिटरमुनि एक प्राचीन नदी खोज गरिएको थियो ।



भीमकाय व्यक्ति आन्द्रे द जाइन्टको अन्त्येष्टि गरिँदा ७.७१ किलो भस्म निस्केको थियो । जुन औसत मानिसको भन्दा तीन गुण बढी हुन्छ ।

दिव्य पर्व हो
विजयादशमी



डा. गोविन्द टन्डन





शक्तिको आवश्यकता सबैलाई पर्छ । मानिसलाई मात्र होइन यो स्वयं जगत्का परिपालकका लागि पनि त्यत्तिकै आवश्यक पर्ने कुरा पुराण साहित्यहरू अनुशीलन गर्दा थाहा हुन्छ । पद्मपुराणमा जगज्जननी माता पार्वतीलाई सम्बोधन गर्दै भगवान् शिवले एक ठाउँमा भनेको यो वचन यस सन्दर्भमा मननीय छ, हे महेश्वरी ! शक्ति नरहेका बेलामा म शव मात्रै हुन्छु तर जब ममा शक्ति हुन्छ म भक्तका समस्त कामना, इच्छा, आकाङ्क्षा पूरा गरिदिने शिव बन्छु ।

बौद्धिक प्रतिभाले जन्माएको दूरवीक्षणयन्त्रको शक्ति हेरौँ त कहाँ हो कहाँ अन्तरिक्षको कतिपय स्थितिलाई समेत अवलोकन गर्न समर्थ भइन्छ ।



यसबाट के देखिन्छ भने जीवदेखि शिवसम्मका लागि जीवनको सर्वस्व हो शक्ति । शक्ति तत्त्व कस्तो हुन्छ ?, के गर्दा पाइन्छ ? र अहिले केका लागि शक्ति आराधना गर्नु छ ? त्यसबारे अनभिज्ञ रह्यौँ भने शक्तिको आराधना होइन दुरुपयोग हुन पुग्छ ।

हरेक मानिस शक्तिको पुञ्ज हो । ऊभित्र अन्तर्निहित शक्ति यति छ कि के बयान गर्ने ! तर आफूमा भएको शक्ति कति छ हत्तपत्त कसैले चाल पाएका हुँदैनन् । मानिसमा निहित असीम शक्तिको शतांश मात्र पनि सही रूपले प्रयोग गर्न सकियो भने जीवनमा अनेकौँ उपलब्धि उसले प्राप्त गर्न सक्छ । थोरै मात्रले यो कुरालाई बुझेका हुन्छन् । जसले बुझेको छ उसले आफूले आफैँलाई उचालेका छन्, शिखरमा पुऱ्याएका छन् र उनीहरू अरूका लागि प्रेरणाको स्रोत बनेका हुन्छन् । यो हामीले हाम्रै वरपर या विश्व घटनाका अनेक सन्दर्भमा देखिरहेका छौँ ।

संसारमा प्रसिद्ध कहलिएका, महामानव ठानिएका व्यक्तिले जीवन तत्त्वको अनुभूति यसैगरी गरेको उनीहरूको आत्मवृत्तान्त र जीवन चरित्रले देखाउँछ । मानव मूलतः महान् छ परन्तु चिन्तनस्तरको विकासबिना वा चेतनाको अभिवृद्धिबिना आफ्नो साँघुरो घेरा, सङ्कीर्णता र सीमिततामा नै अलमलिन पुग्छ । एक किसिमले भन्ने हो भने अकिञ्चन झैँ बनिरहेको उसले पत्तै पाउँदैन ।

मानिसमा अन्तर्निहित भएर तीन तत्त्व नजानिँदो किसिमले समेटिएर रहेका हुन्छन् । ती हुन्– शारीरिक मानव, बौद्धिक मानव र आत्मिक मानव । शारीरिक दृष्टिकोणले हेर्दा मानिस एउटा कमजोर प्राणी हो । ज्यादाभन्दा ज्यादा यो दृष्टिले ऊ खेलाडी बन्न सक्छ, पहलमान हुन सक्छ, एक योध्दा बन्न सक्छ । उसको उपलब्धि भन्नु समयको सीमित घेरामा अडिएर रहन्छ । समयको कुनै निश्चित कालखण्डपछि फगत एक निरीह मनुष्यमै सीमित हुन पुग्छ । शरीरको अवसानपछि ऊ सकियो, बित्यो ।

बौद्धिक मानव शारीरिक मानवभन्दा अब्बल हुन्छ । ऊ कता हो कता शक्तिशाली पनि देखिन्छ । शारीरिक दृष्टिले हेर्दा ऊ सानो झोला बोक्न पनि असक्षम हुन सक्छ तर बौद्धिक दृष्टिकोणले उसको बुद्धिले सृष्टि गरेका आविष्कारले के के गर्छन् के के, चकित तुल्याइदिन्छ ।

शारीरिक दृष्टिकोणमा अलमलिएको शरीरमा भएको आँखाले केही परको वस्तु देख्न पनि धमिलो भान हुन सक्छ तर बौद्धिक प्रतिभाले जन्माएको दूरवीक्षणयन्त्रको शक्ति हेरौँ त कहाँ हो कहाँ अन्तरिक्षको कतिपय स्थितिलाई समेत अवलोकन गर्न समर्थ भइन्छ ।

शरीर स्थूल छ, दृश्य छ, बुद्धि सूक्ष्म छ, अदृश्य छ तर आत्मा बुद्धिभन्दा पनि सूक्ष्म छ । जति सूक्ष्म भयो त्यति विशाल हुन्छ । मानिसलाई आत्मविश्वास, लगन, ध्येयप्रतिको निष्ठा यही दिव्यकेन्द्रबाट अनवरत प्राप्त भइरहेको हुन्छ । यस्तो आत्मशक्तिका सामु बौद्धिक सामर्थ्य पनि नगण्य हुन्छ । साँच्चै भन्ने हो भने बौद्धिक सामर्थ्य स्वयंमा लक्ष्य होइन, साधन मात्र हो । साधनरूपी बौद्धिकता र शारीरिक बललाई पुरुषार्थ सम्झनेहरू ज्यादाभन्दा ज्यादा विश्वमा भौतिक विजयको ललकार लगाउन सक्छन् ।

देवीका नौ स्वरूप

■ बोधनाथ पौडेल

शक्ति उपासना परम्परा प्राचीन परम्परा हो । यो परम्परामा देवीका विभिन्न स्वरूपको उपासना एवं आराधना गर्ने चलन हाम्रो समाजमा छ । भगवती देवी सर्वव्यापक एकात्मक शक्ति भए पनि उनका विभिन्न स्वरूप उपासनाका लागि प्रयुक्त हुन्छन् । नौरथामा नौ दिनसम्म नवदुर्गा भवानी नौ वटा विभिन्न स्वरूपमा उपासकलाई दर्शन दिन्छिन् भन्ने कथन छ ।

शैलपुत्री

नवरात्रको पहिलो दिन शैलपुत्री देवीको पूजा गर्ने परम्परा छ । भगवती देवीको शैलपुत्री नाम कसरी रहन गयो भन्ने विषयमा पुराणमा एक सुन्दर उपाख्यान आउँछ । एक पटक पर्वतराज हिमालयले भगवती देवीलाई प्रसन्न गराउने उद्देश्यले धेरै कालसम्म तपस्या गरे । तपस्याबाट प्रसन्न भएर भगवती देवीले हिमालयलाई आफ्नो इच्छा अनुसारको वर मागभन्दा हिमालयले देवीसँग प्रार्थना गर्दै यदि हजुर ममाथि प्रसन्न हुनुहुन्छ भने मेरो दरबारमा मेरी पुत्रीका रूपमा अवतार ग्रहण गर्नुहोस् भने । भगवतीले हिमालयको प्रार्थनालाई स्वीकार गरी उनकी पुत्रीका रूपमा अवतार लिएकाले उनलाई शैलपुत्री भनिएको हो । संस्कृतमा शैल शब्दको अर्थ हो पर्वत ।

ब्रह्मचारिणी

नवरात्रको दोस्रो दिन ब्रह्मचारिणी शक्तिको पूजा उपासना गरिन्छ । ब्रह्म शब्दको अर्थ तपस्या हुन्छ । यसैले तपको आराधना गर्ने देवी भनेर यिनलाई ब्रह्मचारिणी भनिएको हो । संसारका मुमुक्षु प्राणीलाई सच्चिदानन्द रूप ब्रह्मको ज्ञान गराउनका लागि निरन्तर लागिरहने हुनाले उनको दोस्रो नाम ब्रह्मचारिणी रहन गयो । यी देवीको उपासना गर्नाले मानिसमा तप, त्याग, वैराग्य, सदाचार, संयम वृद्धि हुँदै जान्छ र उसलाई सर्वत्र सिद्धि एवं विजय हात लाग्दछ ।

चन्द्रघण्टा

नवरात्रको तेस्रो दिन चन्द्रघण्टा शक्तिको उपासना गरिन्छ । उनले आफ्नो हातमा लिएको घण्टामा चन्द्रमाको आकार हुनाले उनको तेस्रो नाम चन्द्रघण्टा रहन गयो । शास्त्रानुसार हातको घण्टाको आवाजले राक्षसहरू पनि डराउने गर्छन् । चन्द्रघण्टालाई शब्दशक्ति अर्थात् आकाश तत्त्वको प्रतीकका रूपमा लिन सकिने प्रशस्त आधार भेटिन्छ । शरीरलाई व्यावहारिक बनाउन शब्दशक्तिको पनि त्यति नै आवश्यकता पर्दछ । रिसाहा स्वभाव भएकी यी देवीको पूजा गर्नाले घण्टाको ध्वनिको आवाज भक्तको कानमा परिहाल्छ । यी देवीको उपासना गर्दा परलोकका लागि कल्याण र सद्गति प्राप्त हुन्छ ।

कुष्माण्डा

नवरात्रको चौथो दिन कुष्माण्डा शक्तिको उपासना हुन्छ । कुष्माण्डा भनेको कुभिन्डो अर्थात् वनस्पति जगत्को प्रतिनिधिस्वरूप हो । सूर्यको जस्तो तेज भएकी र वाहन सिंह भएकी यी भगवतीको अट्टहासमा ब्रह्माण्डको सृष्टि र प्रलय हुने भएकाले उनलाई कुष्माण्डा भनिएको हो । सम्पूर्ण ब्रह्माण्डमा व्याप्त सबै जीवित तथा निर्जीव देवीकै कृपाले उत्पन्न भएको हो भन्ने कुरा पौराणिक मान्यता रहेको छ । यी देवी उष्ण रक्तसमूह मानव, चराचुरुङ्गी, तथा शीत रक्तसमूह माछा, सर्पलगायतका सारा प्राणीको सिर्जना शक्ति भएकी माता भनेर शास्त्रमा उल्लेख गरिएको पाइन्छ ।

स्कन्दमाता

उनको पाँचौँ नाम स्कन्दमाता कसरी रहन गयो भन्ने कुरामा एउटा सुन्दर अर्को उपाख्यान पनि जोडिन पुगेको छ । एक पटक भगवान् शङ्कर र भगवती पार्वती ऋषिहरूको सभामा जाँदा ऋषिहरू उठेर भगवान् शङ्करको स्वागत गरे परन्तु सनतकुमार आफ्नो आफ्नो ध्यानमा मस्त हुनाले उनले भगवान् शङ्करको आगमनलाई नजानेर उठेनन् । भगवती पार्वतीलाई सनतकुमारको त्यो व्यवहार मन परेन । उनले सनतकुमारलाई 'तिमी उँट बन' भन्ने श्राप दिइन् । सनतकुमार पार्वतीको श्रापले उँट बन्न पुगे । त्यो घटना पार्वतीले भगवान् शङ्करलाई बताउँदा भगवान् शङ्करले पार्वतीलाई भने, "हेर देवी, ज्ञानीलाई कुनै पनि श्रापले स्पर्श गर्न सक्तैन । उनी उँटको योनिमा पनि आफ्नो ब्रह्मरूपताको ज्ञानले आनन्दमा मस्त छन् । तिमीलाई मेरो कुरामा पत्यार लाग्दैन भने हिँड उहीँ गएर सोधौँ ।" त्यसपछि दुवै जना उँट भेषधारी सनतकुमार भएको ठाउँमा गए । पार्वतीले सनतकुमारलाई सोधिन्, "ऋषिजी तपाईंलाई उँटको योनिमा कस्तो अनुभव भएको छ ?" सनतकुमारले उत्तर दिए, "मलाई हजुरले उँटको योनि प्रदान गरेर ममाथि ठूलो अनुग्रह गर्नुभएको छ । भोक लागेको समयमा जङ्गलका काँडा चपाउँछु । आनन्दसँग ब्रह्मचिन्तन गरेर बस्दछु । मलाई यस योनिमा कुनै पनि कष्टको अनुभव गर्नुपरेको छैन ।"

सनतकुमारबाट यस्तो उत्तर पाएपछि भगवती पार्वतीले ज्यादै प्रभावित भएर सनतकुमारलाई भनिन्, "ऋषिजी तपाईं ज्यादै ठूलो ब्रह्मज्ञानी हुनुहुँदो रहेछ । यहाँको महत्त्वलाई नबुझेर मैले यहाँलाई श्राप दिएँ । यसका कारण मलाई ठूलो पश्चात्ताप छ । अब म यहाँलाई आफ्नो पुत्र रूपमा प्राप्त गर्न चाहन्छु । तपाईं मेरो पुत्र भई जन्म लिनुहोस् ।"

भगवती पार्वतीको आज्ञालाई स्वीकार गरी सनतकुमारले भगवती पार्वतीबाट जन्म ग्रहण गरेकाले

उनको नाम स्कन्दमाता रहन गयो। यहाँ स्कन्द शब्दको अर्थ स्वामी कार्तिकेय नभई सनतकुमार हो भन्ने बुझ्नु पर्दछ। किनकि छान्दज्ञोपनिषद्मा सनतकुमार स्कन्द इत्याचक्षत भनी लेखिएको छ।

कात्यायनी

नवरात्रको छैटौँ दिन पुजिने देवी कात्यायनी हो। कुनै एक समयमा देवताहरूको काम बनाउनका लागि भगवती देवीले कात्यायन ऋषिको आश्रममा अत्यन्त सुन्दर कुमारीका रूपमा अवतार लिइन्। उनको बाल सौन्दर्यबाट मुग्ध भएर कात्यायन ऋषिले उनलाई आफ्नी पुत्रीका रूपमा स्वीकार गरेको हुनाले उनको छैटौँ नाम कात्यायन रहन गयो। सिंहवाहिनी कात्यायनीले महिषासुरको वध गरेको दुर्गा सप्तशतीमा उल्लेख गरिएको छ। यिनको आराधनाबाट सम्पूर्ण सङ्कट नाश हुने विश्वास गरिन्छ। कात्यायनीलाई ब्रह्माण्डीय सम्पूर्ण केन्द्र शक्तिको स्वरूप मानिन्छ।

कालरात्रि

नवरात्रको सातौँ दिन कालरात्रि देवीको पूजा उपासना गरिन्छ। सम्पूर्ण प्राणीलाई कालले नष्ट गर्दछ। त्यस्तो काललाई पनि भगवती देवीले नष्ट गरिदिन्छिन्। अतः उनको नाम कालरात्रि रहन गएको हो। फूलपातीको दिन पूजा गरिने कालरात्रि शक्तिलाई अज्ञान, अन्धकार र मोहनाशक शक्तिका रूपमा लिन सकिन्छ। यी देवीको स्मरण गर्नाले पनि दानव, दैत्य, राक्षस, भूतप्रेतहरू भागेर जान्छन् भनिएको छ। जीवनलाई स्वस्थ र फुर्तिलो पारी सदैव अग्रगति प्रदान गर्न यी तत्त्वको आवश्यकता कति पर्दछ त्यो आफैँमा नै प्रस्ट छ।

महागौरी

नवरात्रको आठौँ दिन पुजिने देवी महागौरी हो। देवीको रङ पहिले कालो थियो। त्यसैले उनको नाम काली रहन गएको हो। भगवान् शङ्करले एक पटक मनोविनोद गर्दा भगवती देवीलाई काली भन्ने शब्द प्रयोग गरे छन्। त्यो काली भन्ने शब्द भगवतीलाई मन परेन। त्यसपछि उनले आफ्नो कठोर तपस्याद्वारा अत्यन्त गोरो वर्ण प्राप्त गरेको हुनाले उनको नाम महागौरी रहन गयो। यी देवीको शक्ति अमोघ छ र प्रत्यक्ष फल प्राप्त हुन्छ। यी भगवतीको शक्ति आराधना गर्नाले भक्तजनको सबै दोष नाश हुन्छ र पछिसम्म पनि बाधा आउन छोड्छ। महागौरीलाई प्रकाश शक्तिको स्वरूप पनि मानिन्छ।

सिद्धिदात्री

नवरात्रको नवौँ दिन पुजिने देवीको नाम सिद्धिदात्री हो। ब्रह्माण्डमा सम्पूर्ण विजय प्राप्त गर्न सक्ने शक्ति यी देवीमा रहेको छ। यिनी भक्तजनलाई जुनसुकै सिद्धि पनि दिन सक्ने साथै इच्छा अनुसारको फल प्राप्त गराइदिने भएको हुनाले उनको नाम सिद्धिदात्री रहन गएको हो। देवीपुराण अनुसार पार्वतीबाट आएको सिद्धि नै भगवान् शिवजीबाट आएको सिद्धि हो। यिनकै कृपाले गर्दा भगवान् शिव अर्धनारीश्वर भएका हुन्। यसैले यस संसारमा भगवान् शिव अर्धनारीश्वर नामले प्रसिद्ध छन्।

यस प्रकार स्वयं भगवान् ब्रह्माजीले मार्कण्डेय ऋषिलाई यी नौ नामको उपदेश दिनुभएको हो। मनुष्य चाहे जुनसुकै कष्ट या सङ्कटमा परेको होस्, नवरात्रिभरि विशेष गरेर देवीका नौ नामको स्मरण गर्नाले ऊ तत्कालमै कष्ट या सङ्कटबाट सजिलैसँग छुट्न सक्छ। ■

आफ्नो चातुर्यले ऐश्वर्यको उपभोग केही समयलाई गर्न सक्छन् तर वास्तविक शक्तिपुरुषको स्थान ओगट्ने सौभाग्य उनीहरूले पाउँदैनन्।

विश्व इतिहासलाई हेर्दा सिकन्दर, नेपोलियन, मुसोलिनी, हिटलरको शक्तिले कुनै बखत मानव समुदायलाई नै सन्त्रस्त नतुल्याएको होइन तर त्यो शक्ति भौतिक र ज्यादाभन्दा ज्यादा बुद्धिसँग मात्र सम्बन्धित भएको हुनाले मानव इतिहासमा अनुपम र आदरणीय बन्ने सौभाग्य तिनीहरूले पाएनन्। त्यसको विपरीत बुद्ध, महावीर जैन, शङ्कराचार्य, रामानुजाचार्य, गुरु नानक, रमण महर्षि, अरविन्दो घोष, स्वामी रामकृष्ण परमहंस, स्वामी विवेकानन्द, महात्मा गान्धी, जयपृथ्वीबहादुर सिंह, शशिधर स्वामी, योगमाया, भक्तिसिद्धान्त प्रभुपाद, खप्तडबाबा, शिवपुरीबाबा आदि साधुपुरुषहरूको सादगीपूर्ण जीवन र सन्देश विश्वका मानवको प्रेरकशक्ति बनेको छ। विश्व इतिहासका पानालाई स्वर्णिम बनाइदिएको छ। कति युगान्तकारी रहेका छन् भन्ने कुरा हिजो तिनको जति महत्त्व थियो आज अरू महत्त्वपूर्ण भएको छ।

उनीहरूका विचार, धारणा र सन्देश यो आत्मशक्तिको सर्वश्रेष्ठतालाई सिद्ध गर्ने शाश्वत तथ्य हो भनिरहनु पर्दैन। यसैले आज केवल शरीरमानव होइन, बुद्धिमानव मात्र पनि होइन आत्ममानवलाई उजागर गरेर शक्तिको अजस्रस्रोतलाई प्रवाहित तुल्याउन सकेमा नै विश्वमा कल्याणकारी शुद्ध जीवनयात्रा सार्थक र समर्थ भएर सुख, शान्ति र समुन्नतिलाई प्राप्त गर्न सम्भव हुन सक्छ।

शक्ति आराधनाका लागि कुनै समय र साइत कुरेर बस्नु पर्दैन। तथापि शारदीय नवरात्रि शक्ति आराधानको परमपावन समय मानिन्छ। घटस्थापनादेखि नौ दिनसम्म जगज्जननी देवी दुर्गा माताको विविध रूप र स्वरूपको साधना, पूजाआजा एवं दशमीको दिन त्यही नौ दिनको साधनाको प्रसादस्वरूप

मान्यजनबाट जमरा प्रसाद एवं आशीर्वाद प्राप्त गर्नुलाई बडादशैंको सार्थकता सम्भिन्छ। यस्तैबेला जीवनको उन्नायक पवित्र शक्तितत्त्वको उपासना गर्ने महापुरुषहरूले जगज्जननी पराम्ब दुर्गासमक्ष गरेको प्रार्थनाभित्र सम्पूर्ण सार त्यही श्लोकार्धभित्रै अन्तर्भूत छ– रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।

यस दिव्य प्रार्थनाभित्र के छैन, जीवनको समग्र समुत्थानका लागि जगदम्बा मातालाई पुकारिएको छ ।

यो सप्तशति पारायणको एक अङ्ग मानिने अर्गलास्तोत्रको प्रार्थनाको श्लोकार्ध्द हो। यो शक्तिलाई आफ्नो अधीनमा राख्ने आग्लो (अर्गला) हो। शक्तिको मूल पहिल्याएर साधकले भन्छ, "माता ! मलाई रूप (मेरो वास्तविक शक्तिसम्पन्न स्वरूप दिनुहोस्। मलाई जय अर्थात् विकृतिमाथि पूर्ण अधिकार गराइदिनुहोस्। मलाई यश अर्थात् आफू बनेर अरूलाई पनि बनाउन सक्ने चरित्रसम्पन्नता दिनुहोस् । मेरा शत्रु अर्थात् मेरो मनमा बसेर सधैं मलाई तल तल धकेल्ने पशुतारूपि काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि सूक्ष्म शत्रुहरूलाई निमिट्यान्न पारिदिनुहोस् ।"

कति दिव्य, कति महान् अर्थ छ यो प्रार्थनाभित्र। जीवनको मूल तत्त्व फेला पार्नु, सर्वत्र आत्मीयता भेट्नु, जीवनको अन्तर्विशालतालाई आत्मसात् गर्नु नै वास्तवमा शक्ति आराधना हो ।

हामीले हरेक वर्ष मनाउँदै आएको दुर्गा पूजाको लक्ष्य आत्मिकमानवको विकास गर्नु हो। सप्तशतीमा पनि यही चरित्रलाई प्राधान्यता दिई महादुर्गा, महालक्ष्मी एवं महासरस्वतीको उपासनामा जीवनको पूर्ण फल प्राप्ति निहित छ भन्ने सङ्केत गरिएको छ। यही आत्मशक्तिलाई जगाएर नै मानवले आफ्नो, परिवार, समाज, राष्ट्र र विश्वको कल्याण गर्न सक्ने क्षमता आर्जन गर्न सक्छ। उसका समस्त शक्तिस्रोतहरू त्यहीँबाट प्रस्फुटित हुन्छन् तर यति विशाल र गतिशील लक्ष्य लिएर अघि बढेको हाम्रो शक्ति आराधना स्वरूपको दुर्गा पूजा वा विजयादशमी वा बडादशैंले रूढ रूप लिँदै गएको छ। यसभित्र समेटिएको धार्मिक, आध्यात्मिक महान् पक्षलाई छोडेर विकृत बन्दै गएको तथ्य दुःख लाग्दो छ ।

दशैं भन्नासाथ पशुको हत्या, हिंसा, मारकाट आदिलाई सम्भिदिनाले नवरात्रिभित्रको परम पावन साधना कता हो कता अचेल विलुप्त बन्न पुगेको छ। नवरात्रका प्रत्येक दिन चित्तको शोधन र आत्मशोधनका अनुपम मुहूर्त हुन्। आफैँले आफैँमाथि विजय गर्ने साधनाको परम पावन पर्व हो यो। असल लक्ष्य लिई व्रतानुष्ठान, पुरश्चरण, आस्वाद, तप आदिका लागि यसलाई महान् अवसर मान्नु पर्छ तर हामीकहाँ दशैं अहिले अधिकांशका लागि खाने, पिउने, मोजमस्ती गर्ने,





पशुबलि गर्ने, मांसभक्षण गर्ने, जुवातास खेल्ने पर्वका रूपमा विकृत बन्दै गएको छ।

जुन क्रियाकलापले आत्मोन्नति हुँदैन, चित्तशुद्धि हुँदैन, आत्मसाक्षात्कारको बाधक हुन्छ, त्यसले अपसंस्कृतिलाई मलजल गरिरहेको हुन्छ भन्ने कुरा हामी किन बिर्सिरहेका छौँ ? सात्विक पूजा आराधनाले संस्कृतिलाई प्रवर्धन गर्छ भने राजसी र तामसीले विकृतिलाई प्रोत्साहन दिएको हुन्छ। जहाँ काटमार र हिंसा हुन्छ त्यस्तो पूजा तामसपूजाको ज्वलन्त



अबको शक्ति आराधना व्यक्तिपिच्छे रहेका स्रोतसाधन, विज्ञता र शक्तिका कणकण जम्मा पारेर समाज र राष्ट्रलाई समृद्ध बनाउने हुनु पर्छ । समाजलाई टुक्राउने, फुटाउने, विभाजन गर्ने गलत तत्त्वलाई चिनेर दानवी शक्तिको अन्त्य गर्नुपर्छ ।

उदाहरण हो । त्यस्तो पूजाले ईश्वर प्राप्ति हुँदैन, आत्मसाक्षात्कार हुँदैन, भगवद्दर्शन हुँदैन भनेर शास्त्रले बताएका छन् ।

मनुस्मृतिमा भनिएको छ :

यावन्ति पशुरोमाणि तावत्कृत्वोहि मारणम ।
वृथा पशुन्धः प्राप्नोति प्रेत्य जन्मनि जन्मनि ॥ (५।३८)

अर्थात् व्यर्थ पशुबध गर्ने व्यक्तिले त्यो जनावरको शरीरमा भएका रौँको सङ्ख्या जति जन्मान्तरसम्म नर्कमा दुःख भोग्ने छ र प्रत्येक जन्ममा आफू पनि मारिने छ ।

देवीको घोर रूप काली, चण्डिका, महादुर्गा आदि हुन् । प्रायः यिनैको देवस्थलमा बलि दिइन्छ, मानौँ घोर रूपमा भगवतीको रक्तपिपाशा शान्त हुन्छ ठानेर तर बुझ्नु पर्ने कुरा के हो भने त्यो रूप माता जगदम्बाले दुष्ट, पापी र आसुरी राक्षसी प्रवृत्तिका व्यक्तिलाई नाश गर्न लिएकी हुन् । राँगो, बोका, भेँडा, हाँस, कुखुराजस्ता निरीह, अबोध, लाटासुधा पशुपक्षीको बध गर्नका लागि होइन । अर्थको अनर्थ लगाएर संस्कृतिको नाउँमा विकृतिलाई आत्मसात् गरिरहेकालाई कसरी चुपचाप हेरिरहेका छौँ ? आफैँले आफूलाई सोधौँ के यो ठीक गरिरहेका छौँ ? मनले भन्छ कदापि छैन ।

पशुबलि गर्नेहरूले वात्सल्यकी प्रतिरूप शक्तिस्वरूपा माता देवी भवानीलाई पशुभावले हेरिदिनाले यस्तो विकृति फैलिएको हो । माता देवी दुर्गालाई करुणाभावले हेरिदिऔँ त कहाँ आफ्ना सन्तति स्वरूपका पशुपक्षीको रगतको पिपासु हुन् उनी । उनी त करुणा, कल्याण र वात्सल्यकी खानी हुन् । यसैले त देवीभागवतमा भनिएको छ :

या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता,
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥

"अर्थात् हे माता हजुर सम्पूर्ण प्राणीको आमा हुनुहुन्छ । त्यसैले हजुरको नमन गर्दछौँ ।"

अबको शक्ति आराधना व्यक्तिपिच्छे रहेका स्रोतसाधन, विज्ञता र शक्तिका कणकण जम्मा पारेर समाज र राष्ट्रलाई समृद्ध बनाउने हुनु पर्छ । समाजलाई टुक्राउने, फुटाउने, विभाजन गर्ने गलत तत्त्वलाई चिनेर दानवी शक्तिको अन्त्य गर्नुपर्छ । अबको सम्पूर्ण पूजा, आराधना, उपासनालाई राष्ट्रिय समुत्थानको यज्ञवेदीमा मानवीयता, आत्मीयता, मित्रताको चरुले सिञ्चन गरेर विकास, सद्भाव, प्रेम र भ्रातृत्वको जगमा संयम, सद्भावना र सेवाको बलले शक्ति भर्नु परेको छ ।



तुल्याउँछौँ त्यत्ति नै हामी अझै अन्धकारमा छौँ, अज्ञानतामा ग्रस्त छौँ, मानवीयतालाई बुझेका छैनौँ भन्ने बुझिन्छ। पशुको बलिले हामीभित्र रहेको पशुता हट्दैन। अहिले आवश्यक छ हामीभित्र रहेका अवगुणरूपी यावत् पशुताको बलि दिनु।

घरदैलोमा आउन लागेको विजयादशमी, दशैं, बडादशैं जे भनौं यसलाई सार्थक, लक्ष्यनिष्ठ एवं स्वयं आफू, परिवार, समाज र राष्ट्रको हितवर्द्धक हुने गरी मनाऔँ। यसमा अन्तर्निहित महानतालाई स्विकारी भएका

महान् उद्देश्य प्राप्तिमा पहिले जीवनमा समरसता, दिव्यता, नम्रता, शिष्टता, सात्विकतालाई अवलम्बन गर्नु पर्दछ तब मात्रै आत्मिकमनुष्यको प्रकटीकरण सम्भव छ।

शक्ति आराधनाको यस परम पावन पर्वको महत्त्व नबुझेर निरीह पशुपक्षीको रगतले जति रक्तरञ्जित

कमीकमजोरी र विकृतिलाई हटाउँदै नेपाली मात्रको परम पावन पर्वका रूपमा यसलाई उजागर गर्न सबैले आ-आफ्नो तर्फबाट योगदान दिन सक्यौँ भने विजयादशमी सबैका लागि दिव्य र भव्य बन्न सक्छ किनभने यो शक्ति आराधनाको दिव्य पर्व हो। ■

वैज्ञानिकहरुले प्लाइस्टोसिन युगको एउटा वनस्पतिलाई पुनः उमारेका छन्। यो वनस्पति ३२ हजार वर्षपहिलेको हो। यसैले पुनः उमारिएको यो सबैभन्दा पुरानो वनस्पति भएको छ। यसलाई ३२ हजार वर्षपहिलेको बीउबाट वैज्ञानिकले उमारेका हुन्। ■

-युवामञ्च



विश्व चर्चित दु:खद प्रेमकथा

■ बद्रीप्रसाद घिमिरे

१. २६ वर्षीय नेपोलियनसित भेट हुँदा जोसेफिन दुई सन्तानसहितकी एकल महिला थिइन् । भेट हुनासाथ उनलाई नेपोलियनले मन पराए तर जोसेफिनलाई नेपोलियन खासै आकर्षक लागेनन् । तैपनि सन् १७९६ मा उनीहरूले बिहे गरे । विवाहलगत्तै नेपोलियन विजय अभियानका लागि श्रीमतीलाई पेरिसमा छोडेर युद्धमा होमिए ।

पतिप्रति समर्पित रहे पनि वैधानिक उत्तराधिकारी दिन नसकेकाले उनीहरूको सम्बन्ध विच्छेद भयो तर उनीहरूको प्रेम जीवनभर कायम रह्यो । एकअर्कामा प्रेमपत्र आदानप्रदान भइरह्यो । नेपोलियनको पतनपछि उलबा टापुमा निर्वासित आफ्ना पतिलाई भेट्नुअघि जोसेफिनको निधन भएको थियो ।

सत्तामा फर्केपछि विक्षिप्त बनेका नेपोलियनले उनको चिहानबाट फूल टिपे र नमरुन्जेल साथमा राखे ।





२. महारानी भिक्टोरिया राजकुमार अल्बर्टलाई साँचो प्रेम गर्थिन् । अल्बर्टको असामयिक निधनले भिक्टोरिया विक्षिप्त बनिन् । जसले गर्दा शक्तिशाली राजतन्त्रको जग हल्लियो । तत्पश्चात् उनले बाँकी जीवन कालो कपडा लगाएर एकान्तमा बिताइन् ।

३. एबेलार्ड आफूभन्दा २० वर्ष कान्छी छात्रा हेलोइससित प्रेममा फसे । जब हेलोइसका काकाले उनीहरूको सम्बन्ध थाहा पाए त्यतिबेलासम्म हेलोइस गर्भवती भइसकेकी थिइन् । उनीहरूको बिहे त भयो तर एबेलार्डको जबरजस्ती नसच्छेदन गरियो । यसबाट अपमानित महसुस गर्दै एबेलार्ड भिक्षु बने तर उनीहरूको प्रेम कहिल्यै टुटेन ।





४. सर्बियाका राजा अलेक्जेन्डर प्रथम आफूभन्दा १२ वर्ष जेठी ड्रागा मसिन नामकी एकल महिलासित प्रेममा परे र उनैसित बिहे पनि गरे। उत्तराधिकारीमा आफ्नै सालाहरूलाई चयन गर्न खोजेको आरोपमा सेनाले दरबारको खानतलासी गर्‍यो। दोषी पाइएपछि ड्रागा र अलेक्जेन्डरलाई सेनाले गोली हानेर मारिदियो।



५. मेरी गडविनले विवाहित पर्सी सेलीसित भागेर बिहे गरिन्। यस काण्डबाट उम्किन उनीहरू बेलायत छोडेर युरोप भ्रमणमा निस्के। यता पर्सी सेलीकी जेठी श्रीमती हेरियट गर्भवती थिइन् र उनीले विक्षिप्त भई आत्महत्याको बाटो रोजिन्। यस काण्डले गर्दा पर्सी र मेरी सेलीले निर्वासित जीवन बिताउनु पर्‍यो। उनीहरूका धेरै सन्तान जन्मे पनि एउटा मात्र बाँच्यो। सन् १८२२ मा इटालीमा डुङ्गा दुर्घटनामा परी पर्सी सेलीको निधन भयो भने मेरी सेलीको निधन सन् १८५१ मा भयो। अझ रमाइलो कुरा त के छ भने मेरी सेलीले ३० वर्षसम्म मृत लोग्नेको मुटु डेस्कमा राखिन्।

६. सन् १६०७ मा शाहजाहाँ मुमताज महलसित प्रेम गर्न पुगे। सन् १६१२ मा त उनीहरूको विवाह नै भयो। १४ औँ सन्तानलाई जन्म दिने क्रममा मुमताजको निधन भयो। उनले पत्नीको सम्झनामा भव्य समाधिस्थल बनाउन लगाए। जसलाई अचेल ताजमहल भनिन्छ।

७. इन्फन्ते पिटर पोर्तुगाली सिंहासनको उत्तराधिकारी थिए। उनी आफू विवाहित भए पनि इनेस दे कास्त्रो नामकी युवतीसित प्रेम गर्न पुगे। पत्नीको मृत्युपछि इनेसलाई नयाँ पत्नीका रूपमा स्वीकारिदिन बाबुसित आग्रह गरे तर बाबुले मानेनन्। राजा अल्फोन्सोले इनेसलाई उनैकै सन्तानअगाडि फाँसीको आदेश दिए। भनिन्छ पिटरले आफू सत्तामा आएपछि इनेसको शव उत्खनन गर्न लगाए र सिंहासनमा राखेका थिए।



८. राचेल डोनाल्डसनले सन् १७९१ मा एन्ड्रयु ज्याक्सनसित प्रेम विवाह गरिन्। उनको पहिलो पति थिए लेविस रोबर्डस। लेविसले उनीसितको सम्बन्ध विच्छेदको प्रक्रिया अघि नबढाएकाले ज्याक्सनका विरोधीले त्यसलाई मुद्दा बनाए। साथै राचेललाई चरित्रहीनको आरोप पनि लगाए। जसले मुटुरोगी राचेलको स्वास्थ्यस्थिति बिग्रियो।



ज्याक्सन अमेरिकाको राष्ट्रपति हुनुभन्दा दुई महिनाअघि उनको निधन भयो। राचेलको निधनबाट ज्याक्सन निकै मर्माहत भए। राचेल होसमा आउने आशामा उनी लामो समयसम्म उनको शवसँगै रहे।



९. कवि जोन किट्सले फेनी ब्राउनसित प्रेममा परेपछि निकै चर्चित कविता लेखे । फेनीसित भेट हुनुअघि किट्स महिला र बिहेबाट टाढै रहन्थे । लभ अफेयर अवधिभर उनले कैयन प्रेमपत्र लेखे र आफ्नी प्रेमिकालाई सफल कवि बनेपछि बिहे गर्ने वचन दिए । सन् १८२० मा क्षयरोगका कारण किट्सको निधन भयो । मर्नुअघि उनले फेनीका अन्तिम पत्र आफ्नो कफिनमा राखिदिन आग्रह गरेका थिए । ■

लामो शब्दसँग लाग्ने डरलाई अङ्ग्रेजीमा **Hippopotomonstrosesquippedaliophobia** भनिन्छ । ३६ अक्षरको यो शब्द सर्वप्रथम रोमन कवि होरेसले इसापूर्व पहिलो शताब्दीमा प्रयोग गरेका थिए । उनले लामा शब्दमा अनावश्यक झुकाव राख्ने लेखकको आलोचना गर्न उनले यो शब्द प्रयोगमा ल्याएका हुन् ।

-युवामञ्च



मिस नेपाल वर्ल्ड आश्माकुमारी केसी


हिडन ट्रेजरले ललितपुरको गोदावरीमा आयोजना गरेको मिस नेपाल–२०२४ प्रतियोगितामा काठमाडौँकी २६ वर्षीय आश्माकुमारी केसी मिस नेपाल बनिन् । मिस नेपालको ३० औँ संस्करणमा उनले २५ जना प्रतिस्पर्धीलाई पछाडि पारिन् । प्रतियोगितामा मिस नेपाल इन्टरनेसनल करुणा रावल र मिस अर्थ सुमना केसी भइन् ।

आश्माले सामाजिक कार्य विषयमा स्नातक तहसम्म अध्ययन गरेकी छन् । मिस नेपाल आश्मा अनलाइन व्यापार इम्पोर्ट डिस्ट्रिब्युसन एक्स्पोर्टको सञ्चालक पनि हुन् । उनको व्यवसायमा १३ महिलाले रोजगारी पाएका छन् । अब आश्माले मिस वर्ल्डमा सहभागिता जनाउने छिन् । ■

-सागर बस्नेत

स्मार्ट बन्ने दौड

गोपनीयतामाथि प्रश्न !





अजय शर्मा

तपाईंले केही समययता उपकरणहरू कसरी स्मार्ट बन्दै गएका छन् भन्ने कुरा याद गर्नुभएको छ ? सूचना प्रविधि क्षेत्रका दिग्गज कम्पनी एप्पल, माइक्रोसफ्ट, गुगललगायतका विभिन्न कम्पनी अहिले कृत्रिम बुद्धि (एआई) उपकरण र टुल निर्माणमा जुटेका छन् ।

एआई टुलले जन्मदिन सम्झाउने, फोटो एडिट गर्ने, स्वास्थ्य सल्लाह दिने, मन पर्ने गीत तथा सङ्गीत सुनाउने, स्पाम कल पत्ता लगाउनेसम्मका काम गर्छन् । यी कुरा सुन्दा निकै रमाइलो र आनन्ददायी छ, हैन त ! तर तपाईंलाई थाहा छ यी सबै कुरा गर्न तपाईंको व्यक्तिगत सूचना आवश्यक पर्छ । एआईले तपाईंबाट पाएका व्यक्तिगत सूचनाका आधारमा यी सबै गर्न सकेको हो ।

तपाईंको कम्प्युटरले तपाईंले गर्ने सबै कुराको स्क्रिनसट लिन सक्छ । तपाईंको स्मार्ट फोनले तपाईंको मोबाइल फोनमा रहेका सबै जानकारी एपबाट निकाल्न सक्छ । तपाईंको स्मार्ट फोनले स्पाम कल सुन्न सक्छ । यो सुपर स्मार्ट सहायक जस्तो हो । यसरी एआईले सूचना प्रविधिका क्षेत्रमा ठूलो प्रश्न उब्जाएको छ । यस परिवर्तनले हाम्रो गोपनीयतामा ठूलो असर पुर्‍याउन सक्छ ।

एआईका अनगन्ती यस्ता नवीन र व्यक्तिगत सेवा प्रयोगकर्तालाई दिन यी कम्पनीलाई निरन्तर रूपमा व्यक्तिगत सूचना र डाटा आवश्यक हुन्छ । सूचना प्रविधिविज्ञहरूका अनुसार विगतमा कम्प्युटर उपकरण र एप, फाइल, फोटो अलग र पृथक् रहन्थे तर अहिले एआईले गर्दा उपकरण, एप, फाइल, वेबसाइट र



सूचना प्रविधि क्षेत्रमा यो परिवर्तन ओपन एआईको च्याटजिपिटीको आगमनपछि भएको हो । जसले करिब दुई वर्षअघि सूचना प्रविधि उद्योगमा नयाँ तरङ्ग ल्याइदियो ।

सञ्चारसँग जोडिएर आए छन् । त्यसैले यस विषयमा समग्र दृष्टिकोण आवश्यक पर्छ । हामी यो नयाँ एआई युगतर्फ अगाडि बढ्दै गर्दा हामीले हाम्रा सुविधा र गोपनीयताका विषयमा कुन रोज्ने वा कसरी अगाडि बढ्ने भन्ने विषयमा चिन्तन गर्नु पर्छ ।

सूचना प्रविधि क्षेत्रमा यो परिवर्तन ओपन एआईको च्याटजिपिटीको आगमनपछि भएको हो । जसले करिब दुई वर्षअघि सूचना प्रविधि उद्योगमा नयाँ तरङ्ग ल्याइदियो । त्यसपछि गुगल, माइक्रोसफ्ट र अन्य कम्पनीले एआई टुल विकास गर्न अर्बौं लगानी गरिसकेका छन् । विशेषज्ञका अनुसार सबैभन्दा ठूलो सम्भावित सुरक्षा जोखिम हाम्रा उपकरणको काम गर्ने तरिकामा भर पर्छ ।


एआईले जटिल कार्यलाई स्वचालित बनाउन सक्छ । यस कामका लागि हाम्रो फोनले गर्न सक्ने भन्दा धेरै शक्ति आवश्यक पर्छ । यसको अर्थ हाम्रो थप डाटा हाम्रो फोनबाहिर प्रशोधनका लागि पठाइन सक्छ । यस्ता डाटा क्लाउडमा पठाइन्छ । यस्तो काम सम्पन्न गर्न सर्भरको एक नेटवर्कमार्फत क्लाउडमा पुगिसकेपछि हाम्रा जानकारी अन्य व्यक्तिको पहुँचमा पर्न सक्छ ।

अहिले हाम्रो व्यक्तिगत डाटा जस्तै फोटो, सन्देश र इमेल कम्पनीहरूले आफ्ना सर्भरसँग जोडेर विश्लेषण गर्न सक्छन् । तथापि टेक कम्पनीहरूले प्रयोगकर्ताको डाटा सुरक्षित गर्न महत्त्वपूर्ण प्रयास गरेको दाबी गर्ने गर्छन् ।

एआई उपकरणहरू प्रयोग गर्दा हाम्रो जानकारीसँग के हुन्छ भनेर बुझ्नु अत्यन्त जरुरी छ । यस्ता उपकरण प्रयोग गर्दा पहिला कम्पनीले प्रयोगकर्ताका डाटा लिने अभ्यास र नीतिका बारेमा जानकारी राख्नु पर्छ । यी प्रविधि पर्याप्त मात्रामा राम्रोसँग काम गर्छन् कि गर्दैनन् भनेर हेर्नु पर्छ । त्यसपछि मात्र यस्ता टुल प्रयोग गर्नु पर्छ ।

के कुरामा ध्यान दिने ?

एआई उपकरण र टुलको प्रयोग गर्नुअघि केही महत्त्वपूर्ण कुरामा ध्यान दिनु आवश्यक छ :



१) गोपनीयता र डाटा सुरक्षा :

एआईले प्रयोगकर्ताको व्यक्तिगत जानकारी जस्तै स्थान, सम्पर्क, नम्बर र गतिविधि, सङ्कलन गर्न सक्छ। यी जानकारी कसरी भण्डारण र प्रयोग गरिन्छ भन्ने कुरा बुझ्नु पर्छ। साथै प्रयोगकर्ताले एआईको गोपनीयता नीतिलाई ध्यानपूर्वक पढ्नु पर्छ। आफ्नो जानकारी कसरी सार्वजनिक गरिन्छ भन्ने कुरा बुझ्नु पर्छ। यति भएपछि मात्र एआईसँग प्रयोगकर्ताले डाटा सेयर गर्नु पर्छ।

२) नैतिकता र जवाफदेहिता :

एआईको प्रयोगले समाजमा नैतिकताका प्रश्न उठ्न थालेका छन्। जस्तै एआईको प्रयोगले कुनै विशेष समूहलाई अन्यायपूर्ण व्यवहार वा पक्षपाती निर्णय हुन सक्छ। एआईले गरेका निर्णयमा को जवाफदेही हुने भन्ने कुरा स्पष्ट हुनु पर्छ। समाजमा जस्तै एआईको प्रयोग गर्दा भर्चुअल समाजमा समेत नैतिकता र जवाफदेहिता आवश्यक पर्दछ।

३) तथ्याङ्क र पूर्वाग्रह :

एआईले सार्वजनिक रूपमा उपलब्ध डाटामा आधारित निर्णय लिने गर्छ। यो डाटा पक्षपाती भएमा एआईले पनि पक्षपाती निर्णय लिन सक्छ। त्यसैले एआईका लागि प्रयोग गरिएको डाटा सही र अद्यावधिक हुनु पर्छ। यसतर्फ एआई निर्माता कम्पनी र प्रयोगकर्ता एकदमै चनाखो रहनु जरुरी छ।

४) कानुनी व्यवस्था र पालना :

एआई प्रयोग गर्नुअघि प्रयोगकर्ताले आफ्नो देशमा एआई प्रयोगसम्बन्धी नीति, नियम र कानुन के छ भन्ने जान्नु पर्छ। यस्तै प्रयोगकर्ताले अन्तर्राष्ट्रिय मापदण्डको पनि पालना गर्नु पर्छ। कानुनको अनभिज्ञता क्षम्य हुँदैन। कानुन सबैले जान्नु र मान्नु पर्छ भन्ने कानुनको आधारभूत मान्यता हो।

५) सामाजिक र सांस्कृतिक प्रभाव :

एआईको प्रयोग गर्दा स्थानीय संस्कृतिलाई सम्मान गर्नु पर्छ। यसको प्रयोगले समाजमा के असर पार्न सक्छ भन्ने कुरा पनि विचार गर्नु पर्छ।

६) प्रयोगकर्ताको जानकारी र शिक्षा :

एआईको सही प्रयोगका लागि प्रयोगकर्ताले आवश्यक तालिम र जानकारी लिनु पर्छ। यसले कसरी काम गर्छ भन्ने कुरा बुझ्नु पर्छ ।

एआईले जीवनका हरेक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। यसको प्रयोगले हाम्रो जीवनलाई अझ सरल, सुरक्षित र प्रभावकारी बनाइरहेको छ। यद्यपि एआईको प्रयोग गर्दा गोपनीयता, नैतिकता र कानुनको पनि ध्यान राख्न आवश्यक छ। यी सबै कुरा विचार गरेर मात्र एआई उपकरण र टुलहरूको सुरक्षित र प्रभावकारी प्रयोग गर्न सकिन्छ। ■

माचु पिचु: विश्वको सातौँ आश्चर्य




■ रतन भण्डारी

दक्षिण अमेरिकी राष्ट्र पेरुमा अवस्थित 'माचु पिचु' विश्वको सातौँ आश्चर्य मानिन्छ। 'इन्काहरूको हराएको शहर' नामले समेत परिचित माचु पिचु विश्वभरका इतिहासकार, पुरातत्त्वप्रेमी एवं पर्यटकको गन्तव्य बन्ने गरेको छ।

पेरुको एन्डिज पर्वतमालामा अवस्थित यो प्राचीन धरोहर इन्का सभ्यताको अद्वितीय इन्जिनियरिङ र सांस्कृतिक नमुनाको प्रतीकका रूपमा रहेको छ। पहाडमाथिको खण्डहर माचु पिचु इन्का शासकहरूको शासनकालको इतिहास, वास्तुकला र धरोहरको साक्षी हो।

माचु पिचु र हुआयना पिचु नामक दुई पहाडी टाकुराबीचको साँघुरो काखमा बसेको माचु पिचु पेरुको कुज्को शहरबाट ८० किलोमिटर उत्तरपश्चिम एन्डिज पर्वतको कोर्डिलेरा दे





भिल्काबाम्बामा रहेको छ। पेरुको राजधानी लिमादेखि ५०३ किलोमिटर टाढा रहेको माचु पिचु उरुबाम्बा प्रान्तको माचु पिचु जिल्ला पर्दछ।

समुद्र सतहबाट दुई हजार ४३० मिटर उचाइमा रहेको माचु पिचु पेरुको इन्का शासकहरूको शासनकालमा विकसित सभ्यताको प्रतीक मानिएको छ। माचु पिचुको तल उरुबाम्बा नदी बग्दछ।

निर्माणकाल

माचु पिचुको निर्माण पेरुका इन्का शासकको शासनकालमा भएको थियो। इन्का शासक पाचाकुटी इन्का युपान्कीले माचु पिचुलाई आफ्नो निवासस्थान र धार्मिक केन्द्रका रूपमा निर्माण गरेका थिए। अमेरिकी मानवशास्त्री प्रा. रिचार्ड एल. बर्गरका अनुसार माचु पिचुको निर्माण सन् १४५० ताका भएको थियो।

सन् २०२१ मा रेडियो कार्बनडेटिङका आधारमा भएको अध्ययनले माचु पिचुमा सन् १४२०–१५३० सम्म मानव बसोबास रहेको देखाएको छ। उक्त अध्ययनले माचु पिचुको निर्माण इन्का शासक पचाकुतेक इन्का युपान्की (सन् १४३८–१४७१) र टुपाक



इन्का युपान्की (सन् १४७२–१४९३) पालामा भएको स्पष्ट पारेको छ।

पचाकुतेकले आफ्नो निजी प्रयोजनका लागि माचु पिचु किल्ला बनाएका थिए। त्यसैले माचु पिचु 'शाही' सम्पत्तिका रूपमा रहेको थियो। तथापि यसको कुनै उत्तराधिकारी भने थिएन। स्पेनीहरूको आक्रमणपछि



इन्का साम्राज्यको अन्त्य हुनुका साथै माचु पिचु पनि निर्जन बन्न पुग्यो।

माचु पिचुको निर्माणमा प्रयोग भएको कला र इन्जिनियरिङ विधालाई इन्काहरूको अद्वितीय क्षमताको प्रमाण मानिएको छ। इन्काहरूले विकट पहाडी भूभागमा यतिसम्मको अत्याधुनिक संरचना निर्माण गरेर वर्तमान इन्जिनियरिङ विधालाई समेत चुनौती दिएका छन्।

तर एक शताब्दी नबित्दै स्पेनी साम्राज्यवादीहरूको विजयसँगै यो स्थान खण्डहर बन्न पुग्यो। केही इतिहासकार भने स्पेनी आक्रमणअघि नै बिफर महामारीका कारण माचु पिचुको बस्ती विस्थापन भएको थियो भन्ने मान्यता राख्छन्।

नामकरण

पेरुको स्थानीय केचुवा भाषामा 'माचु' को अर्थ 'पुरानो' वा 'प्रौढ' तथा 'हुआयना' को अर्थ 'जवान' भन्ने हुन्छ। 'पिचु' ले 'शिखर', 'चुचुरा' वा 'पिरामिड' भन्ने जनाउँद छ। सोही कारण यस स्थानको नाम 'पुरानो पर्वत' वा 'पुरानो चुचुरो' लाई बुझाउने गरी स्थानीय भाषामा माचु पिचु भनिएको हो।

यद्यपि इन्का शासनकालमा माचु पिचुको नाम के थियो भन्ने हालसम्म अज्ञात नै छ तर अध्ययनले त्यतिबेला यस स्थानलाई 'हुआयना पिचु' तथा 'पिचु' मात्रै भनेर चिनिन्थ्यो भन्ने निष्कर्ष निकालेको छ। यस क्षेत्रको खण्डहरको अध्ययनका क्रममा सन् १९११ मा अमेरिकी अन्वेषक हाइराम विङ्घमको सोधखोजसँगै माचु पिचु नामकरण भएको मानिन्छ।

अन्वेषण

१६ औँ शताब्दीको अन्त्यमा स्पेनीद्वारा विजित क्षेत्रमा 'हुआयना पिचु' पनि एक थियो। उक्त हुआयना पिचु भनेर उल्लिखित क्षेत्र माचु पिचु नै हो भन्नेमा इतिहास एकमत छ। स्पेनी सैन्य प्रमुख कार्ता बाल्तासार डे ओकाम्पोले १६ औँ शताब्दीको अन्त्यतिर पेरुको पिटकोस नामक एक पर्वतीय किल्लाको भ्रमणपछिको आफ्नो डायरीमा टिपेका लेखोटमा त्यहाँ निर्मित भव्य भवनहरू, कालिगडी आदिको चर्चा गरेका छन्।

स्पेनीको आक्रमणपछिको चार सय वर्षसम्म माचु पिचु ओझेलमा पर्न गयो। शताब्दीयौँदेखि माचु पिचु र आसपासको क्षेत्र वनजङ्गलले ढाकिन पुग्यो। तथापि केही स्थानीय यस क्षेत्रबारे केही जानकार थिए। सोही कारण माचु पिचुलाई पछि सन् १८६७ मा एक जना जर्मन व्यवसायी अगस्टो बर्न्सले पुनः खोजेको र त्यहाँबाट केही पुरातात्त्विक सामग्री लिएका थिए। वर्न्सअघि एक जना अर्का जर्मन इन्जिनियर जेएम

टाँसिने पदार्थको प्रयोग गरेर बनाइएका यी संरचना आजसम्म पनि स्थिर छन् । माचु पिचुका मुख्य संरचनामा इन्काहरूको धार्मिक तथा सांस्कृतिक आस्थासमेत प्रतिविम्बित हुन्छ । माचु पिचुको प्रमुख संरचनामध्ये एक हो 'टेम्पल अफ दी सन' अर्थात् सूर्य मन्दिर । जुन मन्दिरमा इन्काहरू सूर्य देवताको पूजा गर्थे ।

भोन ह्यासेल माचु पिचु पुगेको भनिन्छ ।

सन् १९११ मा अमेरिकी मानवशास्त्री हाइराम विङ्घम माचु पिचुको खोजमा जुटे । स्थानीय मेल्चोर आर्टेगासँगै उनी माचु पिचु पुगेका थिए । विङ्घमले त्यहाँ तीनझ्याले मन्दिरको एउटा पर्खालमा 'अगस्टिन लिजारागा सन् १९०२' लिखित कोइला देखे । विङ्घमले अगस्टिन लिजारागालाई नै माचु पिचुका खोजकर्ता भनेर आफ्नो डायरीमा लेखे । आफ्ना लेखमा पनि माचु पिचुको पहिलो खोजकर्ता भनेर लिजारागाकै नाम लिए तर विङ्घमले पछि 'लस्ट सिटी अफ दी इन्कास' (सन् १९५२) मा माचु पिचुको खोजकर्ता आफैँलाई घोषणा गरेका थिए ।

जनजीवन

माचु पिचुमा बसोबास गर्ने बासिन्दाको सङ्ख्या ७५० जति रहेको अनुमान गरिएको छ । जसमा धेरै जसो यानाकोना, याना (सहयोगी कर्मचारी) थिए । उनीहरू स्थायी रूपमा त्यहीँ बस्थे । शासक पचाकुतेक स्वामित्वमा रहेको माचु पिचुमा केही धार्मिक व्यक्ति, विशेषज्ञ र मायोक (अस्थायी श्रमिक) पनि त्यहाँ रहन्थे । उनीहरू इन्का शासकको सेवा सुविधामा खट्दथे । माचु पिचुमा प्राप्त मानिसका कङ्कालको अध्ययनले त्यहाँ बस्ने अधिकांश बासिन्दा बाहिरबाट आएको बुझिन्छ । आजीवन माचु पिचुमै बसेको सङ्केत गर्ने कुनै पनि रासायनिक र अस्थिपञ्जर प्रमाण नभेटिएका कारण उनीहरू बाहिरबाट गएर बसेको अध्ययनले पुष्टि गरेको थियो ।

भौतिक संरचना

माचु पिचुको वास्तुकला अद्वितीय छ । पहाडको माथिल्लो भूभागमा अवस्थित माचु पिचुमा निर्मित संरचना निर्माणमा ढुङ्गा प्रयोग गरिएको छ । विशाल ढुङ्गालाई जोडेर भवन, मन्दिर, सिँढी, गरा–कान्ला निर्माण गरिएका छन् ।

यस कारण माचु पिचु इन्का सभ्यताको उत्कृष्ट वास्तुकला र इन्जिनियरिङ कौशलको अद्वितीय नमुनाका रूपमा परिचित छ । यो स्थलमा १५० भन्दा बढी भवन छन् । जसमा मन्दिर, महल र आवासीय संरचना समावेश रहेको देखिन्छ । माचु पिचुका भवन पत्थरलाई जोडेर





बनाइएका छन् र यी संरचनाको निर्माण सिस्साकार शैलीमा गरिएको छ ।

टाँसिने पदार्थको प्रयोग गरेर बनाइएका यी संरचना आजसम्म पनि स्थिर छन् । माचु पिचुका मुख्य संरचनामा इन्काहरूको धार्मिक तथा सांस्कृतिक आस्थासमेत प्रतिविम्बित हुन्छ । माचु पिचुको प्रमुख संरचनामध्ये एक हो 'टेम्पल अफ दी सन' अर्थात् सूर्य मन्दिर । जुन मन्दिरमा इन्काहरू सूर्य देवताको पूजा गर्थे ।

माचु पिचुमा रहेका अन्य संरचनामा इन्टिहुआतना, रुम अफ थ्री विन्डोज, स्यान्चुरी र कन्डोर टेम्पल प्रमुख हुन् ।

सूर्य मन्दिर

माचु पिचुमा निर्मित सूर्य मन्दिर एउटा प्राकृतिक गुफामा रहेको छ । माचु पिचुमा रहेको सूर्य मन्दिर एउटै यस्तो संरचना हो जो गोलाकार छ । मन्दिरमा झ्यालहरू, कक्षहरू र प्रवेश द्वार निर्माण गरिएको छ । केही इतिहासकार त्यहाँ इन्का सम्राट पचाकुतेकको ममी गाडिएको विश्वास गर्छन् । सूर्य अर्धवृत्ताकार सूर्य मन्दिर विङ्घहामको 'शाही समाधिस्थल' माथि रहेको चट्टानमा निर्मित छ ।

माचु पिचुमा रहेको सूर्य मन्दिर कुस्कोमा रहेको सूर्य मन्दिर र पिसाकमा अविस्थित मन्दिरसँग समानता राख्दछ । जुन मन्दिरलाई विङ्घहामले 'प्याराबोलिक घेरबारको पर्खाल' भनेर वर्णन गरेका छन् । यस मन्दिरको ढुङ्गे संरचना उत्कृष्ट गुणस्तरको छ ।



मन्दिरभित्र १.२ मिटर चौडाइ र २.७ मिटर लम्बाइको चट्टानको मञ्च छ । जसको माथिल्लो भाग चिल्लो छ । यसको दक्षिण पश्चिम भागमा सानो 'पोडियम' छ । त्यहाँ 'सर्पको ढोका' ३४० डिग्रीको कोणमा बनाइएको छ । यस मन्दिरमा दुई वटा 'ट्रापेजोइडल' आकारका झ्याल छन् । जसमा एउटा ६५ डिग्रीमा रहेको छ । उक्त झ्याललाई 'सोल्स्टिस झ्याल' भनिन्छ । अर्को १३२ डिग्रीमा रहेको झ्याललाई 'कुल्का झ्याल' भन्ने गरिएको छ ।

इन्टिहुआतना

सूर्य मन्दिरपछि माचु पिचुको अर्को मुख्य आकर्षण हो इन्टिहुआतना नामक पवित्र ढुङ्गा । इन्टिहुआतना इन्काहरूले खगोलीय घडी वा पात्रोका रूपमा डिजाइन गरेको विश्वास गरिन्छ । इन्टिहुआतनाको प्रयोग सूर्यको गति मापन गर्न र वर्षभरिको समय निर्धारणमा गरिन्थ्यो ।

इन्टिहुआतनालाई 'सूर्यलाई बाँध्ने ठाउँ' भनेर पनि चिनिन्छ । इन्काहरूको धार्मिक परम्परामा सूर्यलाई अत्यन्तै महत्त्वपूर्ण देवता मानिन्थ्यो र उनीहरूले सूर्यको पूजा गर्न तथा खेतीपातीको समय निर्धारण गर्न इन्टिहुआतना प्रयोग गर्थे ।

इन्टिहुआतनाले खगोलीय घटनाहरू जस्तै सूर्यको अयन वृत्तको पहिचान गर्न मद्दत गर्थ्यो । जसले इन्काहरूलाई खेतीको सही समय निर्धारण गर्न सजिलो बनाउँथ्यो । यो ढुङ्गाले सूर्यका किरणको आधारमा छाया सिर्जना गर्थ्यो र त्यही छायाको माध्यमबाट समयको पहिचान गरिन्थ्यो ।

इन्टिहुआतना केवल खगोलीय यन्त्र मात्र नभई इन्का सभ्यताको धार्मिक आस्था र वैज्ञानिक ज्ञानको प्रतीक पनि हो । यसलाई इन्काहरूको अद्वितीय इन्जिनियरिङ र वास्तुकलाको प्रमाण मानिन्छ । जसले उनीहरूको प्राचीन सभ्यतालाई आजसम्म जीवित तुल्याएको छ ।

माचु पिचुको आन्डेने (मानव निर्मित गरा–कान्ला) मा खेती गरिन्थ्यो । ती गह्रामा पानीको निकास र सिँचाइमा विशेष ध्यान दिइएको पाइन्छ । वर्षा बढी हुने क्षेत्र भएकाले पानीको निकासलाई व्यवस्थित गरिएको थियो । गराको निर्माणमा खेतीका अतिरिक्त पहाडलाई भूक्षय र पहिरोबाट जोगाउने उद्देश्यसमेत राखिएको पाइन्छ ।

आसपासका क्षेत्रमा रहेका मूलको पानी सिँचाइ, खानेपानीका लागि प्रयोग गरिन्थ्यो । करिब ४.९ हेक्टरमा फैलिएको खेतीयोग्य जमिनमा मकै र आलु खेती गरिन्थ्यो ।

पर्यटकीय गन्तव्य

माचु पिचु पेरुको प्रमुख पर्यटकीय आकर्षण हो । प्रत्येक वर्ष लाखौं पर्यटक त्यस प्राचीन स्थलको अवलोकन गर्न त्यहाँ पुग्छन् । माचु पिचुमा पुग्नका लागि कुस्को

शहरदेखि ट्रेन वा पैदल यात्रा गर्न सकिन्छ। कतिपय पर्यटक 'इन्का ट्रेल' पदमार्गबाट माचु पिचु पुग्ने गर्छन्। जुन साहसिक यात्रा गर्नेका लागि लोकप्रिय छ।

इतिहास, धार्मिक महत्त्व र वास्तुकलाले माचु पिचु संसारभरका मानिसका लागि आकर्षणको केन्द्र बनेको छ। माचु पिचुले पेरुको ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक पहिचान निर्माणमा अहं भूमिका खेलेको छ। ▪



सन् १९९० मा मलेसियाका बलिष्ठ मानिस रमासामे लेचेमनाहले क्वालालम्पुरमा आफ्नो कपालमा बाँधेर बोइङ ७३७ विमान १७ मिटर तान्दै विश्व कीर्तिमान बनाएका थिए। उनमा भएको यस्तो क्षमता उनको छोरीमा पनि देखियो। उनले सन् २००२ मा आफ्ना कपालले एउटा ट्रक तानेकी थिइन्। ▪

-युवामञ्च



सय वर्षअघिका
रेल, सडक र रोपवे





■ गोपीचन्द्र कार्की

सयौँ वर्षअघि मानिस नेपाल खाल्डो (काठमाडौँ उपत्यका), चार भन्ज्याङ काट्न कुन बाटो भएर बाहिर जान्थे र भित्रिन्थे होलान् । युरोपेली पादरी र काश्मिरी मुसलमानहरू भारत, नेपाल हुँदै तिब्बत पुग्दथे । चिनियाँ भिक्षुहरू तिब्बतबाट नेपाल हुँदै भारत पुग्ने गर्थे । त्यसबेला भारतबाट बेलायतीले तिब्बतसँग व्यापार गर्दथे ।

सन् १८४९ मा अङ्ग्रेज अधिकारीका रूपमा कर्क पेट्रिक पहिलो पटक काठमाडौँ उपत्यका भित्रिएका थिए । त्यहीताका तत्कालीन श्री ३ जङ्गबहादुर राणा बेलायतको यात्रामा निस्किए । तत्कालीन समयमा थानकोट, चन्द्रागिरि पहाड हुँदै चित्लाङ, भीमफेदी, कुलेखानी, वीरगन्ज भएर भारतको रक्सौल पुग्ने एक मात्र बाटो थियो । तराईका जङ्गलमा शिकार खेल्न तत्कालीन श्री ३ महाराजहरूका परिवार, पाहुनापाछा र नातागोता पनि यही बाटो लावालस्कर लागेर जाने गर्दथे । चन्द्रशमशेर आफैँ पनि यही बाटो भएर वि.सं. १९६० मा बेलायत भ्रमणमा गएका थिए ।

त्यसरी आवतजावत गर्ने उतिबेलाको एउटै मात्र मुख्य बाटो भनेको चिसापानी गढीको थियो। चिसापानी गढीको बाटो जान थानकोट भएर चन्द्रागिरि पहाडको उकालो चढेर चित्लाङ, मार्खु, कुलेखानी हुँदै हिँडेर गढी पुग्न सकिन्थ्यो। त्यसपछि भीमफेदी, भैँसे, हेटौँडा अमलेखगन्ज (भिक्षाखोर) निस्केर तराईको सिमरा, परवानीपुर हुँदै वीरगन्ज भएर भारतको रक्सौल पुगिन्थ्यो। यो कुरा पुराना पुस्तालाई थाहा भए पनि आजका पुस्तालाई सय वर्षअघि नेपालमा पहिलो पटक चलेको रेल, रोपवे र सडकबारे थाहा नहुन सक्छ।

तत्कालीन श्री ३ चन्द्रशमशेरले सय वर्षअघि अर्थात् १९८१ सालतिर रक्सौलबाट अमलेखगन्जसम्म रेल चलाउने, अमलेखगन्ज-धोर्सिङ, भीमफेदीसम्म मोटर बाटो बनाउने र धोर्सिङसम्म आइपुगेको सामान मातातीर्थसम्म रोपवेमा ल्याई राजधानी पुऱ्याउने योजना बनाए। त्यो योजना वि.सं. १९८१ मा सुरु भई वि.सं. १९८४ मा करिब तीन वर्षमै सम्पन्न पनि भएको थियो। यो योजना सम्पन्न हुनुअघि सामान ल्याउन लाग्ने समय १२-१५ दिन छोटिएर झन्डै एकै दिनमा काठमाडौँमा सामान आइपुग्ने भयो।

श्री ३ चन्द्रशमशेरले त्यसबेला भारदारी बैठकसमेत बोलाई धोर्सिङदेखि मातातीर्थ रोपवे निर्माण गर्ने कि नगर्ने भन्ने सम्बन्धमा राय लिन वि.सं. १९८० मा कचहरी बोलाएका थिए। त्यस कचहरीमा उपस्थित भएका केही भारदारले भने भरियाको गरिखाने पेसा बन्द हुने भएकाले रोपवे बनाउने काम गरिनुहुन्नसमेत भनेको कुरा सरदार भीमबहादुर पाँडेले 'त्यस बखतको नेपाल' पुस्तकमा लेखेका छन्।

वि.सं. १९८४ अघिसम्म रक्सौलको सामान काठमाडौँ उपत्यका ल्याउनु पर्दा त्यहाँबाट भरियाले बोकेर वीरगन्ज, परवानीपुर, सिमरा, अमलेखगन्ज, हेटौँडा, भैँसे हुँदै चिसापानी गढीको बाटो भएर कुलेखानी, मार्खु,



रेल, मोटरबाटो र रोपवे चलाउने कार्य तत्कालीन समयको क्रान्तिकारी काम नै मान्नु पर्दछ। रेल, बाटो र रोपवेले गर्दा विदेशबाट आउने सामान सहज रूपमा काठमाडौँ भित्रिन थालेको थियो।



चित्लाङको ठाडै उकालो चन्द्रागिरि पर्वत काटेर थानकोट आउनु पर्दथ्यो। यसरी भरियाले भारी बोकेर सामान ओसारपसार गर्न १२-१५ दिनसम्म लाग्दथ्यो। यसको अर्को विकल्प पनि थिएन।

चन्द्रशमशेरलाई यति ठूलो योजना सम्पन्न गर्न आर्थिक स्रोत जुटाउने आँट भने त्यसबेला यसरी भएको देखिन्छ। प्रथम विश्वयुद्धपछि बेलायती सरकारले नेपाल सरकारलाई एक लाख ४० हजार पाउन्ड स्टर्लिङ अर्थात् त्यतिबेलाको नेपाली करिब २१ लाख रुपियाँ सहयोग गरेको थियो। त्यतिबेलाको समयमा यो रकम सानो पक्कै थिएन। त्यसैले यो खुसीको कुरा सुनाउन चन्द्रशमशेरले १९७७ सालमा टुँडिखेलको खरीको बोटमा ठूलो भेला बोलाई सहयोग प्राप्त भएको कुरा मात्र सुनाएनन्, यो पैसा आफूले रक्सौल-काठमाडौँ यातायात विकासमा खर्च गर्ने समेत घोषणा गरेका थिए।

त्यसबेला रक्सौलदेखि अमलेखगन्जसम्म न्यारोगेजको बिजुलीबाट चल्ने रेल कोलकाताको मर्टिन एन्ड बरन कम्पनीले बनाएको थियो। अमलेखगन्जबाट धोर्सिङ, भीमफेदीसम्मको मोटर चल्ने सडक नेपाली सेनाले तयार पारेका थिए। यस काममा नेपाली सेनाका चिफ



इन्जिनियर कर्णेल डिल्लीजङ्ग थापालाई जिम्मा लगाई पठाइएको थियो। धोर्सिङबाट मातातीर्थसम्म चल्ने रोपवे भने बेलायती कम्पनीद्वारा निर्माण गरिएको थियो भनी पाँडेले लेखेका छन्। यो नै नेपालकै पहिलो रेल र रोपवे (रज्जुमार्ग) थियो।

वि.सं. १९८४ बाट रक्सौलको सामान न्यारोगेजको रेलबाट अमलेखगन्ज आउने भयो र त्यहाँबाट गाडीमा राखेर धोर्सिङ, भीमफेदीसम्म ल्याइने भयो। धोर्सिङबाट रोपवेमा राखेर चन्द्रागिरिको फेदैमा रहेको मातातीर्थको (हाल चन्द्रागिरि नगरपालिका) तत्कालीन १० नं. स्टेसनमा मालसामान ल्याइने व्यवस्था गरियो। त्यहाँबाट सामान सजिलै थानकोटसम्म चलेको मोटरबाटो भएर काठमाडौं ल्याउन सकिने भयो।

रेल, मोटरबाटो र रोपवे चलाउने कार्य तत्कालीन समयको क्रान्तिकारी काम नै मान्नु पर्दछ। रेल, बाटो र रोपवेले गर्दा विदेशबाट आउने सामान सहज रूपमा काठमाडौं भित्रिन थालेको थियो। रोपवेबाट आउन नसक्ने सामान भने भीमफेदीबाट मानिसले बोकरै ल्याउने गर्दथे। त्यसताका काठमाडौं उपत्यकाबाट बाहिर जाने बाटोका रूपमा थानकोटसम्म मात्र मोटर चल्ने बाटो थियो। तथापि त्यस समयमा काठमाडौंमा मोटरगाडी भने चलेकै थिए।

त्यसबेला राणाहरू र केही ठूला साहुमहाजनले चढ्नका लागि ल्याइने गाडीलाई खोल्न मिल्ने पार्टपुर्जाहरू भीमफेदीमा खोली गाडीलाई पचासौं जनाले नोल लगाई बोकेर ल्याइन्थ्यो। त्यसरी मानिसले बोकेर ल्याइएको गाडी राजधानी ल्याएर चुस्त दुरुस्त बनेपछि त्यसमा बल्ल मानिस बोक्ने गरिथ्यो।

श्री ३ चन्द्रशमशेरले २८ वर्ष शासन गरे र वि.सं. १९८६ मङ्सिर ३० गते उनको मृत्यु भएको थियो। उनीपछि उनका भाइ ६४ वर्षीय भीमशमशेरले शासन सञ्चालन गरे। यहाँ यातायात क्षेत्रको कुरा गर्दा अर्को छुटेको अथवा नलेखिएको पाटो के छ भने भीमशमशेरले काठमाडौंमा पनि सामान बोक्ने रेल मातातीर्थको १० नं. स्टेसनबाट टेकु भन्सारसम्म चलाएका थिए। त्यसलाई आममानिसले ट्ली भन्दथे। त्यो रेल चल्नुभन्दाअघि धोर्सिङ, भीमफेदीबाट मातातीर्थसम्म रोपवेबाट आएको सामान भरियालाई बोकाएर वा गाडाबाट राजधानी पुऱ्याउने गरिन्थ्यो।

१९८८ सालमा तत्कालीन श्री ३ महाराज भीमशमशेरले दाजुको कामलाई निरन्तरता दिन



काठमाडौँका जनतालाई पनि रेल देखाउने र सस्तोमा चामल खुवाउने भनी मातातीर्थ १० नं. स्टेसनबाट रेल चल्ने लिक बिच्छ्याई टेकु भन्सारसम्म पुऱ्याएका थिए। यो रेल डिजेलबाट चल्ने थियो। रेल चल्ने लिक मातातीर्थ १० नं. स्टेसनबाट सुरु भई सतुङ्गल, तीनथानाको विष्णुदेवी मन्दिर, घट्टेपाखा हाल सिभिल होमको बस्ती, कलङ्की बोक्सी दह, गाङ्खेल हुँदै टेकु भन्सारसम्म चल्थ्यो। यसमा छदेखि १२ डिब्बा हुन्थे।

हामीले देख्दा २०१६ सालतिर बन्द भएको रेलका लिक, ठाउँ ठाउँमा रहेका बाइपास, गुमज (तल मान्छे हिँड्ने माथिबाट रेल चल्ने बाटो) पछिसम्म पनि रहेका थिए। त्यस्तै तीनथाना–मच्छेगाउँ जाने बाटोमा पर्ने बल्खुखोला (इन्द्रावती) माथि रेल गुड्न बनाइएको फलामे जक्खु पुल थियो। त्यस पुलमा रहेको फलामको प्लेटमा फलामकै अक्षरले भीमशमशेरले पाएका मानपदवी, अलङ्कारसमेत उल्लेख गरिएको थियो।

यो पुल इस्वी संवत् १९३० मा अमेरिकाको युएसए स्टिल प्रडक्स कम्पनीमा बनेको र वि.सं. १९८८ (इपु १९३१) मा पुल निर्माण गरिएको कुरा फलामका प्लेटमा लेखिएको थियो। सो पुल र प्लेटमा लेखिएको कुरा तीनथाना गाविसबाट २०५५ मा प्रकाशित तीनथाना परिचयमा पनि उल्लेख गरियो। सो बेलिब्रिज पुल सात–आठ वर्षअघि नयाँ पुल बनाउने क्रममा भत्कियो र सो पुलमा रहेको तिथिमिति लेखिएको स्टिल प्लेट भने हाल चन्द्रागिरि नगरपालिका वडा नं. १५ मा सुरक्षित राखिएको छ।

सम्भवतः चन्द्रशमशेरले सुरुवात गरेर उनका भाइ भीमशमशेरको पालामा काठमाडौँसम्म सिधै सामान आइपुग्ने गरी बनाइएको संरचनाको बाँकी अवशेष अब यही स्टिल प्लेट होला। २०२२ सालमा जग्गाको नापनक्सा हुँदा मातातीर्थ १० नं. स्टेसनदेखि टेकु भन्सारसम्म रेल गुड्ने जग्गाका कतिपय ठाउँमा लिक मार्ग पनि नक्सामा देखाइएको पाइन्छ। कलङ्कीमा त अहिले पनि तत्कालीन समयमा रेल गुड्ने त्यसबेलाको रेलमार्गमा मोटरगाडी चल्ने बाटो बनाई त्यसलाई 'लिकमार्ग' भनेर संरक्षण गरिएकै छ।



रोपवेको कुरा गर्दा त्रिभुवन राजपथ बनिनसकेको हुँदा रेलले मात्र सामान ओसार्न नभ्याएर हो कि १० नं. स्टेसन, मातातीर्थबाट टेकु भन्सारसम्म प्रधानमन्त्री मोहनशमशेरको पालामा बेलायत सरकारको सहयोगमा काठमाडौंभित्र रोपवे पनि बनाइएको थियो। त्यो रातो देखिने भएकाले यसलाई रातो रोपवे भन्दथे। यो १० नं. स्टेसनबाट सतुङ्गल, नैकाप, ढुङ्गाअड्डा, कलङ्कीको बोक्सी दह हुँदै टेकु भन्सारसम्म विस्तार गरिएको थियो।


बूढापाकाहरूको भनाइ अनुसार यो २००७ सालअघिको कुरा हुनुपर्दछ। यसबाट त्रिभुवन राजपथ बन्नुअगाडिसम्म सामान ल्याउने र लैजाने काम गरिन्थ्यो। पछिसम्म पनि पुरानो रोपवेको खम्बा, रोपवेको तार र कहीँ कहीँ तारमा झुन्डिएर रहेका सामान बोक्ने क्यारियर देख्न सकिन्थ्यो। पछि यसलाई राज्यस्तरबाटै कबाडी लगाई खाली गरियो।

२०१२/१३ सालमा त्रिभुवन राजमार्ग पूर्ण रूपमा खुलेपछि भने काठमाडौँमा गुड्ने न्यारोबडीको मालवाहक रेल २०१६/१७ सालतिर बन्द भयो। त्रिभुवन राजपथ खुले पनि यसबाट काठमाडौँसम्म सामान ल्याउने र यताबाट लैजाने क्षमतालाई वृद्धि गर्ने हेतुले होला २०२१/२२ सालतिर अमेरिकी सहयोगमा हेटौँडादेखि टेकु भन्सारसम्म अर्को रोपवे बनाइएको थियो। यो रोपवे हेटौँडा, चित्लाङ, देउराली हुँदै मच्छेगाउँ कीर्तिपुर, ट्याङ्लाफाँट भएर टेकु भन्सार पुग्दथ्यो। यो नेपालकै बिजुलीबाट चल्ने रोपवे थियो।

यसको निर्माण भएपछि यसले बिहान ६ बजेदेखि बेलुका ६–७ बजेसम्म निरन्तर उताको सामान यता र यताको सामान उता ल्याउने र लैजाने गर्दथ्यो। यसलाई कुनै झरीबादल, बाढीपहिरो केहीले पनि रोकावट गर्दैनथ्यो। सम्बन्धित निकायबाट यसको उचित संरक्षण र रेखदेखको अभावमा यो पनि अन्ततः बन्द भयो। ■







सन् २०१५ मा इस्टर चाडका दिन भिक्टोरिया सिलियर्स स्काई ड्राइभिङ गर्न गइन्। उनीले प्यारासुटसमेत भिरेकी थिइन्। विमानबाट हामफालेपछि सिलियर्सले प्यारासुट खोलिन् तर प्यारासुटले काम गरेन। हावामा फनफन्ती घुम्दै जमिनतिर तेज गतिमा झरिरहेकी उनको मृत्यु निश्चित जस्तै भयो तर चमत्कार, उनी बाँचिन्। पछि जाँच गर्दा थाहा भयो भिक्टोरियाको प्यारासुट त उनकै पतिले उनलाई मार्नका लागि बिगारेका रहेछन्। सन् २०१८ मा उनका पतिलाई आजीवन जेल हालियो। ■

–युवामञ्च

प्राडा भागवत ढकाल

प्राचार्य, नेसंवि




प्राडा भागवत ढकाल नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गतको वाल्मीकि विद्यापीठमा प्राचार्य (क्याम्पस प्रमुख) को जिम्मेवारीमा छन् । शास्त्री, नेपालीमा स्नातकोत्तर र विद्यावारिधि हासिल गरेका ढकाल संस्कृत साहित्यका अध्येताका रुपमा चिनिन्छन् । समालोचना, खोज-अनुसन्धानका साथै साहित्य सिर्जनामा समेत कलम चलाउने प्राडा ढकालले भरतराज पन्तको महाकाव्यकारितामाथि विद्यावारिधि गरेका छन् ।

उनका प्रकृति प्रत्ययकोष (संयुक्त) सैद्धान्तिक कसीमा भाउपन्थीका कथा, भरतराज पन्तको काव्यकारिता, समालोचक अम्बिकाप्रसाद अधिकारी, आधुनिक समालोचना र पौरस्त्य समीक्षा सिद्धान्तलगायतका कृति प्रकाशित छन् । मानिसको जीवन आफैंमा एक पुस्तक भएको उनी बताउँछन् । पुस्तकले मानिसलाई सुसंस्कृत बनाउन र आफूभित्रका समाजसापेक्ष पक्षलाई पस्किन मद्दत गर्दछ । समाजमा भएका आफू अनुकूल सामग्री अध्ययन गर्न पुस्तकबाहेकको अर्को उपयुक्त माध्यम छैन । किताबकै माध्यमबाट विश्व विचरण गर्न सकिने भएकाले किताबविहीन समाज र मानवको परिकल्पना गर्न नसकिने उनको गहिरो धारणा छ ।

प्राडा ढकालको जीवनमा अधिक प्रभाव पारेको पुस्तक भने श्रीमद्भगवतगीता नै हो । गीताले मानव हुनुको औचित्य, मानवका कर्म, मानव धर्म, ज्ञान, भक्ति र कर्मयोग सिकाएको छ । असल मानव नै ईश्वरका रुपमा रुपान्तरण हुन सक्ने, कर्मले व्यक्तिको उचाइ बढ्ने, सुख र दुःख समान रहेको स्थितिज्ञ हुनुपर्ने, अग्रजको सम्मान गर्नुपर्ने ज्ञान र चेतना जुनसुकै समूहबाट पनि लिनुपर्ने कुरा श्रीमद्भगवतगीताले सिकाएको उनी बताउँछन् । संसारमा किताब नहुँदो हो त संसार आजको अवस्थामा पक्कै पनि आइपुग्ने थिएन भन्छन् उनी । वैज्ञानिक एवं सामाजिक परिवर्तन, परिष्कार र भौतिक सुख सुविधाबाट धेरै टाढा रहेर मानव किताबविहीन अवस्थामा पशु समान जीवन व्यतीत गरिरहेको हुन्थ्यो भन्दै उनी भर्तृहरिको भनाइ स्मरण गर्छन् । घरमा पुस्तकालय नै खडा गरेका प्राडा ढकाल अध्ययन अनुसन्धान नै आफ्नो रुचिको क्षेत्र भएको बताउँछन् । प्रस्तुत छ, उनले पछिल्लो समयमा अध्ययन गरेका पाँच पुस्तकप्रतिको विचार :


ईशादी दश उपनिषद्



स्वामी रामानन्द गिरिद्वारा नेपाली अनुवाद एवं विशेष व्याख्या गरिएको 'ईशादी दश उपनिषद्' सबैले पढ्नैपर्ने कृति हो। यस कृतिमा ईश, कठ, केन, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, श्वेतास्वतर र कैवल्य उपनिषद्हरूको व्याख्या गरिएको छ। जन्म, मृत्यु, रोग र बुढ्याइँले पिल्सिएर शोकको सागरमा डुबेको मानव जातिलाई सबैभन्दा पहिले शोकको सीमाभन्दा पर पुग्न सकिन्छ भनी बताउने उपनिषद् ग्रन्थहरू नै हुन्। शरीर इन्द्रियको सीमित परिधिलाई आफ्नो अस्तित्व भनी मानिरहेको मानिसलाई तिम्रो अस्तित्व असीमित र अनन्त छ, तिमी त सर्वव्यापक ब्रह्म हौ भनी दिव्य सन्देश सुनाउने ग्रन्थ पनि उपनिषद् नै हुन्। संसारको कुनै पनि धर्ममा कुनै सम्प्रदाय या परम्परामा उपनिषद्भन्दा अर्को शास्त्र छैन, जसले जीवलाई ब्रह्म बनाइदिन सकोस्। वेदान्त दर्शनलाई श्रुतिप्रस्थान, स्मृतिप्रस्थान र न्यायप्रस्थान गरी तीन भागमा विभाजन गरिएको छ र उपनिषद्हरू श्रुतिप्रस्थान हुन्। श्रीमद्भगवतगीता स्मृतिप्रस्थान हो। ब्रह्मसूत्र न्यायप्रस्थान हो। संसारका सबै प्राणीहरू सुख चाहन्छन् दुःख नजिक नआओस् भन्ने उनीहरूको चाहना हुन्छ। सुख प्राप्तिका लागि उनीहरूको सङ्घर्ष चलिरहेको हुन्छ तर सुख दिन प्रतिदिन टाढा गइरहेको हुन्छ। उपनिषद्हरूले मानव जातिलाई शाश्वत सुखको नजिक


लैजान मार्गनिर्देश गर्दछन् । सुखको खोजी बाहिर होइन सुखको स्रोतलाई चिन, आफूभित्रको परमात्मा तत्त्वलाई देख अनि शान्ति प्राप्त गर्न सकिन्छ भन्ने गहन भावको व्याख्याले कृति उत्कृष्ट छ ।

समस्या अनेक समाधान एक




रमेश नेपालको जीवन विज्ञान प्रतिष्ठानद्वारा प्रकाशित 'समस्या अनेक समाधान एक' कृतिले जीवनबोध गराउँछ । कृतिको मूल खोज हो– पाँचौँ शक्ति । कर्मको फल, राम्रो कुरा प्रचारको परिणाम, अनौठो आश्चर्य, अल्छी लाग्छ के गर्ने ? पढ्न मन लाग्दैन के गर्ने ? हामी र ईश्वरमा के फरक छ ? मृत्युको तयारी, अमर कीर्ति, किन चढाइन्छ मन्दिरमा फूल ? रोगमुक्तिका सूत्र, समृद्धिका लागि त्रिशक्ति, खुसी हुने सूत्र, सद्गुण अवगुण र निर्गुण, आत्मा के हो ? नमस्कार गर्दा किन निहुरिने ? निधारमा टीका किन लगाउने ? विचारको कब्जियत, हिन्दु धर्ममा धेरै देवता हुनुको रहस्य, ध्यान गरेर के पाइन्छ ? लगायत ५० भन्दा बढी उपशीर्षकमा जीवन भोगाइका समस्या र तिनको समाधानको व्यावहारिक उपायको विश्लेषण गरिएको छ । कृतिमा आफू समस्या नबनेर समाधान बन्न आग्रह गरिएको छ । समाजका विविध प्रश्नलाई समाजकै दृष्टान्त र उदाहरणबाट प्रमाण जुटाइएको कृति पठनीय र व्यवहारोपयोगी छ ।

अतीतका पाना




साहित्यकार केशवराज पन्तद्वारा लिखित 'अतीतका पाना' आत्मसंस्मरण हो । यस कृतिभित्र पन्त वंशावली र पुर्खाको सङ्क्षिप्त परिचय, आफ्नै गाउँ, आफ्ना आमाबुबाको अवस्था, पारिवारिक अवस्था, समाजमा चलेका रीतिरिवाज र अध्ययन, काठमाडौँ आउनुको उद्देश्य, विद्यार्थी आन्दोलन, जागिरमा बिताएका दिन, अप्रत्याशित घटना, आधा अङ्ग गुमाउँदाको पीडा, सिर्जनात्मक गतिविधि जस्ता विभिन्न उपशीर्षक राखेर जीवन यात्रालाई समाजसापेक्ष तुल्याएर विश्लेषण गरिएको छ । यस कृतिले पश्चिम नेपालको गुल्मीको सेरोफेरोलाई सङ्केत गरे पनि सिङ्गो नेपालको सामाजिक, पारिवारिक अवस्था, समस्या र जीवन भोगाइलाई साधारणीकरण गरेर प्रस्तुत गरिएको छ । लेखकले भोगेका समस्यालाई समाजोपयोगी र सर्वसाधारणसँग एकाकार गरेर प्रस्तुत गरेका छन् । सुखदुःख जीवनचक्र हो, सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नु हुँदैन भन्ने गहकिलो सन्देश कृतिमा प्रस्तुत छ । यो कृति सत्यसँग नजिक रहेको सामाजिक यथार्थको दस्ताबेज हो ।

आत्मानुसन्धान



अन्वेषक चेतनाथ शर्मा आचार्यको 'आत्मानुसन्धान' निकै गहन कृतिका रूपमा प्रकाशित छ । आत्मा र ईश्वरसम्बन्धी दार्शनिक एवं शास्त्रीय चिन्तन प्रस्तुत कृतिले आध्यात्मिक जगत्लाई साक्षात्कार गराउँछ । नश्वर शरीरलाई नै आफू ठानी सांसारिक विषयवस्तुको भोगमै भुलिरहने हामीजस्ता अज्ञानीलाई आत्मज्ञानको निर्मल र निर्भय मार्ग दर्शाई अमरताको बाटो हिँड्न अभिप्रेरणा दिने यस कृतिले पौरस्त्य दर्शनको ईश्वर र आत्मासम्बन्धी मुख्य विषयवस्तुलाई विवेचना गरेको छ । अद्वैत वेदान्तले आफू भनेको शरीर होइन, आकाशमा विद्यमान भएर शरीरसँग नमिलेको विशुद्ध बोधरूप प्रत्येक आत्मा नै आत्मा हो भन्दछ । त्यसै प्रसङ्गलाई कृतिमा विश्लेषण गरिएको छ । नित्य ज्ञानी ईश्वर हो भन्ने निरूपणका क्रममा ईश्वर मान्नु र नमान्नु, वेद प्रमाण मान्नु र नमान्नु, आस्तिकता र नास्तिकताको प्रयोजक हो भन्ने मूलभाव रहेको छ । आचार्य लामो समयसम्म सञ्चार क्षेत्र, धार्मिक गतिविधि र प्राध्यापन क्षेत्रमा सक्रिय रहेकाले पुस्तकमा विविध क्षेत्र समेटिएको पाइन्छ ।

शार्दूलललित्य



कवि जगदीश्वर पोखरेलको 'शार्दूलललित्य' कवितासङ्ग्रहमा १२५ वटा कविता सङ्कलित छन् । सबै कविता शार्दूलविक्रीडित छन्दमा लेखिएकाले कृति को नाम नै 'शार्दूलललित्य' राखेको बोध हुन्छ । 'शतेसु जायते शूरः सहस्रेषु च पण्डितः' भन्ने नीतिवचन अनुसार सय बच्चा जन्मिँदा एक जना बहादुर हुनसक्छ, त्यस्तै हजार बच्चा जन्मिँदा एक जना योग्य विद्वान् जन्मिन्छ भन्ने मान्यता अनुसार यस कृतिमा स्रष्टा पोखरेल ती हजारौँ प्रतिभामध्ये एक भएर जन्मिएको भन्दै भूमिकाकारले प्रशंसा गरेका छन् । काव्यिक क्षेत्रमा पोखरेल प्रशंसायोग्य व्यक्ति भएकोमा द्विविधा हुँदैन । भानु शीर्षक कविताबाट थालनी गरिएको यस काव्यमा बढीमा ८–१० श्लोकसम्मका फुटकर रचना रहेका छन् । जीवनमा कवि हृदयले भोगेका र अनुभूत गरेका प्रसङ्गलाई कृतिमा समेटेका छन् । ■

– प्रस्तुति : तुलसीहरि कोइराला

लोकसाहित्यले सुम्पिएको रैथाने ज्ञान



■ यमबहादुर दुरा

'बुढा मरे भाषा सरे ।'

यस लोकोक्तिले ज्ञान हस्तान्तरणको प्रक्रियालाई जनाउँछ । मानिस जन्मन्छ र एक दिन संसारसँग नाता तोडेर बिदा हुन्छ । संसारबाट बिदा हुने व्यक्तिले आफूसँग भएका ज्ञान, संस्मरण, अनुभव र अनुभूतिलाई आफ्नो जीवनकालको विभिन्न कालखण्डमा पटक पटक गरेर नयाँ पुस्तालाई हस्तान्तरण गर्छ । यसरी हस्तान्तरित ज्ञान उसको विरासत पनि हो ।

ज्ञान हस्तान्तरण प्रक्रिया सरुवा भएर जाने कर्मचारीले बरबुझारथ गरे जस्तो औपचारिक हुँदैन । यो प्रक्रिया एकै पटकमा पनि सम्पन्न हुँदैन । यो त अनौपचारिक, सतत् र नजानिँदो प्रक्रिया हो ।

व्यक्तिले आफ्नो जीवन-भोगाइ, अनुभव र अनुभूति साथीसङ्गी र आफन्तजनलाई साझा गर्ने क्रममा थाहा नपाइकनै ज्ञान हस्तान्तरण प्रक्रिया सम्पन्न हुन्छ । अग्रज पुस्ताले अनुज पुस्तालाई ज्ञान हस्तान्तरण गर्ने विधि र प्रक्रिया नै यही हो । जसलाई लोकसाहित्यले सहजीकरण गर्छ । यसबाट 'बुढा मरे भाषा सरे' भन्ने उखान चरितार्थ हुन पुग्छ ।



लोकसाहित्य

'लोकसाहित्य' को चर्चा गर्नुअघि यसको शब्द–विन्यासतिर लागौँ। 'लोक' र 'साहित्य' गरी दुई फरक–फरक शब्द मिलेर 'लोकसाहित्य' शब्द निर्माण भएको छ। जसको अर्थ हुन्छ– लोकको साहित्य, जनताको साहित्य वा जगत्‌को साहित्य। लोकसाहित्य मौखिक परम्परामा आधारित वकितम साहित्य हो ।

यस दृष्टिले लोकसाहित्य लोककण्ठ वा जनजिब्रोमा आधारित साहित्य हो। समग्रमा भन्नु पर्दा लोकसाहित्य कथ्य साहित्य हो। लोकसाहित्यलाई सांस्कृतिक अभिव्यक्तिको एउटा बलवान् साधन मानिन्छ। जसमा लोककथा, लोकगाथा, आहान, गाउँखाने कथा, लोकपद्य, लोकनाटक (घाँटु, सोरठी बालुन आदि), उखान–टुक्का, लोकगीत, मिथक, मन्त्रलगायत मौखिक अभिव्यक्तिका तमाम रूप समाविष्ट हुन्छन्।

डा. रामनाथ ओझा र मधुसूधन गिरीकृत पुस्तक *'लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध'* (२०६४) मा लोकसाहित्यलाई यसरी चिनाइएको छ– मानव सभ्यताको इतिहासमा अभिव्यक्तिको प्रथम सोपानका रूपमा जन्मेका जेठो साहित्य नै लोकसाहित्य हो। आदिम अपठित मानवको सहज, स्वाभाविक र अकृत्रिम साहित्य नै लोकसाहित्य हो।

अमेरिकी लोकसाहित्यविद् एलन डन्स् आफ्नो कृति '*द स्टडी अफ फोकलोर* (सन् १९६६)' मा लोकसाहित्यलाई यसरी चिनाउँछन्– लोकसाहित्यले जनताको आवाजलाई प्रतिनिधित्व गर्छ र उनीहरूको सामूहिक मनोविज्ञान, सामाजिक मापदण्ड र विश्व दृष्टिकोणबारे अन्तरदृष्टि प्रदान गर्छ।

अर्का अमेरिकी लोकसाहित्यविद् तथा मानवशास्त्री विलियम रसेल बस्कम लोकसाहित्यबारे '*द जर्नल अफ् अम्यारिकन फोकलोर* (सन् १९५४)' मा लेख्छन्– लोकसाहित्य समाजको ऐना हो। जसले सांस्कृतिक सम्पदालाई सुरक्षित राख्छ र जनताको सामूहिक अनुभवलाई प्रतिविम्बित गर्छ।

यसैगरी अर्का चर्चित अमेरिकी लोकसाहित्यविद् रिचर्ड मर्सर डोर्सनले आफ्नो कृति '*फोकलोर एन्ड फोकलाइफ* (१९७२)' मा लोकसाहित्यलाई लोकसंस्कृतिको एक अभिन्न अङ्गका रूपमा चित्रण गर्दै यसले भौतिक, संस्कृति र सामाजिक प्रथालाई कख्याउँछ भन्ने राय पेश गरेका छन्।

स्टिथ थम्पसन र जोनास बेलिसद्वारा लिखित पुस्तक

'ओरल ट्रेडिसन्स' मा भनिएको छ, लोकसाहित्यले आफ्नो उत्पत्ति हुँदाको सामाजिक र सांस्कृतिक वातावरणलाई प्रतिविम्बित गर्छ। लोकसाहित्यले सामाजिक तथा सांस्कृतिक इतिहासलाई पनि समेट्छ भन्ने छनक दिन्छ।

यी परिभाषा नियाल्दा लोकसाहित्य लोककण्ठमा आधारित मौखिक साहित्य हो भन्न सकिन्छ। जसमा लोकजीवन, लोकसंस्कृति, लोकइतिहास, लोकमनोविज्ञान, लोकानुभूति र लोकज्ञान प्रतिविम्बित हुन्छन्। लोकसाहित्य साझा, लचिलो, गतिशील र बहुआयामिक हुन्छ। यसले लोकलाई मनोरञ्जन, शिक्षा र प्रेरणा दिने क्षमता राख्छ।

लोकसाहित्यको एउटा महत्त्वपूर्ण विशेषता सामूहिकता हो। लोकसाहित्यले समाजको साझा पहिचान र आपसी अपनत्वको भावना अभिवृद्धि गर्छ। लोकसाहित्यमा चित्रित साझा कथा र पात्रमार्फत समाजको सामूहिक स्मृति र अपनत्वको भावना प्रतिविम्बित हुन्छ। यसले सामूहिक एकताको भावनालाई सबल तुल्याउँछ।

हामीकहाँ लोकसाहित्यको अथाह भण्डार छ तर यो अथाह भण्डारलाई समृद्ध तुल्याउने पौरखी शिल्पी वा सर्जकहरू अज्ञात रहन्छन्। यसको अर्थ हो सिङ्गो समाज नै लोकसाहित्यको सर्जक हो। लोकसाहित्यमा एउटा व्यक्तिको नभई सिङ्गो समाजको प्रतिलिपि अधिकार कायम रहन्छ। यसलाई लोकसाहित्यको एउटा सुन्दरतम विशेषता मान्न सकिन्छ।

परम्परागत ज्ञान

लामो समयदेखि समुदायमा प्रचलित सामूहिक ज्ञान, सिप, अभ्यास र सांस्कृतिक अभिव्यक्ति नै परम्परागत ज्ञान हो। जुन मूलतः मौखिक परम्परामा आधारित हुन्छ। वातावरणविद् फिक्रेट बर्क्सले आफ्नो कृति *'सेक्रेड इकोलोजी* (सन् २०१२)' मा परिचय दिए अनुसार समयको लामो कालखण्डदेखि चलिआएको ज्ञान, अभ्यास र विश्वासको भण्डार नै परम्परागत ज्ञान हो। जुन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जान्छ।

यसैगरी जैविक विविधतासम्बन्धी अभिसन्धि (सन् १९९२) का अनुसार आदिवासी समूह र स्थानीय समुदायले लामो समयदेखि व्यवहारमा लागू गर्दै आएको जीवनशैलीसँग सम्बन्धित अभ्यास नै परम्परागत ज्ञान हो। जुन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको हुन्छ। विश्व बौद्धिक सम्पत्ति सङ्गठनले परम्परागत ज्ञानलाई विश्वका विभिन्न समुदायभित्र पुस्तौँदेखि अस्तित्वमा रहेको र पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएको ज्ञान, सिप र अभ्यासका रूपमा चित्रण गरेको छ।

यस सन्दर्भमा न्युजिल्यान्डका परम्परागत ज्ञानका ज्ञाता मार्गरिट रोबर्ट्स र साथीहरूले सन् २०१८ मा 'द कन्टेम्पोरेरी प्यासिफिक' मा प्रकाशित शोधपत्रमा न्युजिल्यान्डका माओरी समुदायको भूमि र पानीसम्बन्धी ज्ञान उनीहरूको आध्यात्मिक विश्वास र सांस्कृतिक पहिचानसँग गहिरो गरी जोडिएको चर्चा गरेका छन्।

परम्परागत ज्ञानका इटालेली ज्ञाता फाबियो माक्सोकीले सन् २०१८ मा प्रकाशित आफ्नो शोधपत्रमा धेरैजसो आदिवासी समुदायमा प्रचलित स्वास्थ्यसम्बन्धी ज्ञान केवल स्वास्थ्यका लागि मात्र नभई आध्यात्मिक र भावनात्मक सुख शान्तिका लागि पनि लक्षित हुन्छन् भन्ने ठहर गरेका छन्।

परम्परागत ज्ञान प्राकृतिक तथा सामाजिक खुला प्रयोगशालामा परीक्षण र परिष्कृत हुँदै आएको हुन्छ। परम्परागत ज्ञान आधुनिक ज्ञानभन्दा जेठो त हुँदै हो यो बहुपरीक्षित पनि हुन्छ। यसर्थ परम्परागत ज्ञानको दिगोपन र विश्वसनीयता उच्चस्तरको रहन्छ। वातावरण-अनुकूलता, दिगोपन, अनुभवसिद्ध, सामूहिक स्वामित्व, मौखिक प्रसारण एवं गतिशीलता परम्परागत ज्ञानको मूलभूत विशेषता हुन्।

वातावरण-अनुकूलता, दिगोपन, अनुभवसिद्ध, सामूहिक स्वामित्व, मौखिक प्रसारण एवं गतिशीलता परम्परागत ज्ञानको मूलभूत विशेषता हुन्।

परम्परागत ज्ञान मूलतः कृषि, ओखतीमूलो, वातावरण तथा जैविक विविधता व्यवस्थापन जस्ता मानव जीवनका बहुआयामिक पाटोसँग जोडिएको हुन्छ। जसले लोकसंस्कृति, लोकसाहित्य र लोकजीवनसँग गहिरो नाता गाँसेको हुन्छ। परम्परागत ज्ञानले स्थानीय समुदायको सांस्कृतिक वा आध्यात्मिक पहिचानसँग गहिरो नाता गाँसेको देख्न सकिन्छ। यसले हस्तकला, बुनतुनलगायत तमाम स्थानीय ज्ञान र सिपका सबै विधालाई आत्मसात् गरेको हुन्छ।

लोकसाहित्य र परम्परागत ज्ञानबीच नाता

लोकसाहित्य र परम्परागत ज्ञानबीच अन्योन्याश्रित सम्बन्ध छ। लोकसाहित्यलाई परम्परागत ज्ञान प्रवाह गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा लिन सकिन्छ। परम्परागत ज्ञानको भण्डार लोकसाहित्यबाटै निसृत, विस्तारित र समृद्ध हुँदै गएको हो। परम्परागत ज्ञानलाई समाजको फराकिलो

घेरासम्म विस्तार गर्ने र जीवन्त तुल्याउने जीवनदायिनी भूमिका लोकसाहित्यले नै निर्वाह गर्दै आएको छ। लोकसाहित्यमा परम्परागत ज्ञान पानीमा चिनी घोलिएझैं मिसिएर आएको हुन्छ, जो एक सिक्काका दुई पाटा जस्तै हुन्।

लोकसाहित्यले युगौं पुरानो सांस्कृतिक मूल्य–मान्यतालाई अँगाल्दै परम्परागत ज्ञान उत्पादन, भण्डारण र विस्तारमा महत्त्वपूर्ण भूमिका खेल्छ। जसले स्थानीय समुदायको जीवनशैली, विश्व दृष्टिकोण र तमाम मूल्य–मान्यतालाई प्रतिविम्बित गर्छ। लोकसाहित्यका विभिन्न विधाले परम्परागत ज्ञानलाई सुमसुम्याउने, हुर्काउने–बढाउने काम गर्छ। मिथक र किंवदन्तीले प्राकृतिक घटना, मानव उत्पत्ति एवं मानव र प्रकृतिबीचको सम्बन्धलाई रोचक किसिमले प्रस्तुत गर्छ।



लोककथाले नैतिक पाठ, जीवन–दर्शन र सांस्कृतिक मूल्य–मान्यतालाई गजबले समेट्छ। यसले कथामा चित्रित नायकको साहस, धैर्य, इमानदारी, दृढता जस्ता गुणलाई लोभलाग्दो किसिमले पस्कन्छ भने खलनायकको हकमा उसका लोभ, पाप जस्ता दुर्गुणलाई चित्रण सार्छ। उत्तर आयरल्यान्डकी प्राध्यापक रुथ फिनेगनले आफ्नो कृति *'ओरल पोइट्री* (सन् १९७७)' मा लेख्छिन्– लोककथा र उखानले समाजलाई नैतिक पाठ र व्यावहारिक ज्ञान सिकाउँछन्।

लोकगाथाले वीर–वीरङ्गनाको साहसिक कदमलाई लोकपद्यका रूपमा दस्तावेजीकरण गर्छ। जसमा लोकइतिहासको तत्त्व भेटिन्छ। गाउँखाने कथाले प्रश्नोत्तर शैलीमा ज्ञान विस्तार गर्छ। यसले मनोरञ्जनपूर्ण किसिमले समयकटनीमा योगदान दिन्छ। जस्तो : 'धार्नी न बिसौली, दुई हातले उचाली' के हो ? (उत्तर : टोपी लगाएको)। 'आमाभन्दा छोरी कुप्री' के हो ? (उत्तर : निङ्ग्रो)।

लोकनाटकले यिनै ऐतिहासिक घटनालाई अभिनयमा ढालेर प्रस्तुत गर्छ। त्यसमा साङ्गीतिक पक्ष पनि जोडिएको हुन्छ। उखान–टुक्काले युगौं पुरानो जीवन–भोगाइ र अनुभूतिलाई सङ्क्षिप्त र स्मरणीय किसिमले अभिव्यक्त गर्छ। हामीले उच्चारण गर्ने मन्त्र धार्मिक तथा आध्यात्मिक ज्ञानको 'क्याप्सुल' नै हो। लोकगीतले यिनै जीवन–भोगाइ र अनुभूतिलाई सरल, सरस र लयबद्ध ढङ्गमा प्रस्तुत गर्छ। लोकगीत परम्परागत ज्ञानको भण्डार नै हो।

समग्रमा लोकसाहित्यमा कृषिकर्म, जडीबुटी, ओखतीमूलो, मौसम, प्राकृतिक स्रोत व्यवस्थापन, हस्तकला, सामाजिक मनोविज्ञान र जीवन जिउने कलालगायतका विषयमा जीवनदायिनी ज्ञान लुकेका हुन्छन्। लोकसाहित्यले रैथाने ज्ञानको संरक्षण तथा संवर्धन, सांस्कृतिक पहिचान निर्माण आदि क्षेत्रमा उच्चस्तरको योगदान दिन्छ। केही दृष्टान्तः

हजार ओखती, एक पहरेज

विश्व स्वास्थ्य सङ्गठनले परम्परागत ओखतीमूलोलाई प्राथमिक स्वास्थ्योपचारका दृष्टिले महत्त्वपूर्ण आधार मानेको छ। लोकसाहित्यमा परम्परागत ओखतीमूलो तथा स्वास्थ्योपचारसम्बन्धी असङ्ख्य ज्ञान छिरल्लिएर रहेका छन्। गाउँघरमा एउटा कथन आज पनि प्रचलित छ, आगोले पोलेको घाउलाई आगोले नै सेकाउनु पर्छ। ग्रामीण समाजमा आगोले पोलेको घाउलाई आगोमै सेकाउने चलन आजपर्यन्त छ।

अर्को उखान छ, 'हजार ओखती, एक पहरेज।' यसको आशय हो स्वास्थ्यका लागि प्रतिकूल ठहरिएका चिज नखाँदा हजार ओखती खानुपर्ने बाध्यताबाट बचिन्छ। जडीबुटी र ओखतीमूलोसम्बन्धी मन्त्र तथा श्लोक पनि लोकजीवनमा विद्यमान परम्परागत ज्ञान छिरल्लिएर रहेका छन्।

अचेल कतिपय अस्पतालमा अर्धप्रशिक्षित डाक्टरले उपचार गर्दा अनाहकमा बिरामीको ज्यान गएका कैयौं घटना सतहमा आइरहेका छन्। यसरी कच्चा वैद्य वा अर्धप्रशिक्षिक डाक्टरको फेला पर्दा हुने जनधनको क्षतिको तमाम मर्म र हैरानीलाई एउटै भनाइले प्रस्ट्याएको छ, जुन यस्तो छ, कच्चा वैद्यको मात्रा, यमपुरीको यात्रा।

धनको मुख रातो

जीवनयापन गर्न सबैलाई थोरथोर सम्पत्ति चाहिन्छ। त्यसमा पनि अहिलेको पुँजीवादी अर्थव्यवस्थामा सम्पत्ति नै

जीवनयापन गर्ने र इज्जत–प्रतिष्ठा कमाउने पहिलो आधार नै सम्पत्ति बन्न पुगेको छ। हुन त धन–सम्पत्तिसँगको अगाध मोह पुँजीवादी युगमा मात्र होइन युगौँअघिदेखि नै देखिन्छ। 'धन देखेपछि महादेवको तीन नेत्र' भन्ने उखान यस तथ्यलाई पुष्टि गर्छ।

धनका सन्दर्भमा दुनियाँ अतिशय स्वार्थी देखिन्छ। धनीका अगाडि लम्पसार पर्ने र गरिबलाई हेप्ने चलन नयाँ होइन। धनीसँग अनेकौँ नाता जोडेर चुम्बकझैँ टाँसिन खोज्छन् र धनहीनलाई मृत पशुलाई जुम्राले छोडेझैँ आफन्तजनले पनि त्याग्छन् भन्ने गुनासो यत्रतत्र सर्वत्र सुनिन्छ। त्यसै बनेको होइन 'छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी' भन्ने उखान। यही मर्मसँग साइनो गाँस्ने एउटा लोकगीत प्रचलित छ, सम्पत्तिमा सबैको हाई हाई, विपत्तिमा कोई छैन दाजुभाइ। यस लोकगीतले पनि पूर्ववर्ती अभिव्यक्तिलाई झन् देदीप्यमान बनाएको छ।



धनले जुटाउने र फुटाउने दुवै काम गर्छ भन्ने भनाइ छ। दुनियाँमा धनप्रति असीम मोहले जुट्नेभन्दा फुट्ने प्रवृत्ति बढेको देखिन्छ। धनकै लागि साथीसङ्गी र आफन्तबीच मनमुटाव भई बोलीचाली बन्द भएका असङ्ख्य दृष्टान्त छन्। उखानै छ नि, धनको मुख रातो। धनसम्पत्तिमाथिको मोह झैझगडाको अविरल स्रोत मानिँदै आएको छ। गाउँघरका एउटा चर्चित लोकोक्ति छ, घरमा झगडा नभए कान्छी ल्याउनू, ऋण नलागे जमानी बस्नू।

न्यायको नौ सिङ

सामाजिक न्याय आधुनिक लोकतान्त्रिक समाजको आत्मा हो। लोकतन्त्रमा समाजका सबै वर्ग र समुदायप्रति समान व्यवहार अपेक्षित हुन्छ। यद्यपि सामाजिक न्याय भने निरन्तर डगमगाइरहेको देखिन्छ। न्यायको मन्दिरमै जित्नुपर्ने हारेको र हार्नुपर्नेले जितेको चर्चा समाजमा बाक्लै सुनिन्छ। कानुन जसरी चाह्यो त्यसरी नै अर्थ्याउन सकिन्छ भन्ने कथन छ। त्यसै भनिएको होइन, न्यायको नौ सिङ।

नीरक्षीर विवेक प्रयोग गरी न्याय दिनु न्यायाधिकारीको जिम्मेवारी हो तर न्यायाधिकारीले सही किसिमले न्याय सम्पादन गर्न नसकेको गुनासो चर्कै छ। 'मत्स्य न्याय, चोर चौतारो', 'साधुलाई सुली', 'सानालाई ऐन, ठूलालाई चैन', 'नेपालको कानुन, दैवले जानून्' जस्ता लोकोक्तिले न्यायाधिकारी आफ्नो न्यायिक जिम्मेवारीबाट च्यूत भएको तथ्यलाई मार्मिक तरिकाले प्रतिविम्बित गर्छन्।

अरूको लाख, आमाको काख

प्रकृतिको शाश्वत नियम हो सबैलाई आफ्नै लालाबाला प्यारो र राम्रो लाग्छ। बालीनालीचाहिँ अरूको राम्रो लाग्छ। प्रकृतिले नै आफ्ना लालाबाला प्यारो र राम्रो लाग्ने गुण दिएरै त हो नि उनीहरू प्रेमपूर्वक हुर्किएको र सृष्टि धानिएको। बालीनाली चाहिँ अरूको राम्रो देख्नुमा मानिसमा विद्यमान लोभी वा डाहडे मनोविज्ञान झल्कन्छ सायद। यही पृष्ठभूमिमा 'बालीनाली अर्काको राम्रो, छोराछोरी आफ्नो राम्रो' भन्ने उखान कोरलिएको हुनु पर्छ।

मानव सृष्टिमा आमा सर्वाधिक प्यारो छिन्। त्यसमा पनि लालाबालाका लागि त आमाको महिमा झन् अपरम्पार छ। लालाबालाले आमालाई नै सबथोक ठान्छन्। आमाको महत्त्व झल्कने अनेकन् लोकअभिव्यक्ति छन् 'अरूको लाख, आमाको काख', 'बाउ मरे आधा टुहुरो, आमा मरे सिङ्गै टुहुरो।' यी लोकोक्ति आमाको गरिमा गाथा गाउनका लागि पर्याप्त छन्।

परिवारमा लालाबालाको आगमन हुँदा हर्षपूर्ण वातावरण तयार हुन्छ। खुसियाली छाउँछ। यद्यपि कतिपय परिवारमा छोराको जन्मसँगै विडम्बनापूर्ण र दुर्भाग्यपूर्ण अवस्थाको बिजारोपण हुन्छ। चाटीचाटी हुर्काएको छोरो हुर्केपछि कुलङ्गार निस्क्यो भने घरपरिवार थर्कमान हुनुपर्ने अवस्था आउँछ। कुलङ्गार छोराबाट मातृहत्या तथा पितृहत्यासम्म भएका अनेकन् दृष्टान्त छन्। भनाइ नै छ, जन्म्यो छोरो हर्कमान, हुर्क्यो छोरो थर्कमान।

रुँद, बूँद र झरी

बुढापाकाको मुखबाट सुनिन्थ्यो, पुसको रुँद, माघको बूँद, फागुनको झरी। पुसको महिना एक प्रकारले सूर्य दक्षिणायनको उत्कर्ष हो। त्यसबेला घामको प्रकाश नितान्त मधुरो हुन्छ। त्यसबेला आकाश धुम्मिएको अवस्थामा रहन्छ। लोकसाहित्यका अध्येता डा. हंसपुरे सुवेदीले





उखान सङ्ग्रह– २०६७ मा 'पुसको रुँद' भन्ने शब्दावलीमा आएको 'रुँद' शब्दलाई यसरी अर्थ्याएका छन्, पानी पर्न पर्न आँटेझैँ गरी धुम्मिएको अवस्था। एक अर्थमा पुसमा आकाश धुम्मिनु स्वाभाविकै हो।

वर्षायाम अन्त्य भइसकेकाले माघमा खेतबारी सुक्खा भइसकेको हुन्छ। यसबेला पानीको बूँद अपेक्षित हुन्छ। माघ महिनामा पानीको बूँद देखा पर्नु वा हल्का फुल्का पानी परेमा त्यसले हिउँदेबालीलाई राम्रो गर्छ। माघे झरी झन् राम्रो। खेतीपातीका लागि त फागुनमा झरी हुनै पर्छ। जसबाट बाँझो जमिन खनजोत गरी खेतीपातीका लागि तयारी गर्न सजिलो हुन्छ।

पैँयु, आरु र छोरीबुहारी

'पैँयु फुल्दा माइत जानू, आरु फुल्दा घर फर्कनू।' यस लोकोक्तिले कृषिप्रधान समाजमा घर–माइत गर्ने छोरीबुहारीले पालना गर्नुपर्ने समय–सारिणीबारे बोलेको छ। यसले छोरीबुहारीको नामै उच्चारण नगरिकन तिनले पालना गर्नुपर्ने अलिखित संहिता जारी गरेको देखिन्छ। पैँयु फुल्दा हिउँद सुरु भएको मानिन्छ। जुन तुलनात्मक रूपमा फुर्सदिलो समय हो। अर्कोतर्फ आरु फुल्ने समय खेतीपातीमा समय खर्चनु पर्ने यामको प्रारम्भिक विन्दु हो। जसले व्यस्ततापूर्ण समय आगमन भएको सङ्केत गर्छ। प्रस्तुत लोकोक्तिले फुर्सदिलो समयमा जन्मघर जाने र बेफुर्सदीको समयमा कर्मघर फर्कनुपर्ने छोरीबुहारीको रीत बोल्छ।

धर्मभीरु समाजको तस्बिर

हामीकहाँ एउटा लोकोक्ति छ, बाहुनको मुख चोखो, कुकुरको शिकार चोखो, गाईको मुत चोखो, दमाईंको थुक चोखो, कामीको पानी (पाइन) चोखो।' अचेल हत्तपत्त नसुनिने यो लोकोक्ति कुनै समयमा सर्वव्यापक थियो। यस लोकोक्तिले चोखोनिती र शुद्धीकरणमा विशेष ध्यान दिने धर्मभीरु समाजको स्वभाव र चरित्रलाई मिठो तरिकाले चित्रण गरेको छ।

पण्डितको भूमिकामा रहेका बाहुनले अभक्ष खाएर मुख कुल्ला नगरी गरेको मन्त्रोच्चारण तथा शास्त्रपाठलाई समाजले स्वीकार्छ। सामान्यतया कुकुरले मुख हालेको वा बिटुलो बनाएको खानेकुरा खाइँदैन तर शिकार खेल्दा कुकुरले टोकेको शिकारलाई सबैले कुनै नाटीकुटी नगरी ग्रहण गर्छ। गाईको पिसाबलाई गहुँतका रूपमा प्रयोग हुने चलनसँग हामी कोही पनि अनभिज्ञ छैनौँ।

सूचीकारले सियोमा धागो छिराउँदा सजिलो होस् भनी त्यसमा थुक लगाउँछ। त्यही थुक लगाएको सियो–धागोले तकेको लुगा शुभकार्यमा ठाँटबाँटका साथ लगाइन्छ। आरनमा काम गर्ने शिल्पकारले हँसिया, खुकुरीलगायतका हतियार अर्जाप्दा (पाइन लाउँदा) पानीमा डुबाउँछ। जुन शुद्ध र सफा हुन्छ भन्ने छैन। त्यही हतियार देवकार्य तथा पितृकार्यमा प्रयोग गरिन्छ।

> **भिडको विवेक हुँदैन, उत्तेजित भिडले जे पनि गर्न सक्छ भन्ने सन्दर्भमा हुलमुलमा जिउ जोगाउनू भनाइ आएको हो । विवेकहीन भिडको उन्मादमा परेर समयको अनेकौँ कालखण्डमा कैयौँ निर्दोष मानिसले अङ्गभङ्ग भएको र कतिले त मृत्युवरणसमेत गर्नु परेको वास्तविकता हाम्रो अगाडि छ ।**

नीतिवचन

लोकजीवनमा मानव जीवनलाई नीति–निर्देश गर्ने असङ्ख्य नीतिवचन भेटिन्छन् । 'आगो, पानी र राजा सानो नदेख्नू', 'गुरु मान्नु बुझेर, बिहा गर्नु रोजेर, पानी खानु छानेर, कुरा गर्नु जानेर', 'घाँटी हेरी हाड निल्नू', 'कीराले हीरा बिगार्छ', 'सुन घोटी चिन्नू, मान्छे भेटी चिन्नू' (सुन जाँच्नु कसी, मान्छे जाँच्नु बसी), 'खान पायो भन्दैमा क्वाप्पै नखानू, बस्न पायो भन्दै थ्याँच्चै नबस्नू, बोल्न पायो भन्दैमा प्याच्चै नबोल्नू', 'कान देऊ, कुरा नदेऊ', 'चिन्नू, नचिनाउनू', 'मुर्खलाई अर्ती, जुकालाई सुर्ती बिख हुन्छ', 'सेवा गरे मेवा मिल्छ' आदि ।

यी नीतिवचन आफैँमा प्रस्ट देखिन्छन् । जुन व्यावहारिक जीवनमा उत्तिकै उपयोगी र सान्दर्भिक छन् । युगौँको अनुभवबाट खारिएका यी नीतिवचनले परम्परागत ज्ञान र रैथाने अनुभव–अनुभूतिको खँदिलो पेटारो खोल्छन् ।

हुलमुल, जिउ र बिउ

जनजिब्रोमा अति नै प्रचलित लोकोक्ति छ, हुलमुलमा जिउ जोगाउनू, अनिकालमा बिउ जोगाउनू । भिडको विवेक हुँदैन, उत्तेजित भिडले जे पनि गर्न सक्छ भन्ने सन्दर्भमा हुलमुलमा जिउ जोगाउनू भनाइ आएको हो । विवेकहीन भिडको उन्मादमा परेर समयको अनेकौँ कालखण्डमा कैयौँ निर्दोष मानिसले अङ्गभङ्ग भएको र कतिले त मृत्युवरणसमेत गर्नु परेको वास्तविकता हाम्रो अगाडि छ ।

अब आउँछ, अनिकाल र बिउको कुरा । अनिकालमा भोकको आगो निभाउन बिउ नै मासिने गरी भोक टार्‍यो भने त्यसको नतिजा के होला ? सबैले जानेकै कुरा हो । यसबारे थप व्याख्या–विश्लेषण आवश्यक छैन । अहिले अनिकाल हराउँदै गएको छ तर पनि अनिकालमा बिउ जोगाउनू भन्ने भनाइ झनै सान्दर्भिक हुन गएको छ ।

अचेल आनुवांशिकी परिवर्तन गरिएका बिउबिजन (genetically modified organism, GMO) को साम्राज्य बढ्दै गएको छ । अब किसानसँग बिउ रहने छैन । बिउ पनि बहुराष्ट्रिय कम्पनीसँग किन्नुपर्ने अवस्था आइसकेको छ । यससँगै कतिपय रैथाने बालीनालीको बिउ लोप भइसके । अब रैथाने बिउको अनिकाल लागिसक्यो । अब बचेखुचेका रैथाने बिउलाई कसरी जोगाउने भन्ने यक्ष प्रश्न तेर्सिएको छ ।

'हुलमुलमा जिउ जोगाउनू, अनिकालमा बिउ जोगाउनू' भन्ने लोकोक्ति अहिलेको परिवर्तित सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक छ ।

मनोविज्ञानदेखि कृत्रिम बौद्धिकीसम्म

'आँ गर्दा अलङ्कार बुझ्ने', 'जुँगा चल्यो, कुरा बुझ्यो' जस्ता मानिसको मनोविज्ञानसँग सम्बन्धित उखान प्रचलित छन् । यी उखान कृत्रिम बौद्धिकी (एआई) को युगमा पनि उत्तिकै प्रभावकारी देखिन्छ । अचेल सर्च इन्जिन तथा सोसल मिडियामा प्रयुक्त एआई र एलोरिदम प्रयोगकर्ताले उपभोग गरेका सामग्रीका आधारमा उस्तै प्रकृतिका अरू 'कन्टेन्ट' तुरुन्त उपलब्ध गरिदिन्छ । गुगल सर्च गर्ने क्रममा टाइप गरेका शब्दको हिज्जे पूरा नहुँदै सम्भावित उत्तर स्क्रिनमा आइहाल्छ । मानौँ एआईले हाम्रो मनोविज्ञान बुझेको छ । अतः पुरानो उखान डिजिटल युगमा पनि उत्तिकै सान्दर्भिक हुन पुगेको छ ।

निष्कर्ष

हामी अरू जस्तो बन्न खोजिरहेका छौँ । अरू जस्तो बन्न खोज्दा आफूभित्रै रहेका अमूल्य रत्नलाई भुलिरहेका छौँ, अमूल्य ज्ञान सम्पदालाई बेवास्ता गरिरहेका छौँ । हाम्रो परम्परागत ज्ञानमा आफ्नै विशिष्टता र पहिचान छ । कतिपय विश्वविख्यात अध्येताले परम्परागत ज्ञान र पश्चिमी ज्ञानलाई एकीकृत रूपमा प्रयोग गर्न सकिएमा जलवायु परिवर्तन, जैविक विविधता व्यवस्थापन र सार्वजनिक स्वास्थ्यसम्बन्धी समस्याको दिगो समाधान गर्न सकिन्छ भन्ने तर्क अघि सारेका छन् ।

यस दृष्टिले परम्परागत आधुनिक ज्ञान वैज्ञानिक ज्ञानको परिपूरक बन्न सक्छन् । त्यसैले आधुनिक युगमा पनि परम्परागत ज्ञानलाई जोगाउन अत्यावश्यक छ । यहाँनेर अर्को बिर्सन नहुने कुरा पनि छ परम्परागत ज्ञानलाई जोगाउन लोकसाहित्यलाई जोगाउनु पनि उत्तिकै आवश्यक छ किनभने परम्परागत ज्ञानको असली संवाहक लोकसाहित्य नै हो । ■

पितृलाई बाटो बनाउने माझी



■ केशवराज पौडेल

माझी जाति नेपाल सरकारद्वारा सूचीकृत ५९ आदिवासी जनजातिमध्ये पर्दछ । माछा मार्ने, डुङ्गा खियाउने, मर्चा बनाउने, खेतीपाती गरेर जीविकोपार्जन गर्ने गरेका माझी समुदायका आफ्नै खालका विशिष्ट रीतिरिवाज छन् । जन्मदेखि मृत्यु संस्कारसम्मका कार्यमा माझीहरूको आफ्नो विशिष्ट पहिचान रहेको छ ।

माझी जाति आफ्नो छुट्टै भाषा, धर्म, संस्कार, संस्कृति र परम्परा भएको समुदाय हो । मूलतः सप्तकोशीका सहायक नदीको छेउछाउ तथा मध्य र पूर्वी क्षेत्रका भित्रीमधेश, मधेशमा बसोबास गर्ने माझी जाति अति सीमान्तकृत समूहमा पर्दछ ।

माझी जातिका धेरै चाडपर्व छन्, रीतिरिवाज छन् । मृत्यु संस्कारसँग जोडिएको पितृ कार्यलाई उनीहरूले धुमधामसँग मनाउँछन् । यो कार्यमा मृत्यु भएको व्यक्तिका आफन्तलाई घरमा बोलाउने, घरसम्म ल्याउन बाटो सफा गरिदिने, मिष्ठान भोजन खुवाउने र पुनः उनकै ठाउँमा फिर्ता पुर्‍याउने चलन छ । यो समग्र प्रक्रिया नै माझी समुदायको पितृ बोलाउने कार्य मानिएको छ । यो कर्म ठाउँ अनुसार सात दिन र धेरै केही ठाउँमा भने तीन दिनमा सम्पन्न गरिन्छ ।

झट्ट हेर्दा नेवार समुदायले मनाउने गाईजात्रासँग मिल्दो जस्तो देखिए पनि माझी समुदायको पितृ बोलाउने परम्परा भिन्न रहेको छ । यसले माझी समुदायलाई एकतामा बाँध्ने र मृत्यु भएका आफन्तलाई सम्मान गर्ने परम्पराका रूपमा अघि बढेको छ ।



ठाउँ अनुसार सोह्रश्राद्ध र दशैँमा हुने पितृ कार्यले माझी समुदायमा असोज महिना नै श्रद्धाले भरिएको महिनाका रूपमा लिइन्छ। बर्सातपछि बाढी, खोला कञ्चन र सफा हुँदा मन नै आनन्दित भएसँगै पितृ कार्यले समुदायलाई नै एक ढिक्का बनाउने गरेको छ। परिवारमा कुनै सदस्यको मृत्यु भएपछि चोखो बस्ने, १० दिनसम्म लगातार खोलामा पिण्ड दिएर खोलामै खाना खाएर माझीहरू आउने गर्छन्। नौ दिनमा गाउँका सबैले एक माना चामल लिएर आउने गरेका हुन्छन्। यसलाई मुख्य बिचार भन्ने गरिन्छ। बिचार ल्याउनेलाई जाँड खुवाउनु पर्छ। मानिसको मृत्यु भएको १० दिनमा मलामी, दाजुभाइ, छोरीचेली, गाउँलेले खोलामा गएर नुहाउँछन्। केराको पातमा हालेर दूध, पानी र जाँड चढाउने चलन छ।

मृत्यु भएको ४५ दिन र छ महिनामा विशेष कार्य गर्छन्। १० दिनमा हुने सुध्याइपछि बर्खान्त नगरुञ्जेलसम्म पितृलाई नचढाई आफूले नखाने परम्परा छ।

सोह्रश्राद्धको पूर्णिमापछिको बुधबार सुरु गरेर शुक्रबार समापन हुने र फूलपातीमा सुरु गरेर टीकाको पर्सिपल्ट पितृ कार्य गर्ने पनि छन्। नेपाल माझी उत्थान सङ्घका अध्यक्ष चिनीमाया माझीका अनुसार माझी समुदायले सामूहिक खेती गर्ने, एकै ठाउँमा झुण्ड भएर बस्न रमाउने जाति हो।

माझीले दशैँको जमरे औँशीका दिन ढेके, भोटे, बाहुन, बाहुनीलाई निम्तो दिएर पितृ कार्यका लागि अनुरोध गर्छन्। माझी समुदायबाट नै ढेके, भोटे र बाहुन, बाहुनी बनाइन्छ। पितृ कार्य अवधिभर चोखो खाने, अरूलाई छुन नहुने र पितृ कार्यको सबै बन्दोबस्ती गर्नुपर्ने भएकाले ढेके, भोटे, बाहुन, बाहुनीबाट स्वीकृत भएपछि मात्रै पितृ कार्य सुरु गर्छन्। उनीहरूले एक वर्षमा एक घरको मात्रै पितृ कार्य गर्ने भएकाले उनीहरूको भूमिका निकै महत्त्वपूर्ण हुन्छ।

दशैँको फूलपातीदेखि पितृ कार्य गर्नुपर्ने भएकाले माझीहरूले आवश्यक पर्ने दाउरा, पात ल्याउँछन्।



पितृ बगाउनका लागि भोर्लाको पातबाट खालो (टपरी) गाँस्छन् । खालो गाँस्नेलाई सगुनका रूपमा जाँड, रक्सी, मासु, केरा, चिउरा सम्मानका साथ खुवाउनु पर्ने चलन रहेको छ ।

दाउरा ल्याउँदा सल्लाको र पात सालको ल्याउनु पर्छ तर दुवै वस्तु ल्याउँदा रुखको फेदमा बाबरी, जाँड, अक्षताले पूजा गरेर 'हामीले फलानो पितृ कार्यका लागि लिन आएको' भनेर पूजा गर्नु पर्छ । यो कार्यलाई माझी समुदायमा सोकेर्ने भनिन्छ ।

फूलपातीका दिन बेलुका ढेके (विशेष मन्तर जान्ने र ढोल बजाउने), भोटेले पितृसम्बन्धी गीत बजाएर नाचगान गर्छन् । त्यसलाई पितृ भुलाउने भन्ने गरिन्छ । भोटेले पितृ बोलाउने क्रममा गाउँको सामुदायिक ठाउँमा लगेर पितृ नाच्ने गरिन्छ । हातमा लौरो बोकेर उनीहरू मृतक आफन्तको सम्झनामा नाच्ने गर्छन् ।

पितृको नाममा घोडा, तरबार, लिस्नो, लिङ्गो आवश्यक पर्ने भएकाले सातदेखि आठ जना केटालाई सगुन खुवाएर माझीहरूले जङ्गल पठाउँछन् । केटाहरूले लाठी, काठ, बाबियोको घोडा, अमलाको बोटको तरबार, चार वटा सालको लिङ्गो, एउटा सानो सालको लिस्नो, एक मुठा खरसमेत लिएर आउँछन् । ती सामान ल्याएर खोलाको बगरमा नचाउँछन् । आफन्तको मृत्यु भएकाले यसो गरेर पीडा भुलाउने गर्छन् ।

शिकार खेल्नका लागि ढेके, भोटेले निमतेलको एउटा हाँगा आँगनमा गाडेर तिरले हान्छन् । एउटा केटाले खुकुरीले हानेर निमतेलको हाँगा काटेर भाग्छ । अर्को फर्सी नचाउँदै हिँड्छ । मृतक पुरुष भएमा भाले र महिला भएमा पोथी कुखुरा आवश्यक पर्छ । भोटेले शिकार खेल्दै जाँदा कुखुरा मारेर घर नघाइदिन्छ र सोही कुखुराको मासु पकाएर सबैले खान्छन् ।



नाङ्लोमा जाँड, मासु, फलफूल राखेर नचाउने गरिन्छ । दुई कन्या केटीलाई बाहुनी केटी बनाइन्छ । पितृ नचाउने एउटा सामूहिक ठाउँ हुन्छ । त्यहाँ गाउँभरिका सामूहिक पितृ नाच ल्याउने गरिन्छ ।

त्यहाँ अनेकौँ नाच गरिन्छ । नाच्ने भोटे र खसियाको लडाइँ भएको अभिनय पनि गरिन्छ । सो क्रममा भोटेलाई मारेको अभिनय गर्छन् । उनलाई केरा र चिउरा खुवाउने प्रचलन छ । नचाउने कार्य सकिएपछि सबै जना आफ्नो घरमा जान्छन् । अनि घरमा चार वटा लिङ्गो गाडेर घर जस्तो बनाउँछन् । त्यसमा लिस्नो उल्टो पारेर राख्छन् । लिङ्गो गाडेर बनाइएको घरलाई झिँगटी भनिन्छ ।

झिँगटीमा एउटा चल्ला राखिन्छ र पितृसम्बन्धी गीत गाएर माझीहरू घुम्छन् । युवकयुवती आफ्ना जोडीसँग दोहोरी गाउँछन् । छोरीचेलीले पितृको नाममा चामलको ढिकी जाँतो पनि गर्छन् । पितृ बगाउनका लागि भोर्लाको पातबाट खालो (टपरी) गाँस्छन् । खालो गाँस्नेलाई सगुनका रूपमा जाँड, रक्सी, मासु, केरा, चिउरा सम्मानका साथ खुवाउनु पर्ने चलन रहेको छ ।

पितृ बगाउने दिनको बिहान खालोमा पितृको नाउँमा काटेको पशुको सिङ, खुर, नङ्ग्रा हालेर जहाँबाट बोलाएर ल्याएको हो त्यहाँ ढोल, घण्टी बजाउँदै सुई सुई पार्दै लाने गरिन्छ । घरमा पस्नेले लुक्ने ठाउँमा लिपपोत





गर्छन्। भोटेले पितृ बोलाउँदा बनाएका घर चुलोचम्का भत्काउँदै जान्छन्। ढोल एकोहोरो बजाएर बगाउन जाने गरिन्छ।

नेपालका ६३ जिल्लामा माझी समुदायको बसोबास रहेको छ। २०७८ सालको जनगणना अनुसार माझीको जनसङ्ख्या एक लाख ११ हजार रहेको छ।

एक वर्षमा दिवङ्गत भएका पितृको सम्झनामा माझी समुदायले सो कर्म गर्छन्। आफन्तको मृत्यु भएका परिवारका सदस्यले कुशे औँशीदेखि श्राद्ध गर्न चोखो खाएर बस्नु पर्दछ। सोह्रश्राद्धको पूर्णिमाको दिनबाट श्राद्ध प्रारम्भ हुन्छ। सो दिनबाट एक वर्षसम्म रोकिएको बाजागाजा फुकाइन्छ, पितृलाई प्रसाद चढाइन्छ। प्रसाद चढाउन आफन्त र दाजुभाइ आउँछन्। उनीहरू सबैलाई प्रसादी खुवाएर बिदा गरिन्छ। गाउँका मानिसले ल्याएको प्रसादी र सगुन बाँडिन्छ। साथै भोज लगाएर सबै पाहुनालाई खाना खुवाई बिदा गरिन्छ।

दोस्रो दिन बिहीबार बिहानै बाटो खन्ने काम हुन्छ। पितृलाई स्वर्गको यात्रा सहज होस् भनी बाटो खनिने गरिएको छ। पितृलाई बाटो बनाउने कार्यले गर्दा माझी समुदायले आफ्नो गाउँटोलको बाटो पनि सफा बनाउँछन्। यसले चाडपर्व आगमन भएको आभास हुन्छ।

खोलासमेत सफा गरिन्छ। त्यसपछि खुला ठाउँमा पितृको सम्झनामा पितरा बनाएर नाचगान गरिन्छ। त्यसलाई नै पितृ नाच भन्ने गरिएको छ। पछिल्लो समय पितृ नाच्ने ठाउँमा विकास निर्माणका लागि पोखरी, भवन, शौचालय बन्न थालेपछि माझी समुदाय समस्यामा परेको बताउन थालेका छन्।

पितृलाई प्रसाद र बरनी गरिन्छ। यो कर्ममा छोरी चेलीको विशेष भूमिका रहने माझी उत्थान सङ्घको केन्द्रीय अध्यक्ष चिनीमाया माझीको भनाइ छ।

सो दिन दिनभरि नाचगान गरी भोज लगाइन्छ। भोलिपल्ट बिहानै नदीमा गएर पितरा बगाएर पितृलाई बिदा गरिन्छ र गाउँलेहरू जम्मा भएर भोज गरेपछि श्राद्ध सकिन्छ।

परिवारको सदस्य मृत्यु भएपछि गरिने १० दिनको कर्म भने माझी समुदायको हिन्दु धर्मावलम्बीसँग मिल्दोजुल्दो छ। सामान्य अवस्थामा १० दिनसम्म छोराले कसैलाई नछोई एक भक्ति बस्ने र १० दिनपछि चोखिने परम्परा छ। ■

हसिनाको पलायन युनुसको आगमन







■ रामप्रसाद आचार्य

आरक्षण कोटाविरुद्ध विद्यार्थीले चलाएको आन्दोलनले बङ्गलादेशमा शेख हसिना वाजेदको सरकार ढलेको छ र उनले देश छाडेर भाग्नु पर्‍यो। नोबेल शान्ति पुरस्कार विजेता अर्थशास्त्री मोहम्मद युनुसले हाल बङ्गलादेशमा सरकारको नेतृत्व गरिरहेका छन्।

लामो समय सत्ता चलाएकी शक्तिशाली प्रधानमन्त्री हसिनाको चरम अतिवादी कार्यका कारण उनले सत्ताबाट बहिर्गमन मात्र होइन देशै छाडेर भाग्नु परेको चर्चा भइरहेको छ। उनले देशका लागि गरेका केही राम्रा कामसमेत ओझेलमा परेका छन्।

बङ्गलादेशलाई स्वतन्त्र बनाउने नेता उनका पिता एवं संस्थापक नेता शेख





मुजिबुर रहमान र सैनिक शासनविरुद्ध प्रजातन्त्र स्थापना गर्न हसिनाले गरेको योगदानको अहिले कसैले चर्चासमेत गर्न चाहँदैन। उनीमाथि देशलाई तहसनहस पारेको र विद्यार्थीको हत्या गरेको आरोप लगाइएको छ।

हसिना भारत पलायन

आन्दोलनसामु टिक्न नसकेपछि हसिना राजीनामा दिएर भारत पलायन भइन्। उनले सत्ता त्यागेपछि देशमा प्रदर्शन, हिंसा र विध्वंस रोकिएको छ। पहिले एक कार्यकाल र पछि लगातार चार कार्यकाल गरी पाँचौं कार्यकालमा एकलौटी सत्ता चलाउँदा अनेक खालका बेथितिलाई लिएर उनीविरुद्ध जनआक्रोश चुलियो।

आन्दोलन चरम हिंसात्मक बन्यो। यो आन्दोलनमा चार सय जनाको ज्यान गयो। हसिनाले आन्दोलन दबाउन शक्तिको दुरुपयोग गरेकाले चार सय जनाको ज्यान गएको आरोप लागेको छ।

संसद् भङ्ग

आन्दोलनरत विद्यार्थीको मागलाई सम्बोधन गर्दै राष्ट्रपति मोहम्मद साहबुद्दिनले गत जनवरी ७ मा संसदीय आमनिर्वाचनबाट बनेको संसद् भङ्ग गरेका छन्। उनको आदेश अनुसार नजरबन्दमा रहेकी विपक्षी नेतृ बेगम खालिदा जियालाई रिहा गरिएको छ। राष्ट्रपति साहबुद्दिन र सेना प्रमुख वकर उज जमान दुवैको सहमतिमा नोबेल शान्ति पुरस्कार विजेता अर्थशास्त्री युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन गरिएको छ।

हसिनाको पेलानमा परेर युनुस पेरिसमा बस्दै आएका थिए। अब नयाँ संसद्का लागि छिटो चुनाव गराई मुलुकलाई सहज निकास दिइने सहमति भएको छ। युनुसको सरकारलाई अन्तर्राष्ट्रिय सहयोग र समर्थन प्राप्त हुने विश्वास बढेको छ।



आन्दोलन थेग्न नसक्ने चरणमा पुग्यो। देशव्यापी अनिश्चितकालीन कर्फ्यु लगाएर सेना परिचालन गर्दा समेत आन्दोलन रोकिएन।

अगस्त ५ मा अनियन्त्रित हजारौँको भिडले सरकारी कार्यालयहरू, प्रहरी चौकी र अन्य स्थानमा आक्रमण गर्नुका साथै आगजनीसमेत गरेको थियो। राजधानी ढाकालगायत अन्य शहरमा सैनिक र प्रहरी परिचालन गरिएका थिए। मोबाइल फोन र इन्टरनेटसमेत कैयौँ घण्टा अवरुद्ध गरियो। सोही दिन हिंसामा ठूलो सङ्ख्यामा आन्दोलनकारी मारिएको विवरण आए पनि आधिकारिक तथ्य बाहिर आएको छैन।

अन्ततः जनआक्रोशले आफ्नो र परिवारका सदस्यको ज्यानसमेत जोखिममा परेको ठानी हसिनाले सोही दिन राजीनामा दिई भारत पलायन भइन्। उनको सत्ता ढलेसँगै राजधानी ढाकामा आन्दोलनकारीहरूले खुसी मनाउनुका साथै प्रधानमन्त्रीको सरकारी निवासमा लुटपाट गरे तथा हसिनाका पिता बङ्गलादेशका संस्थापक नेता रहमानको सालिकसमेत तोडफोड गरिदिए।



उत्कर्षमा पुगेको आन्दोलन

सरकारी जागिरमा रहेको विभेद र अन्यायपूर्ण कोटा प्रणालीविरुद्ध विद्यार्थीले दुई महिनादेखि चलाएको आन्दोलनमा चर्को सरकारी दमन भएसँगै आन्दोलन झन् उत्कर्षमा पुग्यो। अगस्त ४ का दिन आन्दोलनमा ९१ जना मारिएपछि प्रधानमन्त्रीको राजीनामा मागसहित चर्केको

आरक्षण कोटा प्रणालीको विरोध

बङ्गलादेशमा विद्यार्थीले लामो समयदेखि कोटा प्रणाली हटाउनुपर्ने माग गर्दै आएका थिए। विद्यार्थीले आन्दोलन गरेपछि हसिना सरकारले सन् २०१८ मा यो प्रणाली हटाएको थियो तर गएको जुन ५ मा ढाका उच्च अदालतले सरकारको निर्णय उल्टाइदियो। यहीँबाट हसिना सरकारको दिनगन्ती सुरु भयो।

सन् १९७१ मा हसिनाका पिता एवं बङ्गलादेशका संस्थापक नेता रहमानको अगुवाइमा पाकिस्तानबाट बङ्गलादेश स्वतन्त्र भएको थियो। देश स्वतन्त्र हुने क्रममा भएको सङ्घर्षमा करिब २५ लाख मानिसको ज्यान गएको थियो। सङ्घर्षमा होमिएका र मारिएका स्वतन्त्रता सेनानीको परिवारलाई सहयोग गर्न सन् १९७१ मा त्यहाँ सरकारी सेवामा ८० प्रतिशत कोटा प्रणाली लागू भयो। स्वतन्त्रता सेनानीका सन्तानलाई जागिरमा ३० प्रतिशत, पिछडिएको जिल्लाका लागि ४० प्रतिशत, महिलाका लागि १० प्रतिशत आरक्षण दिइयो।

सन् २०१८ मा चार महिनासम्म विद्यार्थीले आन्दोलन गरेपछि हसिना सरकारले कोटा प्रणाली नै खारेज गर्‍यो

तर अचानक ढाका उच्च अदालतले गत जुन ५ मा सरकारलाई आरक्षण प्रणाली कायम गर्न आदेश दियो ।

अदालतले सन् २०१८ भन्दा पहिले जसरी आरक्षण मिल्थ्यो त्यसलाई त्यही अनुसार नै लागू गर्न आदेश दिएको थियो । यसबाट सामान्य वर्गका विद्यार्थी भड्किए र सडकमा उत्रिए ।

सैनिक 'कु' मा बचेकी हसिना

सन् १९४७ को सेप्टेम्बर २८ मा जन्मिएकी हसिनाले सन् १९६७ मा वाजेद मियाँसँग बिहे गरिन् । उनका पिता रहमानले सन् १९७१ मा बङ्गलादेशको स्वतन्त्रताका लागि आन्दोलनको नेतृत्व गरे र स्वतन्त्रतापछि उनी प्रधानमन्त्री बने । सन् १९७५ को १५ अगस्तमा सैनिक 'कु' हुँदा ढाकामा रहमान परिवारको हत्या भयो । त्यतिबेला हसिना र उनकी बहिनी पश्चिम जर्मनी भएका कारण बाँचे । भारतका प्रधानमन्त्री इन्दिरा गान्धीको सहयोगमा हसिना सन् १९७५ मा भारत आइन् र छ वर्षसम्म त्यहीँ बसिन् ।

दुई नेतृ मिलेपछि आयो प्रजातन्त्र

सन् १९८१ मा हसिनालाई अवामी लिग पार्टीले अध्यक्ष बनाएसँगै उनी राजनीतिमा सक्रिय भइन् । सुरुका दिनमा उनले बङ्गलादेशमा प्रजातन्त्र स्थापनाका लागि सङ्घर्ष गरिन् । उनले बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) नेतृ तथा पूर्वप्रधानमन्त्री खालिदा जियासँग मिलेर आन्दोलन गरिन् ।

दुई नेतृको अगुवाइमा सन् १९९० मा भएको आन्दोलनले बङ्गलादेशमा हुसेन मोहम्मद इर्सादको सैनिक शासन अन्त्य भई प्रजातन्त्र स्थापना भयो । देशमा प्रजातन्त्र ल्याउन दुई नेतृको योगदानको उच्च मूल्याङ्कन भयो । दुई नेतृ मिलेर प्रजातन्त्र ल्याएपछि मुलुकमा सहमति र मेलमिलापको राजनीतिले स्थान पाउने अपेक्षा गरिएको थियो तर जनअपेक्षा अनुसार काम भएन ।

दुई नेतृबीच सम्बन्ध चिसियो

प्रजातन्त्र स्थापना भएपछिको आमचुनावमार्फत सन् १९९१ देखि जियाले पाँच वर्ष शासन सत्ता चलाइन् । यसबीचमा हसिना र जियाबीचको सम्बन्ध चिसियो । जसका कारण बङ्गलादेशको राजनीति अस्थिर बन्न पुग्यो ।

हसिना भने सन् १९९६ मा चुनाव जितेर पहिलो पटक प्रधानमन्त्री बनिन् । त्यसको पाँच वर्षपछि उनी जियाद्वारा पराजित भइन् । जसका कारण सन् २००१ देखि २००६ सम्म पुनः जिया प्रधानमन्त्री बनिन् । सत्ताको हानथापले दुई नेतृबीचको सम्बन्ध थप बिग्रियो । यो द्वन्द्व राजनीतिक प्रतिस्पर्धामा मात्र सीमित रहेन, प्रतिशोधतर्फ अघि बढ्न थाल्यो ।

दुई नेतृबीचको राजनीतिक प्रतिशोधसँगै विरोध प्रदर्शन, हिंसा र झडपका कारण तोकिएको चुनाव हुन नसकेपछि सेनाले सत्ता हातमा लियो । पछि सेना प्रमुख

मान्छेको जस्तै दाँत भएको माछा



संयुक्त राज्य अमेरिकामा मान्छेको जस्तो दाँत भएको माछा फेला परेको छ ।

नर्थ क्यारोलाइनाको न्याग हेडमा माछा मार्न जाने मानिसमाझ चर्चित जेनेट्स पिएरले मान्छेको जस्तो दाँत भएको माछा सार्वजनिक गरेका हुन् ।

मुखमा बङ्गरासहित दाँतका लहर भएको त्यो माछा सिप्सहेड जातको भएको बताइएको छ ।

झट्ट हेर्दा त्यस माछाको मुख भेडाको मुखजस्तै देखिन्छ । यसैकारण यसको नाम सिप्सहेड राखिएको अनुमान गरिएको छ । त्यहाँ नियमित रूपमा माछा मार्न जाने नेथन मार्टिनले त्यस्तो माछा समातेका हुन् । ■



जनरल मोहिन उद्दिन अहमदले अर्थशास्त्री फकरुद्दिन अहमदलाई प्रमुख सल्लाहकारका रूपमा कामचलाउ सरकारको नेतृत्वको जिम्मा दिए।

लगातार चार कार्यकाल सत्तामा

अहमद नेतृत्वको सरकारले जियालाई भ्रष्टाचार र हसिनालाई जबर्जस्ती असुलीसम्बन्धी मुद्दा लगाएर जेलसमेत हालेको थियो। मुद्दा फिर्ता लिइएपछि हसिना सन् २००८ को जुन र जिया सेप्टेम्बरमा रिहा भइन्। सोही वर्षको डिसेम्बर २९ मा भएको चुनाव अवामी लिगले ठूलो मतले जितेपछि हसिना पुनः प्रधानमन्त्री बनिन्।

सन् २००९ यता उनी लगातार चार पटक सत्तामा रहिन्। विपक्षी र आफ्ना विरोधीलाई दमन गर्दै हसिनाले पछिल्ला चार कार्यकाल एकछत्र शासन गरिन्। उनले राजनीतिक स्थिरता दिएका कारण मुलुकको अर्थतन्त्रमा त सुधार भयो तर आमजनतामा भने निराशा र आक्रोश बढ्दै गयो।

पछिल्लो चार कार्यकालमा त हसिना प्रजातन्त्रवादीबाट तानाशाहीको बाटोमा निरन्तर अघि बढेको भन्दै आलोचना भयो। सन् २०१४ यता जियासहित विपक्षीहरूप्रति हसिना थप कठोर बनिन्। प्रजातन्त्रका नाममा विपक्षी नेता तथा कार्यकर्तालाई हदैसम्म दुःख दिइन्। विपक्षी नेतृ तथा पूर्वप्रधानमन्त्री जियालाई भ्रष्टाचारको मुद्दा लगाएर जेल हालिन्। थुप्रै विपक्षी नेता तथा कार्यकर्ता जेल परे। त्यसैकारण हरेक चुनाव विपक्षीले बहिष्कार गरेपछि उनको एकलौटी भयो।

विपक्षीले बहिष्कार गरेको गत जनवरी ७ मा भएको निर्वाचनमा हसिनाको पार्टीले तीन सय सिटमध्ये २२४ सिट जितेसँगै हसिना पाँचौं पटक प्रधानमन्त्री बनिन् तर यस पटक भने उनलाई सत्तारोहण शुभ भएन। ■

कार जत्रो कछुवाको जीवाश्म



कोलम्बियाको टाटाकोआ मरुभूमिमा ठूलो कछुवाको जीवाश्म भेटिएको छ।

स्टुपेनडेम्स जियोग्राफिक्स प्रजातिका ती कछुवा एक करोड ३० लाखदेखि ७० लाख वर्षअगाडि पृथ्वीमा अस्तित्वमा थिए।

सन् १९७० मा पहिलो पटक यस प्रजातिको कछुवाको जीवाश्म फेला परेको थियो। हाल फेला परेको कछुवाको जीवाश्म पाँच मिटर लामो भएको बताइएको छ।


वैज्ञानिकहरूले यस कछुवाको जीवाश्म एक गोहीको दाँतमा पनि फेला पारेका थिए। ■

महिलाको खेलाडी

कविता भट्ट (भलिबल खेलाडी)



घरेलु कोर्टमा सम्पन्न काभा नेसन्स भलिबल लिगमा नेपाल उपविजेता बन्यो । यस क्रममा नेपालले दक्षिण एसियामा अजय मानिएको भारतविरुद्ध लिगमा ऐतिहासिक जित हात पारेको थियो । जुन महिला भलिबलमा भारतविरुद्ध नेपालको पहिलो जित भयो । यद्यपि नेपाल फाइनलमा भारतसँगै पराजित भएर दोस्रो स्थानमा सीमित बन्यो । प्रतियोगितामा शानदार प्रदर्शन गरेपछि नेपाल महिला भलिबलले भविष्यमा अन्तर्राष्ट्रियस्तरमा ठूलो फड्को मार्ने अपेक्षा गरिँदै छ । नेपाली महिला भलिबलप्रति यस्तो आशा, भरोसा जगाउने एक केन्द्र हुन् कविता भट्ट ।



डेढ वर्षदेखि राष्ट्रिय टिममा नियमित सदस्य कविता मिडल ब्लकर भएर खेल्छिन् । कविता क्विन स्पाइक र सर्भिसमा पनि त्यत्तिकै अब्बल छिन् । डडेलधुरा जिल्लाको भात्काँडाकी बासिन्दा कविताले स्कुल जीवनपछि मात्र भलिबल खेल्न सुरु गरेको थाहा पाउँदा अनौठो लाग्न सक्छ । स्कुलमा छँदा भलिबलबारे कवितालाई खासै ज्ञान थिएन । स्कुलस्तरीय दौडमा भने भाग लिन्थिन् । प्रशिक्षक नरेश थापाले कविताको उचाइ देखेर कवितालाई भलिबल खेल्न सुझाएपछि मात्र उनले भलिबलमा चासो देखाएकी थिइन् ।


प्रशिक्षक थापाले सुझाव मात्र होइन कविताका बुवालाई पनि काठमाडौँमा गएर भलिबल प्रशिक्षणमा राख्नका लागि मनाएका थिए ।

प्रशिक्षक थापासँगै कविताले अहिलेसम्म आफ्नो खेल जीवनको हरेक मोडमा राम्रा मार्गदर्शक भेटाएकी छन् । काठमाडौँ आउनासाथ अहिले राष्ट्रिय टिमका प्रशिक्षक जगदीश भट्टको छत्रछायामा भलिबलका आधारभूत ज्ञान उनले हासिल गरिन् । जगदीशका साथै अर्का प्रशिक्षक लोकेश बुढाको रेखदेखमा कविता चाँडै भलिबलको राम्रो खेलाडी बनिन् । कवितामा उचाइ मात्र होइन भलिबल खेल्ने प्रकृतिपदत्त गुण पनि थियो । त्यसैले कविता चाँडै नै नेपाली सेनाको टिममा पनि परिन् तर सिनियर खेलाडीको जमात भएको टिममा उनले पहिलो रोजाइमा खासै अवसर पाइरहेकी थिइनन् ।

त्यसैले एपिएफकी कप्तान विनिता बुढाथोकीसहित अन्यले कवितालाई म्याच खेल्न पाइन्छ भन्दै आफ्ने टिममा आउन प्रस्ताव राख्दा कविताले नकार्न सकिनन् । कोर्टमा समय बिताउनलाई छट्पटाइरहेकी कविता एपिएफमा पुगिन् । त्यतिबेला आफू मात्र १७ वर्षकी भएकाले सोचविचार नगरी सेनाको टिम छोड्ने निर्णय गरेको तर अहिले आफ्नो निर्णय सही नै भएको जस्तो कवितालाई लाग्छ ।

एपिएफमा पनि प्रशिक्षक ज्ञानेन्द्र विष्ट र महेश चौधरीले कवितालाई राम्रै साथ दिए । २०७५ सालमा एपिएफ पुगेकी कविता अहिलेसम्म सोही क्लबबाट खेलिरहकी छन् । कविता एपिएफ पुगेको पहिलो वर्ष सो क्लब आठ घरेलु प्रतियोगितामध्ये सातमा च्याम्पियन बनेको थियो । कविताले एपिएफमा छ वर्ष बिताउँदा एनभिएबाहेक सबैजसो घरेलु प्रतियोगिता उनले जितेकी छन् ।

एपिएफमा पनि जानासाथ कविताले पहिलो रोजाइमा स्थान पाएकी थिइनन् । नवौँ राष्ट्रिय खेलकुदअघि झापा र चितवनमा भएको प्रतियोगितामा उषा विष्ट घाइते भएपछि कविताले पहिलो पटक सेटमा खेल्ने अवसर पाइन् । त्यसपछि यी दुई प्रतियोगितामा मात्र होइन पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुदमा पनि कविताको उत्कृष्ट प्रदर्शन देख्न पाइयो । राष्ट्रिय खेलकुदमा एपिएफले जितेको स्वर्ण पदकमा कविताको भूमिका निर्णायक थियो ।



घरेलु प्रतियोगितामा लगातार राम्रो प्रदर्शन गरेपछि कविता राष्ट्रिय टिमको बन्द शिविरमा परिन् । दुई पटक बन्द शिविरमा परे पनि कविताले अन्तिम छनोटबाट अगाडि बढ्न सकिनन् । गत वर्ष मात्र कविता तेस्रो पटक राष्ट्रिय टिमको अन्तिम १२ जनामा सामेल हुन सफल भएकी थिइन् । कविताको पहिलो अन्तर्राष्ट्रिय खेल एनएससी काभा महिला भलिबल च्यालेन्ज कप– २०२३ मा बङ्गलादेशविरुद्ध खेलेकी थिइन् । त्यसपछि उनले राष्ट्रिय टिमबाट रुसविरुद्ध दुई खेलको शृङ्खला, होङजाउ एसियाड र हालै भएको काभा नेसन्स महिला लिगमा नेपालको प्रतिनिधित्व गरेकी छन् ।

अहिले कविता सकेसम्म आफ्नो क्षमता बढाएर एपिएफ र राष्ट्रिय टिमलाई योगदान दिन चाहन्छिन् । अझ महिला भलिबलको फ्रेन्चाइज लिग सुरु हुन लागेपछि कविता अझ उत्साहित बनेकी छन् । कवितालाई लाग्छ महिला भलिबल खेलाडीले पनि व्यावसायिक खेलाडीका रूपमा अर्थ आर्जन गर्न सक्ने छन् । नेपालमा पहिलो पटक हुन लागेको महिला भलिबल फ्रेन्चाइज लिग एभरेस्ट महिला भलिबल लिगमा कविता एक लाख रुपियाँमा गण्डकीमा आबद्ध भएकी छन् । ■

–प्रजित शाक्य

पेरिस ओलम्पिक निराश नेपाल





पेरिस ओलम्पिक खेलकुदमा सधैंझैँ नेपालले निराशाजनक प्रदर्शन गरेको छ । पेरिस ओलम्पिकमा सात खेलाडीले भाग लिएकोमा एक जनाले मात्र आफ्नो व्यक्तिगत प्रदर्शनमा सुधारसम्म गर्ने प्रदर्शन गरे बाँकी सबै फितला भए ।



■ सोमराज पोखरेल

यसपालि नेपालले पहिलो पटक टेबलटेनिसमा खेलेको थियो । छनोट चरण पार गरेर स्यान्टु श्रेष्ठले त्यो सफलता पाएका थिए । सन् २००४ को एथेन्स ओलम्पिकमा तेक्वान्दोकका खेलाडीद्वय सङ्गीना वैद्य, सन् २००८ को बेइजिङ ओलम्पिकमा दीपक विष्टपछि ओलम्पिकमा छनोट चरण पार गरेर छानिने स्यान्टु पहिलो नेपाली खेलाडी बने ।

ओलम्पिकमा भने उनले खासै चमत्कार देखाउन सकेनन् । सात खेलाडीमध्ये पौडीबाज एलेक्जेन्डर शाहले चाहिँ आफ्नो राष्ट्रिय कीर्तिमानमा सुधार गरेका छन् ।

त्यस्तै नेपालले ओलम्पिकको ब्याडमिन्टनमा पहिलो पटक सहभागिता जनायो । सन् १९६४ को टोकियो ओलम्पिक (१८ औँ संस्करण) देखि ओलम्पिकमा भाग लिन सुरु गरेको नेपाल पेरिस ओलम्पिक–२०२४ सम्म आइपुग्दा एक संस्करणबाहेक सबैमा निरन्तर सहभागी छ । १९ औँ संस्करणमा नेपाल सहभागी भएको थिएन ।



स्यान्टु श्रेष्ठ, टेबलटेनिस : स्यान्टु श्रेष्ठको पेरिस ओलम्पिक सहभागिता आफैँमा एक इतिहास हो । उनी छनोट चरण पार गरेरै पेरिस ओलम्पिकमा सहभागिता जनाउन पुगेका हुन् ।

पेरिस ओलम्पिकमा उनले खराब प्रदर्शन गरे । स्यान्टु श्रेष्ठ प्रारम्भिक चरणमै पराजित भए । उनी पहिलो चरणको खेलमा सेनेगलका इब्राहिम डिएबसँग ४–० ले पराजित भए । डिएबले १२–१०, ११–३, ११–४, ११–५ को सेटमा सहजै जित हासिल गरेका थिए ।

स्यान्टुले कमजोर प्रदर्शन गरेको भए पनि आफू भने निराश छैनन् । उनी अनुभव बटुल्न पाउनुले आगामी दिनमा ठूला प्रतियोगितामा खेल्दा पनि सफलता हासिल गर्न सकिने विश्वासमा छन् । उनी अस्ट्रेलियाको सिड्नीमा प्रशिक्षण लिएर पेरिस गएका थिए ।

मनिता श्रेष्ठ, जुडो : जुडो खेलाडी मनिता श्रेष्ठ प्रधान महिला ५७ केजीमुनिको तौल समूहमा पहिलो भिडन्तमै पराजित भइन् । इलिमिनेसन राउन्ड अफ ३२ को प्रतिस्पर्धामा 'म्याट' मा एक मिनेट ०२ सेकेन्ड बिताएकी मनिता इप्पोनका आधारमा पराजित भएकी थिइन् । पेरिसको देसाँ डि मार्स एरिनामा भएको खेलमा सर्बियाकी मरिका पेरिसिकले मनितालाई १०–० अङ्कले निराश पारिन् ।



१० वर्षको उमेरदेखि जुडो खेल्न थालेकी २५ वर्षीय मनिताले १२ औँ र १३ औँ दक्षिण एसियाली खेलकुद (साग) मा रजतका साथै अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि पदक जितेकी छन् । मनिताले इन्डोनेसियाको जकार्ता–पालेम्बाङ तथा चीनको हाङजाउमा भएको क्रमशः १८ औँ र १९ औँ एसियाली खेलकुद तथा तीन विश्व जुडो च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गरिसकेकी छन् ।

ओलम्पिक छात्रवृत्ति प्राप्त मनिताले पेरिस ओलम्पिकमा सहभागी हुनुअघि चार अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेकी थिइन् । 'कन्टिनेन्टल क्वालिफिकेसन' कोटाबाट पेरिस ओलम्पिकमा स्थान बनाएकी मनिता समग्रमा ओलम्पिक खेल्ने छैटौँ नेपाली जुडो खेलाडी हुन् ।

मनिताअघि गङ्गाबहादुर डङ्गोल र ऋषिराम प्रधानले सन् १९८८ को सोल ओलम्पिक, देबु थापाले सन् २००८ को बेइजिङ ओलम्पिक, फुपू ल्हामु खत्रीले सन् २०१६ को रियो डी जेनेरियो ओलम्पिक तथा सोनिया भट्टले सन् २०२० को टोकियो ओलम्पिकमा नेपालको प्रतिनिधित्व गरेका थिए । पेरिस ओलम्पिकमा देबुले मनिताको प्रशिक्षकको भूमिका निर्वाह गरेकी थिइन् । ओलम्पिकको जुडोमा नेपालले हासिल गरेको ठूलो उपलब्धि भनेको फुपूले पूरा चार मिनेट समय 'म्याट' मा बिताउनु हो ।

प्रिन्स दाहाल, ब्याडमिन्टन :



ब्याडमिन्टन खेलाडी प्रिन्स दाहालले खासै राम्रो प्रदर्शन गर्न सकेनन् । यद्यपि एकै संस्करणमा तीन खेल खेल्न पाउने खेलाडी चाहिँ भए । ओलम्पिकमा सबैभन्दा बढी खेल खेल्ने नेपाली खेलाडी पूर्वधावक वैकुण्ठ मानन्धर हुन् । उनले १९७२ देखि १९८४ को अवधिमा भएको चार ओलम्पिकमा लगातार सहभागिता जनाएका थिए ।

समूहको लिग चरण भएकाले प्रिन्सले एकै संस्करणमा तीन खेल खेल्न पाए । त्यसबाहेक उनको प्रदर्शनमा खासै ठूलो सुधार आएन । कठिन मानिएको समूह 'पी' मा प्रिन्ससहित चार खेलाडी रहेकोमा प्रिन्स सबै तीन खेलमा पराजित भएका थिए ।

उनलाई ५८ औँ विश्व वरीयताका इजरायलका मिसा जिल्बरम्यानले २१–१२ र २१–१० को सोझो सेटमा पराजित गरे । तीन खेलमा प्रिन्सले दोहोरो अङ्कमा स्कोर गरेको यो नै पहिलो पटक थियो ।

प्रिन्स पहिलो खेलमा विश्वका नम्बर २ खेलाडी डेनमार्कका भिक्टर एक्सेल्सेनसँग २१–८ र २१–६ ले तथा दोस्रो खेलमा विश्व वरीयताको ४३ औँ स्थानमा रहेका

दक्षिण एसिया निराश भयो। दक्षिण एसियाका आठमध्ये छ टिम रित्तै भए। दुई टिमले जसोतसो पदक पाए। नेपाल, श्रीलङ्का, भुटान, माल्दिभ्स, बङ्गलादेश र अफगानिस्तान पदकविहीन भए।

आयरल्यान्डका हात गुयेनसँग २१–७ र २१–५ को सोझो सेटमा पराजित भएका थिए।

पेरिस ओलम्पिकको तयारीका लागि २० वर्षीय प्रिन्सले करिब ४० दिन श्रीलङ्कामा प्रशिक्षण गरेका थिए।

डुवाना लामा, पौडी : पौडी खेलाडी डुवाना लामाले महिला दुई सय मिटर फ्रिस्टायलमा कमजोर प्रदर्शन गरिन्। उनी ३१ खेलाडीमध्ये ३०औँ स्थानमा रहिन्। हङ्गेरीकी निकोलेट पडार 'डिस्क्वालिफाइ' भएकाले डुवानाले ३० औँ स्थान पाएकी हुन्।

डुवानाले पहिलो हिटमा प्रतिस्पर्धा गरेकी थिइन्। हिटमा डुवाना सात खेलाडीमध्ये सातौँ भइन्। डुवानाले निर्धारित दुरी २ मिनेट २०.७४ सेकेन्डमा पूरा गरिन्। यो स्पर्धामा २ मिनेट ११.९४ सेकेन्डको राष्ट्रिय कीर्तिमान दक्षिण एसियाली खेलुकद सागको एकै संस्करणमा चार स्वर्ण पदक जितेकी तथा रियो दी जेनेरियो ओलम्पिकमा सहभागीमध्ये सबैभन्दा कान्छी खेलाडी गौरिका सिंहको नाममा छ।

वाइल्ड कार्डमार्फत पेरिस ओलम्पिकमा स्थान सुरक्षित गरेकी डुवानाले थाइल्यान्डमा अध्ययनसँगै ओलम्पिकको तयारी पनि गरेकी थिइन्।

सन्तोषी श्रेष्ठ, म्याराथन : एथलेटिक्सको महिला म्याराथन विधामा नेपाली धाविका सन्तोषी श्रेष्ठले ७९ औँ स्थान हासिल गरिन्। सन्तोषीले निर्धारित दूरी दुई घण्टा ५५ मिनेट ०६ सेकेन्डमा पूरा गरेकी थिइन्। 'वाइल्ड कार्ड' मार्फत उनले पहिलो पटक ओलम्पिकमा सहभागिता जनाएकी हुन्।

९१ खेलाडी सहभागी म्याराथनमा ८० जनाले मात्र निर्धारित दूरी पूरा गरे। सन्तोषीको व्यक्तिगत उत्कृष्ट समय भने २ घण्टा ४६ मिनेट २३ सेकेन्ड हो। जुन महिला म्याराथनमा नेपाली खेलाडीको कीर्तिमान समय पनि हो। सुरुमा पाँच हजार र १० हजार मिटर दौडमा प्रतिस्पर्धा गर्ने सन्तोषी हाफ म्याराथन हुँदै पूर्ण म्याराथना दौडन थालेकी हुन्। ३१ वर्षीय सन्तोषी नेपालमा सन् २०१९ मा भएको १३ औँ दक्षिण एसियाली खेलकुद (साग) मा १० हजार मिटर दौडकी स्वर्ण पदक विजेता हुन्।



ओलम्पिकको महिला म्याराथनमा नेपालले २८ वर्षपछि सहभागिता जनाएको हो। ओलम्पिकको महिला म्याराथनमा प्रतिस्पर्धा गर्ने सन्तोषी समग्रमा चौथो नेपाली खेलाडी हुन्। यसअघि विमला रानामगरले सन् १९९६ को एटलान्टा ओलम्पिकमा महिला म्याराथनमा भाग लिएकी थिइन्। त्यसअघि सन् १९८८ को सोल ओलम्पिकमा दुई खेलाडी राजकुमारी पाण्डे र मेनुका राउतले यस स्पर्धामा नेपालको प्रतिनिधित्व गरेका थिए।

सुस्मिता नेपाल, सुटिङ : सुटिङ खेलाडी सुस्मिता नेपाल महिला १० मिटर एयर राइफलमा ४२ औँ स्थानमा रहिन्। यस स्पर्धामा ४४ खेलाडी सहभागी थिए।

सुस्मिताले कुल ६५४ अङ्कमा ६०७.८ अङ्क जोडिन्। सुस्मिताले पहिलो सिरिजमा १०४.५, दोस्रोमा १०१.७, तेस्रोमा १००.७, चौथोमा ९९.९, पाँचौँमा १०२.२ र छैटौँमा ९८.२ अङ्क जोडेकी थिइन्।

यो स्पर्धामा सुस्मिताकै नाममा कुल ६१९.१ अङ्कको राष्ट्रिय कीर्तिमान छ।



एलेक्जेन्डर शाह, पौडी : पेरिस ओलम्पिकमा नेपाली पौडीबाज एलेक्जेन्डर (एलेक्स) शाहले मात्र आफ्नो व्यक्तिगत प्रदर्शनमा सुधार गर्न सके। उनले पुरुष एक सय मिटर फ्रिस्टाइलमा नयाँ राष्ट्रिय कीर्तिमान बनाए।

उनले निर्धारित दूरी ५१.९१ सेकेन्डमा पूरा गर्दै आफनै नाममा रहेको कीर्तिमानमा सुधार गरेका हुन्।

उनको नाममा यसअघि ५२.१७ सेकेन्डको कीर्तिमान रहेको थियो। एलेक्स आफ्नो समूहमा आठ जनामध्ये तेस्रो भए भने ७९ जनामा ५९ औँ स्थानमा रहेर बाहिरिए।

एलेक्स अमेरिकामा प्रशिक्षण लिएर पेरिस पुगेका हुन्। उनी अमेरिकामै बसेर पढ्छन्। उनले आफ्नै खर्चमा अभ्यास गरेका थिए।

अन्तिम पदक तालिका

ओलम्पिक खेलकुदको ३३ औँ संस्करण फ्रान्सको पेरिसमा सम्पन्न भएको छ। पेरिस ओलम्पिकमा ३२ खेलका ३२९ स्पर्धामा १० हजार ७१४ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। शरणार्थी टिमसहित २०५ देशमध्ये ९१ देशले पदक जितेका छन्।


नेपालसहितका बाँकी देश रित्तै रहे। ९१ देशमध्ये ६३ देशले स्वर्ण पदक जिते भने अन्य देशले रजत र कांस्यपदकमै चित्त बुझाए।

दक्षिण एसिया निराश भयो। दक्षिण एसियाका आठमध्ये छ टिम रित्तै भए। दुई टिमले जसोतसो पदक पाए। नेपाल, श्रीलङ्का, भुटान, माल्दिभ्स, बङ्गलादेश र अफगानिस्तान पदकविहीन भए। पाकिस्तानले एक स्वर्ण पदक तथा भारतले एक रजत र पाँच कांस्य पदक जित्यो।

देश	स्वर्ण	रजत	कांस्य	जम्मा
अमेरिका	४०	४४	४२	१२६
चीन	४०	२७	२४	९१
जापान	२०	१२	१३	४५
अस्ट्रेलिया	१८	१९	१६	५३
फ्रान्स	१६	२६	२२	६४
नेदरल्यान्ड्स	१५	७	१२	३४
ब्रिटेन	१४	२२	२९	६५
दक्षिण कोरिया	१३	९	१०	३२
इटाली	१२	१३	१५	४०
जर्मनी	१२	१३	८	३३

३४ औँ संस्करण लस एन्जल्समा

ओलम्पिक खेलकुदको ३३ औँ संस्करण फ्रान्सको स्ट्याट डी फ्रान्स स्टेडियममा समापन भयो। समापन समारोहमा ७० हजारभन्दा बढी दर्शकको उपस्थितिबीच पेरिसकी मेयर एनी हिडाल्गोले सन् २०२८ का लागि ३४ औँ संस्करणको आयोजक अमेरिकी शहर लस एन्जल्सका मेयर करेन बासलाई ओलम्पिक झण्डा हस्तान्तरण गरेकी थिइन्। ■



वैज्ञानिक अनुसन्धान अनुसार यदि कुनै वस्तुलाई उत्तरी गोलार्द्धबाट पृथ्वीको केन्द्र भाग हुँदै सोझै खसाल्न सकियो भने दक्षिणी गोलार्द्धमा त्यसलाई पुग्न १९ मिनेट लाग्ने छ। ■

-युवामञ्च

क्यान्सर फोबिया

कुनै घटना वा परिस्थितिको भय वा डरले निकै आत्तिने, छटपटाउने अवस्थालाई फोबिया भनिन्छ। ग्रिक शब्द फोबोस भन्नाले डर भन्ने बुझिन्छ। फोबियाको विभिन्न परिभाषा भए पनि निरन्तरजसो डरले देखाउने प्रतिक्रिया नै फोबिया हो।

आफूमा क्यान्सर विकसित होला कि भन्ने लामो समयदेखिको डर पनि एक खालको फोबिया नै हो। यसलाई कार्सिनोफोबिया पनि भन्ने गरिन्छ। अधिकतर हुने फोबिया खासमा चिन्तासँग सम्बन्धित हुन्छ। आफ्नो स्वास्थ्यप्रति निकै सचेत हुने व्यक्तिलाई चिकित्सा भाषामा हाइपोकोन्ड्रिएक भनिन्छ। आफ्नो स्वास्थ्यप्रति एक हदसम्म सजग हुनु राम्रो कुरा हो तर कुनै स्वास्थ्य अवस्था वा समस्याप्रतिको बढ्ता सजगताले नयाँ स्वास्थ्य समस्या (बढीजसो मनोरोग) निम्तिन बेर लाग्दैन।





प्राडा सुमनराज ताम्राकार

कुनै समय क्यान्सर एक खतरनाक रोगका रूपमा लिइन्थ्यो। त्यसो भएर क्यान्सर रोगीका आफन्तमा फोबिया विकसित हुनु स्वाभाविक नै थियो। नेपालको चिकित्सा क्षेत्रमा पनि उल्लेखनीय प्रगति भइसकेको छ। यस्तो परिस्थितिमा डोरीलाई सर्प मानेर डर मानिराख्नुलाई फोबियाकै रूपमा लिन सकिन्छ। अरू त अरू शिक्षित एवं नयाँ पुस्ता पनि चाहिनेभन्दा बढी नै सजग हुने, त्यसमाथि क्यान्सर विकसित होला कि भन्ने डर मान्ने अथवा डराउने परिस्थितिलाई क्यान्सर फोबिया मान्न सकिन्छ।

सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीले डराउनुपर्ने अवस्था छैन भन्दा पनि फोबियाबाट प्रभावित व्यक्ति निकै डर मानिरहेको हुन्छ।



क्यान्सर विकसित हुनु, नहुनुमा उमेरको पनि उत्तिकै महत्त्व हुन्छ । नेपालमै पनि प्रायः २० देखि ४० वर्ष उमेरका मानिसलाई कुनै पनि क्यान्सर त्यति सारो हुँदैन तर क्यान्सर फोबिया भएकाहरू जुनससुकै उमेरका भए पनि अस्पताल धाइरहेकै हुन्छन् ।

यस्तोमा सामान्य रोग लाग्दा पनि क्यान्सर भयो कि भनेर तनावले व्यक्ति डिप्रेसनको शिकार हुन बेर लाग्दैन। यसरी कार्सिनोफोबियाले व्यक्ति विशेषको दैनिकीलाई नै नकारात्मक असर पुग्ने गरी डराइरहेको हुन्छ। समग्रमा क्यान्सर अस्पताल धाउने करिब २० प्रतिशत मानिस फोबियाकै हुन्छन्। क्यान्सर निको नै नहुने रोग हो जस्तो समाजमा व्याप्त नकारात्मक सोचाइ हामीले त्याग्नु पर्छ। कतिपय अवस्थामा क्यान्सर पूर्णतः निको हुन्छ। कतिपय क्यान्सर सुरुको अवस्थामा पत्ता लागेमा शल्यक्रियाबाट निको पार्न सकिन्छ।

धूमपान गर्नेमा निरन्तर खोकी, खकारमा रगत देखापर्ने, वाकवाकी लाग्ने, बिनाकारण रिङ्गटा लाग्ने, महिनावारी सुकिसकेकी महिलामा फेरि रगत देखा परेमा, रगत मिश्रित गनाउने योनिश्राव बगेमा, पिसाबमा रगत देखा परेमा, दिसामा रगत देखा परेमा, घाँटी वा काखीमा नदुख्ने खालको गिर्खा उत्पन्न हुने, स्तनबाट रक्त मिश्रित श्राव बग्ने क्यान्सरको लक्षण हुन सक्छ।

तर आफ्नो कुनै नराम्रो बानी नभए पनि आफूले गल्ती गरेको महसुस गरेमा पनि फोबिया बढ्ने हुन्छ। जस्तै असुरक्षित यौनसम्पर्क राखेपछि आफूमा एचआइभी लाग्यो कि भनेर घरीघरी रगत जाँच गराइराख्नु पनि फोबिया नै हो। शङ्काको स्थितिमा एक पटक जाँच गराउनु ठिकै हो तर हुँदै नभएको कुरा वा समस्यालाई लिएर चिन्ता पालिराख्नुचाहिँ राम्रो होइन। यही कुरा क्यान्सरको हकमा पनि लागू हुन्छ।

क्यान्सर विकसित हुनु, नहुनुमा उमेरको पनि उत्तिकै महत्त्व हुन्छ। नेपालमै पनि प्रायः २० देखि ४० वर्ष उमेरका मानिसलाई कुनै पनि क्यान्सर त्यति सारो हुँदैन तर क्यान्सर फोबिया भएकाहरू जुनससुकै उमेरका भए पनि अस्पताल धाइरहेकै हुन्छन्। एक खालको क्यान्सर छैन भन्ने निर्क्योल भएपछि अर्कै क्यान्सर भयो कि भनेर जाँच गराउन उनीहरू आउँछन्।

लक्षण

कार्सिनोफोयिबा भएकामा दिक्दारी, चिन्ता, डर, छटपटी, 'प्यानिक एट्याक', बेचैनी हुने हुन्छ। अधिक डरका कारण सास फेर्न गाह्रो हुने, पसिना आउने, मुटुको चाल बढ्ने, चक्कर लाग्ने, वाकवाकी लाग्ने, गर्मी (जिउ तातेको) महसुस हुने, मासंपेशी अररिने, जिउ अररो हुने पनि देखिन्छ।

कतिपय अवस्थामा यी लक्षण यति विघ्न र विषम अवस्थामा पुग्छ कि सामान्य जीवनयापनमा समेत दखल पुग्न थाल्छ। तिनीहरू अवसाद (डिप्रेसन) बाट ग्रसित हुन्छन्। प्रभावित व्यक्ति आफ्नो स्वास्थ्यप्रति एकलकाटे हुन थाल्छ। पटकपटक जँचाइरहन मात्र लागिपरेको हुन्छ। यसबाट आफ्नो नियमित जिम्मेवारी निर्वाह गर्न पनि उसलाई गाह्रो हुन थाल्छ। तिनीहरूले आफ्नो भविष्य अन्योल र अनिश्चय हुन थालेको अनुभूति गर्छन् र आफ्नो भावी योजना बनाउन सक्दैनन्।

समग्रमा उनीहरूको जीवनको गुणस्तरमा नै ह्रास आउँछ। तिनीहरूमा यसैकारण मृत्यु होला कि भन्ने भयानक डर विकसित हुन्छ।

विस्तारै तिनीहरूलाई एक्लोपनाले गाँज्ने, सामाजिक सम्बन्धबाट टाढा बस्न रुचाउने, गम्भीर डर र तनावका कारण निद्रामा समस्या आउने, ध्यान केन्द्रित गर्न तथा चिन्तन मनन गर्न कठिनाइ हुने हुन्छ तर क्यान्सर फोबिया हाइपोकोन्ड्रिएक डिसअर्डर एवं डिल्युजनल सिन्ड्रोमसँग झुक्किन सक्छ। उपचारकै लागि भए पनि यसलाई छुट्याउन आवश्यक छ।



जोखिम समूह

क्यान्सरबाट बाँचेकामा पनि फेरि क्यान्सर दोहोरिएला कि भनेर तिनीहरूमा फोबिया विकसित हुन सक्छ। त्यसैगरी पहिले क्यान्सरको उपचार र निदान प्रक्रियाको समग्रमा अनुभव भएका कारण पनि यस्तो फोबिया देखिने गरेको छ। क्यान्सर निको भएका आधाजसो मानिसमा मध्यमदेखि उच्च डर (फोयिबा) पाइएको छ।

त्यसैगरी आघात वा भयानक घटनाको निकटतम साक्षी बनेकामा पिटिएसडी (पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर) पछि गएर त्यही घटना सम्झना गरी छटपटाउने, त्रसित हुने हुन्छ। यदि पहिले आफ्नै नजिकका, प्रेमी वा आफन्तजन क्यान्सरबाट प्रभावित हुँदा उपचारमा संलग्न भएका वा क्यान्सर कै कारण आफन्तजन गुमाएकामा पनि फोबिया विकसित हुने गरेको छ। अन्य कसैको मृत्यु पनि क्यान्सरकै कारण भएको समाचारले तिनीहरूमा क्यान्सरप्रति डर ह्वात्तै बढ्छ।

उपचार

उपचारको हकमा 'कग्निटिभ बिहेवियरल थेरापी' (प्रभावित व्यक्तिको सोचाइ वा विचारमै परिवर्तन ल्याउने विधि) भनेर प्रभावितलाई मनोसामाजिक उपचार गरिन्छ। अन्य खालको डर वा फोबियामा पनि यस्तै मनोसामाजिक उपचार गरिन्छ।

यसमा तिनीहरूको डर, चिन्ताका विविध पक्षबारे सूचना लिएर तिनीहरूमा परिस्थितिसँग जुझ्न सक्ने भावना विकसित गरिन्छ। त्यसैगरी 'माइन्ड बडी टेक्निक' ले पनि डर हटाउन र डर फोबियाको व्यवस्थापन गर्न सहयोग गर्दछ।

'रिल्याक्सथेरापी' ले डरबाट राहत, मांसपेशी एवं शारीरिक तनावबाट आराम दिलाउन मद्दत पुर्‍याउँछ।



छिटो छिटो सास फेर्ने सिप, योग, ध्यान, कतिपय नृत्य वा नवीनतम क्रियाकलापबाट पनि फोबियाबाट राहत मिल्छ। विभिन्न अनुसन्धानबाट यी 'रिल्याक्सथेरापी' एवं ध्यानयोग विधिले सानोदेखि तात्त्विक परिणाममुखी नतिजा पाइएको छ।

तिनीहरूमध्ये धेरैजसोलाई कुराकानी वा अन्तर्वार्तापछि कतिपय प्रयोगशाला जाँचको सहायताले निको पार्ने उपचार प्रक्रियामा पनि मद्दत पुग्छ। व्यक्ति विशेष अनुसार उपचारको तौरतरिका फरक फरक हुन सक्छ।


सारांश

विडम्बना नै भन्नुपर्छ नसर्ने रोगमध्ये क्यान्सर रोगीको ग्राफ बढ्दो छ। दिगो विकास लक्ष्य, २०३० अनुसार इच्छा भएर पनि वा उच्च प्रविधि र मानव संसाधन सम्पन्न सफल एवं विकसित देशमै पनि क्यान्सरको जोखिम घटाउन सकिएको छैन। त्यसो त पछिल्लो समय चिकित्सा विज्ञानमा भएको प्रगतिका कारण क्यान्सर पत्ता लगाउने वा निदान क्षमता राम्रो भएकाले पनि क्यान्सरका मामिला बढेको गलत बुझाइ विकसित छ।

कतिपय अवस्थामा यसलाई २१ औँ शताब्दीमा मानव मृत्युको मुख्य कारकका रूपमा चित्रण गरिएको छ, जुन बिल्कुलै गलत छ। कतिपय अवस्थामा नामी वा प्रख्यात व्यक्तिको अल्पायुमै मृत्यु वा तिनीहरूमा क्यान्सरको आशङ्का मात्र गरिँदा पनि सञ्चारमाध्यम एवं सामाजिक सञ्जाल तात्ने गरेको छ। यसरी हेर्दा क्यान्सर फोबिया विकसित हुनुमा चिकित्सकको पनि उत्तिकै हात छ। त्यसो भएर चिकित्सकले क्यान्सरबारे प्रभावित व्यक्ति एवं नजिकका आफन्तलाई पहिलोपटक जानकारी कसरी दिने भनेर चिकित्सा क्षेत्रमा ब्रेकिङ ब्याड न्युजको छुट्टै तालिम दिन थालिएको छ। ■

गोलो आकारका फललाई 'प्याकेजिङ' गर्ने समस्या समाधान गर्ने प्रयत्नमा दक्षिण कोरियामा गोलो आकारका फललाई वर्गाकार बनाइएको छ। कोरियालीले प्लास्टिकका चारकुने ढाँचाभित्र राखेर वर्गाकार स्याउ फलाएका छन्।

-युवामञ्च



'रहस्यमय चाहना'



'साइलेन्ट विस्पर्स' सिद्धार्थ आर्ट ग्यालरीमा प्रदर्शित गरिएको यस चित्रको शीर्षक 'एनिग्मेटिक थ्रस्ट' रहस्यमय चाहना राखिएको छ।

चित्रमा देखिन्छ, वृद्ध आमाले आँखीझ्यालमा बसेर कपाल कोर्दै छिन्। चित्रको देब्रेपट्टि नेपाली भित्तेचित्रमा अङ्कित आकृतिलाई पुनर्चित्रण गरिएको छ। यस चित्रमा कलाकारले आफ्नो हजुरबुवाको निधनपछि हजुरआमा शोकमा डुबेको देखाउन खोजेकी छन्। श्रीमान्सँगको सामीप्यको चाहनाको कथा नै यो चित्रले बयान गर्दछ। चित्रमा मानिसको दुई आयामलाई देखाउने प्रयास गरिएको छ, माया र समर्पण। मायाले समर्पणलाई जन्माउँछ। समर्पणले कहिलेकाहीँ मन उद्वेलित बनाउँछ। कहिले फुर्काउँछ, जीवन रङ्गीन बनाउँछ भने कहिले त्यही मायाले जीवन भार लाग्दछ। जीवनको दुई पाटोलाई कलाकारले राम्ररी केलाउन प्रयास यसमा गरेको देख्न सकिन्छ।

चित्र आकार : ४८ x ४८ इन्च
शैली : समसामयिक
माध्यम : एक्रेलिक
वर्ष : सन् २०२४

चित्रको दाहिने भागको सिर्जनामा कलाकारको आफ्नै मौलिकता झल्किन्छ भने देब्रे पाटालाई कलाकारले पुराना कलाकृतिमा रहेका कथालाई जोडेर आफ्नो कथालाई पुनर्कथन गरेकी छन्। तीन चित्र भक्तपुर र ललितपुरमा रहेका भित्तेचित्रको पुनर्चित्रण हुन्। आँखीझ्यालका बुट्टामा र मधुर रङले चित्रलाई पुरानो समयसँग जोड्न मद्दत गरेको छ। यसका अतिरिक्त चित्रको बयन (टेक्स्चर) ले चित्रलाई अझ जीवन्त बनाएको छ। यो चित्रले करुणा र शृङ्गार दुवै रसलाई आफूमा ओढेको छ। दाहिने पाटोमा करुणा र देब्रे पाटोले शृङ्गार रसलाई प्रतिविम्बित गरेको छ। आफ्नी हजुरआमासँगको आत्मीय सम्बन्धलाई कलाकारले कलामा देखाएकी छन्।

कलाकार : मुना भडेल (समसामयिक नेपाली कलाक्षेत्रमा युवा कलाकार हुन्। भावभङ्गीमा, प्रतिस्थापन कलाका साथै नेपाली मौलिक लोककलालाई समेट्ने मुनाले समसामयिक कला विधामा राम्रो दखल राख्छिन्। ■

■ केशवराज खनाल

हुलकुल :	दङ्गा र विद्रोह
जनन :	कुनै पनि प्राणीको जन्म, प्रजनन
जन्ड :	तीक्ष्ण बुद्धिको, धेरै सिपालु
जनखा :	नपुंसक
पाट :	आँगन, घरगोठमा ओछ्याउन मिल्ने चेप्टा ढुङ्गा
पाज :	बदमासी, बच्चाले गर्ने कार्य
पाश :	कुनै किसिमको बन्धन, डोरी
पामर :	अविवेकी, अबुझ
युत :	मिलेको, संयुक्त
जयतु :	जय होस्
याता :	जाने, यात्रु
यैतक :	यतिखेरसम्म
स्यतो :	सेतो
चाम्बा :	उवाको सातु
चडाम्मु :	एकाएक जोडले चड्कन दिने गरी
चाम बोल्नु :	भित्रभित्रै कुरा लुकाएर बोल्नु
भावस्थ :	खास भावमा स्थिर रहेको, भावनामा लीन
विभाव :	कारण, निदान
सुभाव :	राम्रो विचार, असल भाव
अभेडो :	अप्ठ्यारो पर्नु
भवेश :	संसारको मालिक
भुनडो :	रहरलाग्दो, मायालाग्दो

Evolve	विकसित हुनु, देखाउनु
Core	सार, मर्म
Intervention	हस्तक्षेप, व्यवधान
Habitat	प्राकृतिक वासस्थान, आवास
Literally	वस्तुतः, पूर्णतया
Folk	लोक, जनता
Sauce	चटनी, धृष्टता
Unlike	भिन्न, असमान
Cognitive	ज्ञानात्मक, ज्ञानसम्बन्धी
Barely	केवल, मात्र, स्पष्टतया
Artistic	कलात्मक, सुन्दर
Mode	तरिका, विधि
Nevertheless	तैपनि, तथापि
Orientation	अनुकूल, नीति
Radical	मौलिक, उग्र, अतिवादी
Relate	वर्णन गर्नु, सम्बद्ध हुनु
Crucial	निर्णायक, प्रामाणिक
Being	प्राणी, जीवन
Tone	सुर, शब्द, रङ
Variable	परिवर्तनशील, चर, अस्थिर
Instructor	गुरु, प्रशिक्षक, शिक्षक
Glance	झाँकी, झलक

Alternatives for Common Verbs
to Improve Your Writing

Eat → Devour, Consume, Nibble, Munch
Feel → Sense, Perceive, Experience, Detect
Find → Discover, Locate, Unearth, Detect
Get → Obtain, Acquire, Receive, Gain
Give → Donate, Present, Offer, Hand
Help → Assist, Aid, Support, Facilitate
Know → Understand, Comprehend, Grasp, Realize
Look → Gaze, Glance, Peek, Observe
Make → Create, Produce, Construct, Craft
Need → Require, Demand, Cry for, Hurt for

ब्रेन गेम

यस तस्बिरमा तीन शब्द खोज्नुहोस् ?



प्रश्न

+ + =60

+ + =30

+ + = 9

+ + =52


+ x = ?

यस चित्रमा कति अङ्क छन् ?



फलको नाम भन्नुहोस् ।







यस चित्रमा कति जनावर छन् ?



यसमा कति
तस्बिर छन्
पत्ता लगाउनुहोस् ?

अङ्कजाल प्रतियोगिता, असोज-२०८१

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन् । ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोर्‍याई भर्नुपर्नेछ ।
४. समाधान २०८१ कात्तिक १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ । केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन ।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ । दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

	७				८	३		
	१			३			४	२
८			४	५				
५						४		
	६	७				९	३	
		३						७
				४	३			५
६	४			२			८	
		१	८				७	

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान साउन अङ्कको उत्तर

समूह क : १. थियोडोसियस प्रथम २. मेक्सिको सिटी १९६८ ३. सन् १८९४
समूह ख : १. सन् १९०० २. लण्डन ३. हारोल्ड अब्राहम सन् १९२४
समूह ग : १. सन् १९२८ एमस्टर्डयाम ओलम्पिक २. सन् १९०० पेरिस ३. सन् १९९२, बार्सिलोना ओलम्पिक
समूह घ : १. विधान लामा २. वैकुण्ठ मानन्धर ३. सन् १९६४
समूह ङ : १. पुना २. बर्लिन ओलम्पिक सन् १९३६ ३. बेइजिङ ओलम्पिक
समूह च : १. माइकल फेल्प्स २. नादिया कोमानेसी ३. स्टेनोलोजोल
समूह छ : १. युसेन बोल्ट २. डा. जेम्स नेस्मिथ ३. हेरियन

अङ्कजाल साउन अङ्कको उत्तर

गोलाप्रथाद्वारा विजयी

नवीन थापा, साङ्ग्रिला बैङ्क, असन, काठमाडौँ
तीर्थराज अधिकारी, धुम्बाराही, काठमाडौँ

सही जवाफ पठाउने सहभागी :

कृष्णचन्द्र गौतम, सुखीपुर सिराहा, चण्डेश्वरी श्रेष्ठ, बनेपा, शिला श्रेष्ठ, काठमाडौँ, नारायण लघु भक्तपुर, वटुकृष्ण कसपाल, पुतलीसडक, काठमाडौँ, माया रेग्मी, काठमाडौँ, गौरीश्वर रेग्मी, काठमाडौँ, खेमराज घिमिरे कामनपा-९, लक्ष्मण रेग्मी, काठमाडौँ, मदनमोहनलाल श्रेष्ठ घट्टेकुलो काठमाडौँ, असीम श्रेष्ठ, रामेछाप, रत्न शाक्य ललितपुर पुल्चोक, सरोज खतिवडा, मोरङ, निर्मला श्रेष्ठ, विराटनगर, तारा शर्मा अधिकारी, धनकुटा, उमेशकुमार मास्के, विराटनगर, दिवस भट्टराई, काठमाडौँ, उपासना श्रेष्ठ, ललितपुर, शिला अर्याल, नवलुर, अनिता गैरे, गैँडाकोट नवलपुर, रमिता शाक्य, काठमाडौँ, बुद्धिबहादुर दुरा, मध्यनेपाल लमजुङ, आलोककुमार तिवारी वीरगन्ज-२६ बिर्ता, सनिसा महर्जन, पाटन, रोजन चालिसे लालबन्दी, गरिमा भण्डारी, गोरखा, सुन्दर थापा, तनहुँ, प्रज्ञा वज्राचार्य, खुसिबुँ, सहाना श्रेष्ठ, काठमाडौँ, करुणा घिमिरे, काठमाडौँ, प्रविना वज्राचार्य, काठमाडौँ, पशुपति कुमाल, अर्घाखाँची, रमा कुमाल अर्घाखाँची, चन्द्रबहादुर मुखिया, गुल्मी, मोहन कुमाल, अर्घाखाँची, रामप्रसाद उप्रेती, काठमाडौँ, कविता उप्रेती, काठमाडौँ, बुद्धिमान श्रेष्ठ, काठमाडौँ ।

साउन अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

कुमारी निर्मला गिरी, कञ्चनपुर
तारा शर्मा अधिकारी, ज्वालादेवी प्रावि, धनकुटा

सही उत्तर मिलाउने अन्य सहभागी

किशोर बस्याल, चावहिल, खगेन्द्र नाथ, कञ्चनपुर, रत्न शाक्य ललितपुर पुल्चोक, खेमराज घिमिरे कामनपा-९ ।

सामान्य ज्ञान प्रतियोगिता साउनको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	कसम घिमिरे	भरतपुर, चितवन	१००
विजेता	रत्न शाक्य	पुल्चोक, ललितपुर	१००
विजेता	अनिशा शर्मा	दाङ	१००
४	नारायण लघु	भक्तपुर	९८
५	आलोककुमार तिवारी	वीरगन्ज, पर्सा	९७
६	शिला श्रेष्ठ	कुलेश्वर, काठमाडौँ	९७
७	खगेन्द्र नाथ	महेन्द्रनगर, कञ्चनपुर	९६
८	कुमारी निर्मला गिरी	भी.न.पा.-१५, कञ्चनपुर	९६
९	बुद्धिबहादुर दुरा	मध्यनेपाल-६, लमजुङ	९४
१०	कृष्णचन्द्र गौतम	सुखीपुर, सिराहा	९४

अङ्कजाल, कोठेपद र सामान्यज्ञान संयोजकः पुष्पराज जोशी

युवामञ्च कोठेपद प्रतियोगिता, असोज-२०८१

१		२	■	३		४	■	५
	■	६			■	७		
८	९		■	१०			■	
■		■	११		■	१२		
१३	■	१४		■	१५		■	
१६			■	१७		■	१८	■
	■	१९			■	२०		२१
२२			■	२३			■	
	■	२४			■	२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८१ कात्तिक १५ भित्र आइपुग्नुपर्नेछ ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन ।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ । दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

नाम : ....

ठेगाना : ....
....

ठाडो :

१. अमिल्दो, अड्मिल्दो, अप्ठेरो
२. हातका औँला केही कुप्याउँदा बन्ने खोपिल्टो, त्यसको परिमाण वा त्यस्तो नापो
३. नमरेसम्म
४. एक वनस्पति, महत्त्वपूर्ण जडीबुटी
५. पाल्ने (व्यक्ति), पालन गर्ने, पालक
९. कुनै अपराध गरेबापत दिइने सजाय, जरिमाना
११. उखुको रसबाट बनाइने वस्तु, सख्खर
१३. दशैँको पहिलो दिन/नवदुर्गाको पूजाका लागि घडा स्थापना गर्ने दिन
१४. एक शीर्षकको रकम अर्को शीर्षकमा सारी खर्च गर्ने काम/रकमको स्थानान्तरण
१५. जल
१७. नाता पर्ने, साइनो लाग्ने
१८. अचारमा हालिने तिल आदिको धुलो/धुलो अचार
२०. बिचल्ली, दुःखदायी अवस्था
२१. एकथरी जङ्गली भेडो

तेर्सो

१. नफाप्ने/हानि गर्ने
३. सङ्गीतको राग/कुराकानी
६. क्षमता भएको, योग्य
७. किन्ने, बेच्नेका बीचमा कुरा मिलाई नाफा खाने व्यक्ति
८. बोधो, भत्ते
१०. रुपियाँ पैसा
११. अवगुणको विपरीतार्थक शब्द
१२. गाडी हाँक्ने व्यक्ति
१४. छड, डन्डी
१५. घाम, पानी छेक्न प्रयोग गरिने ठूलो कपडा, तम्बु
१६. घाम, बत्ती आदिको चहक
१७. आँखाको पुतली
१९. हात्तीको हेरचाह गर्ने मान्छे
२०. सपनाको उल्टो शब्द
२२. सम्म, तक/किनार
२३. बिहेमा बाबु, आमाले दुलहीलाई दिने धनमाल, दहेज
२४. इच्छा
२५. आफ्नो देशलाई विश्वासघात गर्ने बेइमान, धोकेबाज

कोठेपद प्रतियोगिता, साउन अङ्कको उत्तर

अ	म्म	ल	■	से	वि	का	■	भ्र
म्रि	■	ह	वा	ना	■	लो	फ	र
सो	त	र	■	प	ला	ब	■	ख
■	ट	■	ग	ति	■	आ	गि	र
भ	■	ब	स्ती	■	द	र	■	को
ता	प	ति	■	औ	ही	■		■
व	■	ब	हा	ल	■	ख	ब	र
लै	ह	ना	■	घ	मौ	श	■	मि
म्बी	■	उ	दा	र	■	थौ	ग्य	ता

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : लीला पहाडी
जन्ममिति : २०५४ भदौ ८ गते आइतबार
समय : बिहान ७:०० बजे
ठेगाना : नजरपुर, रौतहट

मेरो राशिको नाम, नक्षत्र, वर्तमान ग्रहदशा, भाग्य, शिक्षा, स्वास्थ्य, कर्म, विवाह र वैदेशिक योगबारे जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

तपाईंको जन्म भरणी नक्षत्रको तेस्रो चरणमा पर्न गएकाले मेष राशि पर्दछ । नामको पहिलो अक्षर लेबाट लेखनाथ यस्तो नाम पर्दछ । साहस, हिम्मत र मनोबल राम्रो छ । सफलताको योग छ । भाग्य बलियो लिएर आएकाले जीवनमा मानसम्मान, पद प्रतिष्ठा राम्रो प्राप्त हुनुका साथै उच्च आर्थिक सफलता प्राप्त हुने छ । सङ्कटा र बाधाअड्चन सकिएका छन् । वर्तमान समयका पिङ्गलाको दशा प्रारम्भ भएको छ । यसले गर्दा मनमा अस्थिरता र दुबिधा बढेको देखिन्छ । जागिरका लागि दुई वर्षभित्रमा मिल्ने राम्रो योग छ । दुई वर्षपछि भाग्योदयको योग रहेकाले मनले सोचेका योजनामा सफलता मिल्दै जाने छ । चिनामा गजकेशरी योग पर्न गएकाले साहस, आत्मबल कहिल्यै कम नहुनुका साथै धनधान्यादिको निरन्तर वृद्धि भएर जाने, विद्या, विनयता राम्रो हुने, सरकारको दानापानी मिल्ने देखिन्छ । स्थिर लग्नमा जन्म भएकाले विदेशभन्दा स्वदेशमा राम्रो सुख सफलता मिल्ने देखिन्छ । शारीरिक आरोग्यता अनुकूल रहनुका साथै दीर्घायुको योग छ । विवाहका लागि पनि दुई वर्ष उप्रान्तको समय राम्रो छ ।

नाम : दिपेश नेपाल
जन्म मिति : २०५९।१।१३
जन्म स्थान : पाटन अस्पताल
जन्म समय : बिहान १०:४५ बजे

कृपया मेरो विद्या, भाग्य, भविष्यका साथै वर्तमान समयका ग्रहदशा के कस्तो चलेका छन् ? बताइदिनु भए आभारी हुने थिएँ ।

तपाईंको जन्मसमयका ग्रहयोगका आधारमा भविष्यमा सफल व्यक्ति बन्ने योग छ । रोहिणी नक्षत्रमा जन्म भएकाले वृष राशि पर्दछ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग छ । शील स्वभाव, आनीबानी जस्ता चारित्रिक गुण राम्रा देखिन्छन् । भाग्य राम्रै भएकाले भविष्य पनि राम्रै हुने देखिन्छ । जन्मकुण्डलीमा गजकेशरी योगसमेत पर्न गएकाले विद्या विनयताका साथै साहस, पराक्रम बढेर जाने, मानसम्मान एवं पद प्रतिष्ठासमेत राम्रो प्राप्त हुने देखिन्छ । साथै तपाईंको जन्मकुण्डलीमा हंसमहापुरुष योगसमेत रहेकाले विशिष्ट व्यक्तित्व बन्ने प्रबल सम्भावना देखाउँछ । वर्तमान समयका ग्रहदशा अनुकूल रहेकाले मनले सोचे आँटेका काममा सफलता मिल्ने देखिन्छ । स्वदेश विदेश चौतर्फी सफलताको समय प्राम्भ भएको छ ।

नाम : रामहरि पौडेल
जन्म मिति : २०५१।११।२५
जन्म स्थान : वनस्थली, काठमाडौँ
जन्म समय : प्रातः १०:५४ मिनेट

कृपया मेरो जन्मराशि, नाम नक्षत्र, विद्या, आयु आरोग्य, भविष्य एवं भाग्य के कस्तो देखिन्छ ? बताइदिनुहुन अनुरोध गर्दछु ।

प्राप्त जन्मसमयका आधारमा तपाईंको जन्म आर्द्रा नक्षत्रको प्रथम चरणमा भएकाले कु अक्षरबाट नाम निस्कन्छ भने राशि मिथुन पर्दछ । जन्म नक्षत्र अनुसार तपाईं शान्त अनि भलाद्मी स्वभावको भाग्यमानी हुनुहुन्छ । चारित्रिक गुण राम्रा छन् साथै धार्मिक स्वभावको बनाउँछ । आर्थिक पक्षले जीवन सम्पन्न हुने योग छ । भाग्य राम्रो भएकाले भविष्यमा मानसम्मान, पद प्रतिष्ठा राम्रो मिल्नुका साथै सफलताको शिखरमा पुग्ने ग्रहयोग छ । वर्तमान समयमा भ्रामरी दशा चलेकाले मानसिक अस्थिरता एवं दुबिधा बढेको देखिन्छ । साथै विदेश यात्राको योग बनेको छ । वर्तमान समयका ग्रहदशाका कारण पढाइमा सामान्य बाधाअड्चन आइपर्ने देखिएकाले सफलताका लागि बढी नै परिश्रम गर्नुपर्ने छ । जागिरका लागि २९ वर्ष उप्रान्तको समय राम्रो छ ।

नाम : रमण अधिकारी
जन्म मिति : २०७८।६।५ गते
जन्मसमय : बिहान ११:२६
जन्मस्थान : बर्दिया

मेरो छोराको नाम नक्षत्र, जन्मराशि, आयु, आरोग्य, भाग्य, भविष्य एवं वर्तमान समयका ग्रहदशा के कस्ता छन् ? कृपया बताइदिनुहोला ।

छोराको जन्म उत्तराभाद्रपदा नक्षत्रको तेस्रो चरणमा भएकाले झ अक्षरबाट नाम निस्कन्छ भने जन्मराशि मीन पर्दछ । चिनामा अत्यन्त राम्रा ग्रहयोग बनेका छन् । भविष्यमा स्पष्ट वक्ता, सुखी, धार्मिक र प्रतिष्ठित व्यक्ति बन्ने ग्रहयोग छ । जन्मकुण्डलीमा विद्याका लागि राम्रो योग रहेकाले विद्यामा पारङ्गत बनाउने देखिन्छ । मातापिताका आज्ञाकारी, भक्त र असल सेवक बन्ने ग्रहयोग छ । शारीरिक आरोग्यता अनुकूल रहनुका साथै दीर्घायुको योग छ । भविष्यमा आर्थिक सफलता राम्रो प्राप्त हुने छ । वर्तमान समयमा चलेको उल्का दशाका कारण सामान्य अस्वस्थताका साथै सानोतिनो चोटपटक लाग्न सक्ने देखिएकाले विशेष ख्याल पुऱ्याउनुपर्ने समय छ ।

@)*! ;fn c;f]h dlxgfsf] /flzkmn

◆ ज्यो. हरिप्रसाद पौडेल



मेष सफलताको महिना रहेको छ। उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाने छ। आँटेका काममा महत्त्वपूर्ण सफलता हात पर्ला। शारीरिक एवं मानसिक आरोग्यता अनुकूल रहने छ। सन्तानको चिन्ताले केही पिरोल्ने छ। दाम्पत्य सम्बन्धमा विश्वासको अभाव देखा पर्छ। विवादमा विजय, प्रतिस्पर्धामा सफलता प्राप्त होला। आकस्मिक यात्रा एवं मनोरञ्जनका अवसर मिल्ने छन्। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। महिनाको पूर्वार्धमा सामान्य खर्च वृद्धिको योग छ भने उत्तरार्धमा धनागमका साथै हर्ष आनन्दका अवसर मिल्ने छन्।

वृष शारीरिक परिश्रमका साथै मानसिक ताप केही बढेर जाने छ। आरोग्यता अनुकूल रहने छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्नेछन्। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही ज्यादा पर्न जाने छ। स्थान परिवर्तन एवं रमाइलो यात्राको सम्भावना छ। धार्मिक कार्यका साथै सामाजिक कार्यमा समेत अभिरुचि लाग्ने छ। पारिवारिक भेटघाटका साथै मनोरञ्जनका अवसर मिल्ने छन्। आर्थिक पक्षका काममा सफलता मिल्ने छ।

मिथुन शारीरिक परिश्रमका साथै मानसिक ताप केही बढेर जाला। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। यात्रा एवं स्थान परिवर्तनको योग छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। अनावश्यक विवादमा पार्न सक्ने योग रहेकाले बोलीवचनमा विचार पुर्‍याउनुपर्ने छ। महिनाको पूर्वार्धमा खर्चको मात्रा बढेर जाने छ भने उत्तरार्धमा धनागम, रमाइलो भेटघाट, पारिवारिक सुखका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

कर्कट उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाने छ। मनले सोचेका योजनामा सफलता मिल्ने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता बढेर जाला। आर्थिक पक्षका कामबाट राम्रो सफलता मिल्ने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा सफलता मिल्ने छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। विवादमा विजय मिल्नुका साथै प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्ने छ। लक्ष्मीको अनुग्रह रहनाले यथेष्ट आर्थिक लाभ गराउने छ। रमाइलो भेटघाटका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

सिंह मध्यम सफलताको महिना छ। शारीरिक आरोग्यता अनुकूल रहने छ। घरायसी खर्चको मात्रा बढेर जानाले व्यवहार चलाउन केही कठिनाइ हुन सक्छ। लेनदेनसम्बन्धी आर्थिक कारोबारमा हानिनोक्सानीको सम्भावना रहेकाले सावधानी अपनाउनुपर्ने देखिन्छ। महिनाको उत्तरार्धमा आकस्मिक यात्राका साथै मनोरञ्जनका अवसरह मिल्ने छन्। साथीभाइ एवं इष्टमित्रसँगको भेटघाटले मन रमाउने छ। महिनाको पूर्वार्धमा खर्चको मात्रा बढेर गए पनि उत्तरार्धमा धनागम एवं सफलताको अवसर प्राप्त हुने देखिन्छ।

कन्या सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुर्‍याउनुपर्ने देखिन्छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्ने छ। आँटेको काममा अनायासै नसोचेका समस्या आइपर्ने छन् । बोलीका कारणले विवादमा पार्न सक्ने योग रहेकाले बोलीचालीमा विचार पुर्‍याउनुपर्ने देखिन्छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा लागेको अभिरुचि यथावत् रहने छ। महिनाको पूर्वार्धमा खर्च वृद्धिको योग रहे पनि उत्तरार्धमा धनागम एवं हर्ष आनन्दका अवसर मिल्ने छन्।

तुला मध्यम सफलताको महिना छ। यात्रा एवं स्थान परिवर्तनको योग छ। सामान्य शारीरिक अस्वस्थताका साथै मानसिक ताप बढेर जाने देखिन्छ। भाग्यले साथ दिनाले आँटे ताकेका काममा सफलता मिल्ने छ। घरायसी खर्चको मात्रा बढेर जानुका साथै सन्तान एवं परिवारको चिन्ताले केही पिरोल्ने छ। महिनाको उत्तरार्धमा धार्मिक एवं सामाजिक कार्यमा सहभागी हुनुपर्ने देखिन्छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्।

वृश्चिक सफलताको महिना रहेको छ। मनले सोचेका योजनामा सफलता प्राप्त होला। नयाँ धनागमका अवसर मिल्नाले आर्थिक पक्ष बलियो भएर जाने छ। सामाजिक एवं धार्मिक कार्यमा अभिरुचि लाग्ने छ। उच्च मनोबलका

साथ कार्यक्षमतामा उल्लेख्य प्रगति भएर जाने छ । विवाद एवं प्रतिस्पर्धामा सफलता मिल्ने छ । मानसम्मानका साथै पद प्रतिष्ठा बढ्ने सम्भावना छ । रमाइलो पारिवारिक वातावरणको अवसर मिल्ने छ । रमाइलो ठाउँको यात्राका साथै मनोरञ्जनका अवसर मिल्ने छन् ।

धनु उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य बढोत्तरी भएर जाने छ । मनले सोचेका योजनामा सफलता मिल्ने छ । आर्थिक पक्षका काममा महत्त्वपूर्ण सफलता प्राप्त होला । कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाला । शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ । भाग्यले साथ दिनाले आँटे ताकेका काममा सफलता मिल्ने छ । धार्मिक एवं सामाजिक कार्यमा मन लाग्ने छ । महिनाको पूर्वार्धमा काममा खर्च वृद्धि गराउने देखिए पनि उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन् ।

मकर कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्ने छ । मनले सोचेका योजनामा अनावश्यक बाधाअड्चन एवं ढिलासुस्ती गराउने देखिन्छ । परिवारमा धार्मिक एवं माङ्गलिक शुभकार्यको आयोजना हुने छ । खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति आइपर्न सक्ने छ । सामान्य विवादमा पार्न सक्ने योग रहेकाले बोलीचालीमा विचार पुऱ्याउनु पर्ला । दाम्पत्य सम्बन्धमा विश्वासको अभाव हुन सक्ने देखिन्छ । पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ । महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन् ।

कुम्भ यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्नेछ । सामान्य शारीरिक अस्वस्थताको योग रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ने छ । कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी पर्ने छ । घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति आइपर्ने छ । धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ । पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा बाधाअड्चन आइपर्ने छन् । महिनाको उत्तरार्धमा रमाइलो ठाउँको यात्रा, आफन्तजनसँगको भेटघाट एवं मनोरञ्जनका अवसर मिल्ने छन् ।

मीन यात्रा एवं स्थान परिवर्तनको योग छ । शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ । आर्थिक पक्षका कामबाट राम्रै लाभ प्राप्त होला । कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाने देखिन्छ । प्रतिस्पर्धामा सफलता मिल्ने छ । दाम्पत्य सम्बन्धमा मिठासको अनुभूति होला । धर्म कर्मका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि उत्पन्न हुने छ । पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन् । महिनाको उत्तरार्धमा हर्ष, आनन्द एवं मनोञ्जनका अवसर मिल्ने छन् ।

आश्विन महिनाका महत्त्वपूर्ण तिथिपर्वहरू :
२ गतेबाट सोह्रश्राद्ध प्रारम्भ ।
१२ गते इन्दिरा एकादशी व्रत ।
१६ गते जमरे औँशी ।
१७ गते घटस्थापना ।
२४ गते महासप्तमी फूलपाती ।
२६ गते विजया दशमी (दशैँ) ।
३० गते कोजाग्रत पूर्णिमा व्रत ।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....
जन्म स्थान : .... जन्म मिति : ....
जन्म बार : ....
जन्म समय : .... ठेगाना : ....
प्रश्न : ....

जन्म समय अनिवार्य छ ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला । तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ ।

सामान्यज्ञान प्रतियोगिता असोज २०८१

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङ्क प्राप्त हुनेछ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

युवामञ्चको २०८१ मदौको अङ्कमा यी प्रश्नको उत्तर खोज्न सकिन्छ ।

समूह (क), कुल अङ्क भार– ६

१. नेपालमा पहिलो पटक (२०१४ सालमा) कसको व्यङ्ग्य चित्र प्रकाशित भएको थियो ? [१]
२) कुलुङ जातिको उद्गम भएको ठाउँ कुन हो ? [३]
३) चीनबाट भित्रिएको इटालीको लोकप्रिय खाना के हो ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) क्यासिनो र युधिष्ठिर कथासङ्ग्रहका सर्जक को हुन् ? [३]
२) एसियाली खेलकुदको १९ औँ संस्करण कहाँ र कहिले भएको थियो ? [३]
३) कुन प्राणीको दृष्टिले पराबैजनी किरण पनि पत्ता लगाउन सक्छ ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) जनश्रुतिमा आधारित वंशावली अनुसार किराँत इङ्वाका १० भाइ छोरामध्ये कान्छो थाङ्दावाका जेठा छोरा धिकोम्पाका सन्तान भनेर कुन जातिलाई चिनिन्छ ? [५]
२) सिएफसी अर्थात् 'क्लोरोफ्लोरोकार्बन' ग्यास खोज गर्ने वैज्ञानिक को हुन् ? [३]
३) समुद्रको एक मिलिमिटर पानीमा कति ब्याक्टेरिया र भाइरस रहेको हुन्छ ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) १८० डिग्रीमा टाउको अगाडिबाट पछाडितिर घुमाउन सक्ने जन्तु कुन हो ? [७]
२) वाल स्ट्रिट जर्नल, सन र टाइम्स जस्ता पत्रपत्रिका प्रकाशन गर्ने संस्था न्युज कर्पोरेसनका मानार्थ अध्यक्ष को हुनुहुन्छ ? [३]
३) बालबालिकामा कुन प्रकारको क्यान्सर बढी देखिएको छ ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नेकपा (एमाले) का अध्यक्ष एवं प्रतिनिधि सभा सदस्य केपी शर्मा ओलीलाई कहिले प्रधानमन्त्री नियुक्त गरियो ? [६]
२) धानमा हावा लगाउने सानो मान्द्रोलाई के भनिन्छ ? [६]
३) अन्तरिक्षमा एक हजार दिन बिताउने विश्वकै पहिलो व्यक्ति को हुन् ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) कोपा अमेरिका फुटबलको उपाधि सबभन्दा धेरै पटक जित्ने राष्ट्र कुन हो ? [६]
२) नेपाली टेबलटेनिसलाई पहिलो पटक ओलम्पिकमा पुऱ्याउने खेलाडी को हुन् ? [६]
३) ग्रिसेली इतिहासकार हेरोडोटसलाई अर्को के नामले चिनिन्छ ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) मेक्सिकोमा पहिलो पटक निर्वाचित महिला राष्ट्रपति को हुन् ? [८]
२) सन् १९५७ मा निर्माण गरिएको हिमालय(न) अवेकिङ वृत्तचित्रका निर्देशक तथा निर्माता को हुन् ? [६]
३) विश्वमै धेरै पटक रक्तदान गर्ने व्यक्ति को हुन् ? [८]

साउन अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८१ कात्तिक १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८१ साल असोजको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]
२) .... [३]
३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]
२) .... [३]
३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]
२) .... [३]
३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]
२) .... [३]
३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]
२) .... [६]
३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]
२) .... [६]
३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]
२) .... [६]
३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८१ साउन १ देखि ३२ गतेसम्मका राष्ट्रिय घटना

साउन १ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सङ्घीय संसद्को दुवै सदनबाट पारित तीन विधेयक आर्थिक विधेयक, २०८१, राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र भन्सार महसुल विधेयक, २०८१ प्रमाणीकरण ।

साउन ३ गते : प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख राजनीतिक सल्लाहकारमा विष्णु रिमाल र आर्थिक सल्लाहकारमा डा. युवराज खतिवडा नियुक्त ।

साउन ५ गते : नेपाली कांग्रेस संसदीय दलको मुख्य सचेतकमा श्यामकुमार घिमिरे नियुक्त ।

साउन ६ गते : प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रतिनिधि सभामा दुई तिहाइ बहुमतसहित विश्वासको मत प्राप्त ।

साउन ८ गते : बागमती प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिंह लामा (तामाङ) नियुक्त ।

साउन ९ गते : काठमाडौँबाट पोखराका लागि उडेको सौर्य एयरको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल छेउमै दुर्घटना हुँदा १८ जनाको मृत्यु ।

साउन १० गते : निजामती सेवाको उच्च पदमा पहिलो पटक महिला (मुख्यसचिव) लीलादेवी गड्तौला नियुक्त ।

साउन १३ गते : मुद्दा चलेको दुई दशकपछि पूर्वमन्त्री गोविन्दराज जोशी भ्रष्टाचार मुद्दामा अन्तिम अदालतबाट दोषी ठहर ।

– अन्तःशुल्क स्टिकर छपाइ प्रकरणमा अनियमितताको आरोप लागेका निलम्बित मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई विशेष अदालतद्वारा धरौटीमा रिहाको आदेश ।

साउन १६ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा बागमती प्रदेश प्रमुखमा दीपकप्रसाद देवकोटा, लुम्बिनी प्रदेश प्रमुखमा कृष्णबहादुर घर्तीमगर र कर्णाली प्रदेश प्रमुखमा यज्ञराज जोशी नियुक्त ।

साउन १८ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीमा अरुणकुमार चौधरी, वन तथा वातावरण राज्यमन्त्रीमा रूपा विक र ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्रीमा पूर्णबहादुर तामाङ नियुक्त ।

साउन २० गते : नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाह दोस्रो पटक सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्त ।

साउन २१ गते : कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलद्वारा दोस्रो पटक विश्वासको मत प्राप्त ।

साउन २३ गते : काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेको तीन मिनेटमै एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटनामा पाँच जनाको मृत्यु ।

साउन २९ गते : नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहमा संलग्न रहेको अभियोगमा पक्राउ परेका वेचन झाविरुद्ध काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर ।

साउन ३० गते : बेपत्ता पारिएका व्यक्तिको खोजबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयक प्रतिनिधि सभाबाट पारित ।

साउन ३१ गते : अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा प्रदेश नम्बर २ का आन्तरिक मामिला तथा कानुन मन्त्रालयका तत्कालीन उपसचिव अवधिकिशोरप्रसाद कुशवाहासहित छ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर । ▪

– सरस्वती खत्री, क्षेत्री